# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ७, अङ्क २९, पूर्णाङ्क २९९ | २०७८ माघ २६ गते बुधबार | Wednesday, 2 Feb 2022 | www.eratokhabar.com | मूल्य रु. १०


## महासचिव विप्लवद्वारा नन्दी बास्तोलाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले पार्टी केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' की कान्छी आमा नन्दी बास्तोलाप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गरेका छन् ।

महासचिव विप्लवले शोक वक्तव्य जारी गर्दै पार्टी सचिवालय सदस्य कञ्चन, उनका बुबा सामाजिक व्यक्तित्व मोतीराम बास्तोलालगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना पनि व्यक्त गरेका छन् ।

शोक वक्तव्यमा महासचिव विप्लवले भनेका छन्, 'हाम्रो महान् तथा जनप्रिय पार्टीका केन्द्रीय सचिवालय सदस्य क. धर्मेन्द्र बास्तोला 'कञ्चन' का बुबा सामाजिक व्यक्तित्व मोतीराम बास्तोलाकी जीवनसँगिनी, क कञ्चनकी कान्छीआमा नन्दी बास्तोलाको ६६ वर्षको उमेरमा २०७८ माघ २० गते साँझ आफ्नै घर पञ्चपुरी ... बाँकी पृष्ठ ७ मा

# राष्ट्रघाती एमसीसीविरुद्ध भोलि संसद् भवनअगाडि प्रदर्शन

### एमसीसी पारित गर्ने प्रतिबद्धतासहित देउवा र प्रचण्डले गोप्य पत्र लेखेको खुलासा, देशभर दुवैजनाको पुतला जलाइयो

■ **रातोखबर संवाददाता** / काठमाडौं

राष्ट्रघाती अमेरिकी परियोजना एमसीसीविरुद्ध नेपालका देशभक्त शक्तिहरू फेरि निर्णायक आन्दोलन र सङ्घर्षमा जुटेका छन् । संसदवादी पाँचदलीय गठबन्धनका प्रधानमन्त्री शेरबहादुर देउवा र उक्त गठबन्धनको एक दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले एमसीसीलाई लेखेको गोप्य पत्र सार्वजनिक भएसँगै देशभक्त तथा क्रान्तिकारी जनमत त्यसको प्रतिरोधका लागि सडकमा उत्रिएको छ । देउवासँगै प्रचण्डका पनि पुतलाहरू जलाइएका छन् । देउवा र प्रचण्डलाई एकसाथ राष्ट्रघातीको पगरी भिराएर मुर्दावादको नारा लगाइएको छ । यसअघि प्रचण्डले एमसीसीलाई आफूले कुनै पनि पत्र नलेखेको दाबी गर्दै आएका थिए । उक्त पत्रबारे खुलासा भएपछि प्रचण्डले गठबन्धन जोगाउन पत्र लेखिएको भन्दै लज्जास्पद अभिव्यक्ति दिएका छन् । पत्र खुला भएपछि उनले फेरि लाज पचाएर चुनावपछि मात्र एमसीसीबारे छलफल गर्नुपर्ने सुझाव पनि अघि



सारेका छन् । उक्त संयुक्त गोप्य पत्रमा प्रचण्ड र देउवाले एमसीसी पारित हुने तर त्यसका लागि वातावरण बनाउन केही महिना थप गर्नुपर्ने प्रस्ताव गरेको पनि खुलेको छ ।

यसैबीच एमसीसी सम्झौतालगायत राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा संयुक्त रूपमा आन्दोलन गर्दै आएका नेकपासहित ६ दल र दुई मोर्चाले मङ्गलबार काठमाडौं उपत्यकालगायत लदेशभर कोणसभा आयोजना ... बाँकी पृष्ठ ७ मा

## महासचिवद्वारा मोतीलाल घर्तीप्रति हार्दिक श्रद्धाञ्जली प्रकट

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले नेकपा केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगर 'विषम' की जीवनसँगिनी हरिकला घर्तीका बुबा मोतीलाल घर्तीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेका छन् ।

महासचिव विप्लवले शोक वक्तव्य जारी गर्दै भनेका छन्, 'हाम्रो महान् तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य क. सन्तोष बुढामगर 'विषम' की जीवनसँगिनी नेकपाकी पार्टी सदस्य क. हरिकला घर्तीका बुबा मुसीकोट नपा वडा नं ९, हिल, पश्चिम रुकुम निवासी ९३ वर्षीय ... बाँकी पृष्ठ ७ मा

## पार्टी हितविपरीत कार्य नगर्न नेकपा अन्तर्राष्ट्रिय विभागको चेतावनी

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभागले प्रेस विज्ञप्ति जारी गरी नेकपा अन्तर्राष्ट्रिय विभागको लेटरहेड, इन्चार्जको हस्ताक्षर र अन्तर्राष्ट्रिय विभागको छाप नक्कल गरी पार्टी हितविपरीत भ्रामक प्रचार गरेको भन्दै त्यसप्रकारका गलत क्रियाकलाप नगर्न चेतावनी दिएको छ ।

अन्तर्राष्ट्रिय विभागका कार्यालय सचिव विप्रमाले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा यही माघ १४ गते नक्कली लेटरहेड र छाप प्रयोग गरी रमेश गिरीका ... बाँकी पृष्ठ ७ मा

# राष्ट्रघाती एमसीसी पक्षधरहरूप्रति नेकपाको कडा चेतावनी

### एमसीसी पूर्ण रूपमा खारेज नभएसम्म आन्दोलन अघि बढाऊँ : कञ्चन

■ **रातोखबर संवाददाता** / काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभागका इन्चार्ज धर्मेन्द्र बास्तोला 'कञ्चन' ले एमसीसी सम्पूर्ण रूपले राष्ट्रघाती परियोजना भएकाले यसको पूर्ण खारेजीका लागि आन्दोलित भइरहन आह्वान गरेका छन् । नेकपाका केन्द्रीय सचिवालय सदस्य कञ्चनले प्रेस वक्तव्य जारी गर्दै राष्ट्रघाती एमसीसी परियोजना पक्षधरलाई संसदबाट यो पारित नगर्न चेतावनी पनि दिएका छन् ।

नेता कञ्चनले सोमबार जारी गरेको वक्तव्यमा भनिएको छ, 'मिलेनियम च्यालेन्ज कर्पोरेसनलाई गोप्य रूपमा प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले लेखेको समर्पण-पत्र बाहिरिएपछि उनीहरूले विदेशीसामु गरेको दलाली, राष्ट्रियताविरुद्ध अदूरदर्शिता र कूटनीतिका नाममा



बच्कनापन पर्दाफास भएको छ । एमसीसी नेपालका लागि राष्ट्रघाती सम्झौता थियो र हो भन्ने यथार्थ सम्झौतामा उल्लेख भएका धेरैधेरै बुँदाहरूले प्रस्ट गर्छन् । सम्झौतामा उल्लेख भएका प्रावधानहरू, त्यसपछि एमसीसीले मन्त्रालयहरूलाई गरेका निर्देशन र अमेरिकी अधिकारीहरूले उनीहरूमाथि दिएका अतिरिक्त दबाबको व्यवहारबाट स्वयम् सरकारसीनहरू यो राष्ट्रघाती हो भनेमा असहमत छैनन् । यो अवस्थामा उक्त सम्झौता सम्पूर्ण रूपले खारेज गर्नुको सट्टा उल्टै नेपाली जनतालाई विदेशीको हितमा ललाइफकाइ (convince) गर्न, सहमतिको वातावरण ... बाँकी पृष्ठ ७ मा

# पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध नेकपाद्वारा देशभर चक्काजाम

**काठमाडौं ।** पेट्रोलियम पदार्थको मूल्यवृद्धिका विरुद्ध नेपाल कम्युनिस्ट पार्टी र पार्टी निकट जनवर्गीय सङ्गठन तथा मोर्चाहरू आन्दोलित भएका छन् । सरकारले पेट्रोलियम पर्थालगायत अत्यावश्यक वस्तुमा गरेको मूल्यवृद्धिविरुद्ध नेकपाले देशभर आन्दोलन घोषणा गरेपछि संगठन र मोर्चाहरू विभिन्न कार्यक्रम लिएर सडकमा निस्किएका हुन् ।

यसै क्रममा पार्टीका जनवर्गीय सङ्गठन तथा मोर्चाहरूले आइतबार देशभर एक घन्टा चक्काजाम गरेका छन् । पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध देशव्यापी चरणबद्ध सङ्घर्ष गर्दै आएको नेपाल कम्युनिस्ट पार्टीका जनवर्गीय सङ्गठनहरूले आइतबार बिहान १० बजेदेखि ११ बजेसम्म चक्काजाम गरेका हुन् ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टी कास्कीका संयुक्त जवस र मोर्चाले पेट्रोलियम पदार्थमा गरिएको मुल्यवृद्धिका विरुद्ध एक घन्टा चक्काजाम गरेका छन् । आइतबार पोखरा महानगरपालिका औद्योगिक क्षेत्रस्थित पृथ्वी राजमार्गमा बिहान १० बजेबाट ११ बजेसम्म एक घँटा सवारीसाधन रोकेर नेकपाले चक्काजाम गरेको हो । चक्काजाम हुँदा पृथ्वी राजमार्गमा हिँड्ने सवारीसाधन रोकिएका थिए ।

यसैगरी पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ताको मागसहित नेपाल कम्युनिस्ट पार्टी निकट संयुक्त जवस/मोर्चाको आयोजनामा दाङमा १ घन्टा चक्काजाम सम्पन्न भएको छ ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिका विरुद्ध चरणबद्ध सङ्घर्षका कार्यक्रमअन्तर्गत आइतबार दाङको घोराहीस्थित तुलसीपुरचोक, भालुबाङ र तुलसीपुरको वीरेन्द्रचोकमा बिहान १० बजेदेखि ११ बजेसम्म १ घन्टा चक्काजाम गरिएको नेकपा निकट संयुक्त जवस/मोर्चाले ... बाँकी पृष्ठ ७ मा

# साम्राज्यवादी तथा दलालहरूको कुप्रचारबाट भ्रमित नहुन प्रकाण्डको आग्रह



### भ्रम फिँजाउनेहरूलाई जनकारबाही गर्ने चेतावनी

■ **वसन्त विक** / कालीकोट

नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले आफू एमाले प्रवेश गर्ने हल्ला साम्राज्यवादी र दलाल पुँजीवादी एजेन्टहरूको कुप्रचार भएको भन्दै त्यसप्रकारका समाचारबाट भ्रमित नहुन आग्रह गरेका छन् । यस विषयमा केही सञ्चारमाध्यममा आएका समाचारका विषयमा प्रतिक्रिया दिँदै प्रकाण्डले भने, 'म एमालेमा प्रवेश गर्ने कुरा त टाढैको हो । यो सोच्न पनि सकिँदैन ।'

उनले नेपाल कम्युनिस्ट पार्टीले लिएको वैज्ञानिक समाजवादी कार्यक्रमले राष्ट्रिय राजनीतिको नेतृत्व गर्न लागेकाले नेकपाको सफलताबाट आत्तिएका साम्राज्यवादी तथा दलाल पुँजीवादीका एजेन्टहरूको कुप्रचार मात्र भएको टिप्पणी गरे । प्रवक्ता प्रकाण्डले यस्तो कुप्रचार गर्ने दलालहरूलाई जनताले कारबाही गर्ने चेतावनी पनि दिए ।

नेपाली जनता, कार्यकर्ता र पार्टीपङ्क्तिमा साम्राज्यवादी तथा दलाल पुँजीवादी एजेन्डहरूको कुप्रचारको भ्रममा नपर्न उनले आग्रह गरेका छन् । प्रकाण्डले भने, 'पार्टीको क्रान्तिकारी विचार, नेतृत्व, एकीकृत जनक्रान्तिको कार्यदिशा र वैज्ञानिक समाजवादको कार्यक्रम ... बाँकी पृष्ठ ७ मा

# एमसीसी र काङ्ग्रेसको महाभूल

### देश/परिवेश

■ विप्लव



काङ्ग्रेस देशको नेतृत्वमा पुगेपछि धेरैपटक भूल गरेको छ । खासगरी राष्ट्रियताका सवालमा त राष्ट्रघातीका रूपमा कुख्याती नै कमाएको छ । परन्तु सत्ता-अन्धतामा फसेको काङ्ग्रेसको होस अझै खुलेको छैन । उसले अझ महाभूलको बाटो पकड्दैछ जस्तो कि देशको हितविपरीत छ भन्ने हुँदाहुँदै पनि जबर्जस्ती अमेरिकी एमसीसी सम्झौता लाद्न खोज्दैछ । संसदबाट एमसीसी पास भएमा देशले नोक्सान त खेप्नैपर्छ, स्वयम् काङ्ग्रेसको अवस्था कता पुग्ने हो भन्न निकै जटिल छ ।

इतिहासत: काङ्ग्रेस नेतृत्वले गरेका गल्तीका कारण देशले निकै ठूला क्षति मोल्नुपरेको छ भने जनताले अनेकौँ दुःख भोग्नु परिरहेको छ जस्तो कि २००७ सालमा काङ्ग्रेस, राणा, राजाका त्रिकोणात्मक शक्ति सन्तुलन गरेर भारतले नेपालबाट थुप्रै नाजायज फाइदा लियो । भनिन्छ- कुर्सीका लागि काङ्ग्रेसले दिल्ली सम्झौतामा आफ्नो तयारी र सहभागिताबिनै सही धस्काएको थियो । २०११ सालमा काङ्ग्रेसकै मातृकाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा राष्ट्रघाती कोसी सम्झौता गऱ्यो । आज त्यसले नेपालीलाई उत्पीडित एवम् अपमानित गर्दै रुवाएको छ । २०१६ सालमा काङ्ग्रेसकै बीपी कोइराला प्रधानमन्त्री हुँदा राष्ट्रघाती गण्डक सम्झौता गरे । त्यसले जनतालाई अपूरणीय क्षति त गरेकै छ, देशलाई नै अपमानित गरिरहेको छ । २०५२ सालमा भारतसँग नै काङ्ग्रेसका नेता शेरबहादुरको सरकारले एमालेको साथसहयोगमा राष्ट्रघाती महाकाली सन्धि गरेर देशलाई घात गर्ने कार्य गऱ्यो । नेपाली जनताले कति सङ्घर्ष गर्नुपऱ्यो । आज देशले पीडा खप्नु परिरहेको छ । २०६४ सालपछि गिरिजाप्रसादको पालामा माथिल्लो कर्णाली र अरुण तीन सम्झौताहरू भएका छन् । तिनीप्रति पनि नेपाली जनताको व्यापक विरोध र रोष छ । यी ठूलाबाहेक मसिना सहमति, सम्झौताहरूको गणना नै छैन । हाल एमसीसी सम्झौतालाई संसदबाट जबर्जस्ती पास गरेर देशलाई कानुनी ढङ्गले नै अमेरिकी नियन्त्रणभित्र पुऱ्याउन खोजिँदैछ । यो चाल संसदलाई जनता र देशको हित रक्षा गर्ने थलो मान्ने प्रगतिशील संसदवादीहरूका लागि पनि लज्जा एवम् अपमानको विषय हो । देशको हितमा फैसला लिन पठाइएका प्रतिनिधि मतलाई विदेशी शक्तिकेन्द्रका पक्षमा निर्णय लिन प्रयोग गर्न खोज्नु भनेको जनमतको घोर दुरुपयोग मात्र होइन, संसद्को अपराधीकरण गर्नु पनि हो ।

सामान्य राजनीतिक नैतिकताको कोणबाट हेर्दा पनि ... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# एमसीसीसँगै प्रचण्ड र देउवाको पुतला

नेपाल आमाले प्रायः देशभक्तहरूलाई जन्म दिएकी छिन् । कथंकदाचित् दलालहरूले जन्म लिए भने नेपाली माटोले तिनलाई दुत्कार्ने गरेको छ। नेपाली जनताले बारम्बार देशभक्तहरूलाई सलाम गरेका छन् र राष्ट्रघातीहरूको पुतला जलाएका छन् । नेपाल विस्तार अभियानका क्रममा साम्राज्यवादी अङ्ग्रेजसँग लड्ने वीर भक्ति थापा, अमरसिंह, भीमसेन थापाहरूलाई नेपालीहरूले हृदयमा सजाएर राखेका छन् भने सुगौलीदेखि १९५०, १९६५, कोसी, गण्डक, टनकपुर, महाकाली, बिप्पा, अपर कर्णालीलगायत असमान सन्धिसम्झौता गर्ने शासकहरूका पुतला जलाउँदै आएका छन् । पछिल्लो अवधिमा बहुदलीय व्यवस्थाको आगमनपछि नेपाली जनताले गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, केपी वली, बाबुराम भट्टराईहरूको पुतला जलाउँदै आएका थिए। अमेरिकी साम्राज्यवादले लाद्न लागेको, साम्राज्यवादी रणानीति बोकेर आएको एमसीसी सम्झौता सदनबाटै पारित गर्छौं, समय देऊ भनेर एमसीसी अर्थात् अमेरिकी साम्राज्यवादलाई बिन्तीपत्र हालेर पनि नेपाली जनतालाई गुमराहमा राख्ने हिजोका क्रान्तिनायक प्रचण्ड अर्थात् आजका पुष्पकमल दाहाललाई नेपाली जनताले राष्ट्रघातको मतियार ठहर गर्दै पुतला बनाएर जलाएका छन् । त्यो पनि हिजो जनयुद्धमा सँगसँगै लडेका योद्धाहरूको, नेकपाको नेतृत्वमा एमसीसी, शेरबहादुर देउवा र पुष्पकमल दाहालको पुतला एकैसाथ जलाइएको छ। पुतला त बाबुराम भट्टराईहरूको पनि जलाइएको छ तर बाबुरामहरू कम्युनिस्ट आन्दोलन छोडेर धेरै टाढा पुगेकाले उनीहरूको कुनै गणना छैन, एकमुष्ट राष्ट्रविरोधी बिप्पा गर्ने शासकका रूपमा मात्र छ। नेपालका कम्युनिस्ट र विशेषगरी माओवादीहरूका लागि पुष्पकमल दाहालहरूको पुतला जल्नु यो अकल्पनीय र असहज दृश्य हो। यो घटनाक्रमले नेपालको जनयुद्धबाट आएको एउटा तहको कम्युनिस्ट नेतृत्व पनि विगतमा मनमोहन, केशरजङ्ग रायमाझी, मदन भण्डारी, केपी वली वा माधव नेपालजस्तै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विरुद्ध, दलाल शासक वर्गमा पतीत भइसकेको स्पष्ट घोषणा गरेको छ।

तीन दशकअघि पुष्पकमल दाहाल जनयुद्धको तयारी गर्दै थिए । उनले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा तत्कालीन सत्तासँग माग राखे । तत्कालीन सत्ताको रक्षककका रूपमा शेरहादुर देउवाको नेतृत्वमा सरकारले देशको शान्ति, सुव्यवस्था हेर्थ्यो । पुष्पकमल दाहालको नाउँ प्रचण्ड थियो । उनले पार्टीको खुला मोर्चा जनमोर्चा नेपालका तर्फबाट मोर्चाका अध्यक्ष बाबुराम भट्टराईमार्फत तत्कालीन सरकारसमक्ष राखेका ४० सूत्रीय मागमध्ये एक चौथाइ माग नेपालको राष्ट्रियताका पक्षमा र भारतीय तथा अमेरिकी साम्राज्यवादी शोषण, दोहनका विरुद्ध थिए। ती माग पूरा गर्न नेपाल आमाका करिब दस हजार क्रान्तिकारी छोराछोरीले बलिदान दिए।


आज समय फेरिएको छ । पुष्पकमल दाहाल प्रचण्ड हुँदै फेरि पुष्पकमल दाहालमै फर्किएका छन् र विद्रोहको बाटो त्याग्दै पुरानै सत्ता र सरकार सञ्चालन गर्ने ठाउँमा अर्थात हिजो शेरबहादुर देउवाहरु भएको ठाउँमा पुगेका छन्। बाबुराम भट्टराई पनि त्यही ठाउँमा छन् । शेरबहादुर देउवा आज पनि त्यही ठाउँमै छन् । अर्थात् नेपालको राजनीति प्रकारान्तरले एउटै गोलचक्करमा रुमल्लिरहेको छ । नेपाली जनताका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरू अझ जटिल र सङ्कटग्रस्त बनेका छन्। बन्ने नै भए किनभने हिजो राष्ट्रियताको रक्षाका लागि लडेका पुष्पकमल दाहालहरू आज राष्ट्रघातको नेतृत्व गरिरहेका छन् । हिजो भारतीय साम्राज्यवादको अतिक्रमण र हस्तक्षेप अत्यधिक थियो । आज भारतसँगै अमेरिकी साम्राज्यवाद पनि नेपालको राष्ट्रियतामाथि अतिक्रमण र हस्तक्षेप गरिरहेको छ । विडम्बना नै भनौँ, हिजो भारतीय साम्राज्यवादी उत्पीडनका विरुद्ध सङ्घर्षमा उत्रिएका प्रचण्ड, बाबुराम र हिजो भारतीय साम्राज्यवादको उत्पीडिनको अन्त्यको समेत माग गर्दै जनतन्त्र र जनजीविकाका विषयहरू उठाएर जनयुद्ध गर्दा दमन गर्ने, टाउकाको मोल तोक्ने, १७ हजार नेपालीको रगत बगाउनेमध्येका एक शेरबहादुर देउवा नेपाली शासकको मुखुन्डो लगाएर अमेरिकी, भारतीय साम्राज्यवादी उत्पीडन लागू गर्ने र नेपालको सार्वभौमसत्ता जोखिममा पार्ने एउटै र उस्तै पात्र र प्रवृत्ति बनेका छन्। अमेरिकी साम्राज्यवादले नेपालमाथि षड्यन्त्र र बलपूर्वक लाद्न खोजेको एमसीसीका विरुद्ध सङ्घर्ष गर्ने देशभक्त, क्रान्तिकारी र जनताको आँखोमा छारो हाल्दै अमेरिकालाई रिझाउन उद्यत भएको अभियोगमा पुतला जलाइमाग्ने ठाउँमा पुगेका छन्। देशभक्त शक्ति, क्रान्तिकारी शक्ति र जनताले आज एकैचोटि एमसीसी, त्यसलाई लागू गर्न मरिहत्ते गरिरहेका देउवा र जनताको आँखा छल्दै एमसीसी पारित गर्ने प्रतिबद्धतासहित लुकीलुकी पत्र पठाउने पुष्पकमल दाहालको पुतला जलाएका छन् । नेपाली जनताका लागि यसप्रकारको कदम अनिवार्य बनेको छ। हिजो जनताले पुतला जलाएका राष्ट्रघाती शक्तिहरुको अन्त्य अनिवार्य भएजस्तै अब देउवा, बाबुराम, पुष्पकमल दाहालहरू अर्थात् नयाँ राष्ट्रघातीहरुको अन्त्य आवश्यक छ। यसका लागि फेरि भक्ति, भीमसेन र अमरसिंहका सन्तानहरू सडकमा निस्किसकेका छन्।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# कोरोना भाइरस सङ्क्रमण (कोभिड १९) ले निम्त्याएका सङ्कटहरू



गुणराज लोहनी

सङ्कटले पुँजीपति वर्गको कुनै लामो आधुनिक उत्पादक शक्तिहरू व्यवस्थापन गर्न अक्षमता देखाउँछ भने, उत्पादन र वितरणका लागि ठूला प्रतिष्ठानहरूलाई संयुक्त–कम्पनी, ट्रस्ट र राज्य सम्पत्तिमा रूपान्तरणले, पुँजीपतिहरू उद्देश्यका लागि कत्तिको अनावश्यक छन् भनेर देखाउँछ । पुँजीपतिका सबै सामाजिक कार्यहरूमा लाभांश लुट्ने, कुपनहरू च्यात्ने र स्टक एक्सचेन्जमा जुवा खेल्नेबाहेक अरू कुनै सामाजिक कार्य हुँदैन जहाँ विभिन्न पुँजीवादीहरूले आफ्नो पुँजीको एकअर्कालाई नष्ट गर्दछन्।

Frederick Engels : Socialism: Utopian and Scientific, III [Historical Materialism]

**कोभिड–१९ कहर**

कोभिड–१९ ले विश्वका कसैलाई पनि छाडेन। न धनी न गरिब उसका लागि बराबरी नै भयो। आजको मितिसम्म विश्वका ३७ करोड ३० लाख कोभिडबाट सङ्क्रमित भएका छन् । सङ्क्रमित हुनेको सङ्ख्याका हिसाबले सबैभन्दा धनी भनिएका संयुक्त राज्य अमेरिकामा ७ करोड ४३ लाख, भारतमा ४ करोड ११ लाख र ब्राजिलमा २ करोड ५० र मृत्यु हुनेमा क्रमशः ८ लाख ८३ हजार, ४ लाख ९४ हजार र ब्राजिलमा ६ लाख २७ रहेको वर्ल्डो मिटरले जनाएको छ। यस्तो भन्नुको मतलब गरिब राष्ट्रमा सङ्क्रमित र मृत्युको सङ्ख्या छैन भन्ने होइन । यो सङ्क्रमणले पूरा विश्वलाई लपेटेको छ । साथै कोभिडको उत्परिर्तित रूप पनि प्रत्येक समय फरकफरक रहेको छ। यसले मानव जातिमा त्रास पैदा गरिराखेको छ । चिकित्सा क्षेत्रमा प्रविधिको प्रवेशले गर्दा कोभिड सङ्क्रमणका विरुद्धका खोपहरू आइसकेका छन्। यसले गर्दा केही राहत भएको छ। कोभिडले मानवजीवनको स्वास्थ्य क्षेत्र मात्र प्रभावित नभएर विश्व अर्थव्यवस्थाका साथै विश्वराजनीतिमा पनि निकै ठूलो परिवर्तन ल्याइदिएको छ । विश्वमा सबै पक्षहरूमा ठूलो असमानता ल्याइदिएको छ। पुँजीको संकेन्द्रण इतिहासमा नै अधिक बन्न पुगेको छ। स्पष्ट रूपमा विश्वका वैभवशाली राष्ट्रहरू बहुध्रुवित भएका छन्। साम्राज्यवादका रूपहरू बदलिएका छन्।

विज्ञान–प्रविधि, सूचना–प्रविधिलाई एकलौटी बनाएका साम्राज्यवाद र कर्पोरेटहरूका कारण धनी राष्ट्र, गरिब राष्ट्र, शोषक र शोषितबीचमा यसअघि कहिल्यै नभएको असमानता रहेको छ । विज्ञान–प्रविधि, सूचना–प्रविधिलाई एकलौटी बनाएका साम्राज्यवादी र धनी राष्ट्रहरू गरिब राष्ट्रमा रहेका प्राकृतिक साधनस्रोतमाथिको दोहनमा होडबाजी त गरिराखेका नै थिए। साथै कोभिड–१९ ले निम्त्याएको जनस्वास्थ्यमाथि उपचार र खोपका नाममा घिनलाग्दो नाफाखोरी व्यापार गर्न पनि होडबाजी गरिराखेका छन्। यिनै कारणहरूले दोस्रो विश्वयुद्धपछि वर्तमान विश्व विस्फोटक बनेको छ।

२००८ को वित्तीय सङ्कटबाट वर्तमान पुँजीवादी राष्ट्रहरू पूर्ण रूपले तङ्ग्रिन नपाउँदै कोभिड १९ को प्रकोपले लपेट्यो । कोरोना भाइरसको हालको संस्करणको सुरुआतमा, अधिकांश अर्थतन्त्रहरू कमजोर थिए र प्रभावकारी रूपमा कुनै पनि अर्थतन्त्रको माध्यमबाट साम्राज्य जमाएका धनी राष्ट्र पूर्ण रूपमा आफ्नो रक्षा गर्न असमर्थ थिए; अर्को शब्दमा समय अपूर्ण थियो । प्रारम्भिक अनुमानहरूले ओईसीडी (अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेभलपमेन्ट) का सदस्य अर्थतन्त्रहरू सन् २०२० मा औसतमा ४.२ प्रतिशतले सङ्कुचित भएको पुष्टि गर्छ। कुल गार्हस्थ उत्पादन (जीडीपी) मा सबैभन्दा बढी गिरावट भएका देशहरू स्पेन (-११.६%), युनाइटेड किङ्डम (-११.२%), ग्रिस (-१०.२%, जुन पछिल्लो १३ मा नवौं मन्दी थियो) र मेक्सिको (-११.२%) थिए -९.२%) । सबैभन्दा कम प्रभावित देशहरू कोरिया (-१.१%), नर्वे (-१.२%), टर्की (-१.३%), स्विडेन (-३.२%), र आयरल्यान्ड (-३.२%) थिए। तर कोभिड १९ ले चीनको अर्थतन्त्रलाई भने छुन सकेन जसले आफ्नो अर्थतन्त्र १.८% ले बढाएको छ र ओईसीडी देशहरूमध्ये सकारात्मक आर्थिक वृद्धि भएको एक मात्र देश बन्न पुगेको छ। यद्यपि कुल गार्हस्थ उत्पादन ६.८% मात्र हुनु भनेको दस वर्षको औसतभन्दा धेरै कम हो। तर ४३ वटा ओईसीडी अर्थतन्त्रहरू आफ्नो सामान्य आर्थिक वृद्धि ढाँचाबाट धेरै टाढा भए पनि, २०२० को अन्त्यसम्ममा चीन आफ्नो सामान्य आर्थिक मार्गमा फर्कियो।

विश्वव्यापी आर्थिक मन्दीको शुद्ध प्रभाव कच्चा मालको मागमा कमी, कमजोर उपभोक्ता खर्च, कम लगानी र कम सीमापार व्यापार (अर्थात् दुवै आयात र निर्यात गतिविधिहरू) थियो । स्थानीय, राष्ट्रिय र विश्वव्यापी आपूर्ति शृङ्खला संरचनाहरूमा पनि अभूतपूर्व अवरोध भएको छ । केही अर्थशास्त्रीहरू द्रुत आर्थिक पुनरुत्थानको सम्भावनाका बारेमा आशावादी छन् भने अरू विश्वव्यापी अर्थतन्त्रमा दिगो वा स्थायी क्षतिको जोखिम देख्छन् । यसबाहेक कोभिड-प्रतिक्रियाले सरकारी खर्चको अपवादबाहेक जीडीपीका सबै संघटनहरूलाई असर गरेको छ। यसबाट आजित भएर सार्वजनिक अधिकारीहरूले आर्थिक सूचकाङ्कहरूलाई क्रमबद्ध गरे पनि केन्द्रमा मौद्रिक र वित्तीय नीतिहरूमा हुनेछ। मौद्रिक नीतिका सन्दर्भमा ब्याजदर शून्यको नजिक भए पनि राज्यहरूले धेरै पैसा छाप्न सक्छन्, यद्यपि यस नीतिको अनुमानित परिणाम दीर्घकालीन मुद्रास्फीति हो । वित्तीय नीतिले सामाजिक सहयोग, बेरोजगारी संरक्षण, पूर्वाधार आदिमा ठूलो मात्रामा राज्यले खर्च गर्न सक्छ। निःसन्देह, उच्च सार्वजनिक खर्चले बजेटघाटा, थप ऋण (र ऋण-देखि-जीडीपी अनुपातमा वृद्धि) र उच्च करहरूलाई निम्त्याएको छ । तसर्थ सार्वजनिक नीतिहरू जुनसुकै लागू भए पनि व्यापार क्षेत्रमा आएको गिरावटलाई पूरा गर्न पर्याप्त हुनसकेको छैन। कोभिड-प्रतिक्रियाको सबैभन्दा देखिने प्रभाव ठूलो मात्रामा बेरोजगारी रह्यो; यसको उत्कर्षमा त्यहाँ एक आश्चर्यजनक अनुमानभन्दा बढी ५०० मिलियन मानिसले आफ्नो जागिर गुमाएका थिए। तीमध्ये केवल आधाले मात्र आफ्नो रोजगारी समयसँगै फिर्ता पाएका थिए। जागिरको क्षति चाँडै पूरा हुन सकेन र दशकहरूमा नदेखिएको स्तरमा पुग्यो । केही राष्ट्रहरू जस्तै संयुक्त राज्य अमेरिका (यूएस) मा रोजगारी गुमाउनु पनि स्वास्थ्य सेवा सुरक्षाको कमजोरी रह्यो। विश्व बैङ्कका अनुसार ६८ करोड ९० लाख मान्छे जसले दैनिक १.९ डलरभन्दा कम आम्दानी गर्दछन्, उनीहरू गरिबीको रेखामुनी बाँच्न बाध्य भए। २०२० मा कोभिडले थप ९ करोड ७० लाख निरपेक्ष गरिबीको रेखामुनि पुऱ्याइदिएको छ।

यस्तो आर्थिक सङ्कट र बेरोजगारीका कारण पनि विश्वव्यवस्थाको पछिल्लो साम्राज्यवादले सबै क्षेत्रमा आफ्नो पकड जमाएको छ। प्रविधि, विज्ञान प्रविधि र सूचना प्रविधिमाथि साम्राज्यवादको नियन्त्रण रहेको छ। यति मात्र नभएर कर्पोरेटहरूले सबैखाले प्रविधिलाई पुँजी निर्माणको एकलौटी साधनजस्तो बनाएका छन् । यिनै प्रविधि र सूचना प्रविधिको एकलौटी प्रयोग, नियन्त्रण र विकासले साम्राज्यवादले विश्व अर्थतन्त्रको विकास, नियन्त्रण गर्दै श्रमिकमाथिको शोषणको प्रकृति पनि फरक रहेको छ। यसलाई बुझ्नका लागि डिजिटल प्रविधिको विकास र वर्तमान पुँजीवादका चुनौतीहरूको अध्ययन गर्नु उपयुक्त हुन्छ।

**कोभिड–१९ पूर्व र पछि डिजिटलको एकाधिकार**

१९५० र १९७० को दशकका बीचमा जब यान्त्रिक र एनालक प्रविधिलाई उछिन्दै कम्प्युटरको विकास भयो अनि डिजिट युगको प्रारम्भ भएको मान्न सकिन्छ। अझ त्यसमा इन्टर नेटको जडान हुँदै इन्टरनेट वस्तुको उत्पादन हुन थाल्यो, चौथो औद्योगिक क्रान्ति हुन पुग्यो । आर्टिफिसियल इन्टेलिजेन्सी, रोबोटिस, द इन्टरनेट अफ दिङ्ग्स (आईओटी), थ्री डी प्रिन्टिङ, जेनेटिक इन्जिनियरिङ, क्वान्टम कम्प्युटिङजस्ता पछिल्ला प्रविधिको विकास चौथो औद्योगिक क्रान्तिमा हुन पुग्यो। चौथो औद्योगिक क्रान्तिको पृष्ठभूमि जसको अवधिमा विश्वव्वयापी पुँजीपतिहरूले चरम स्वचालन र हाइपरकनेक्टिभिटीको फाइदा उठाएर वस्तुकरण (कमोडिफिकेसन) र पुँजीको सञ्चयले नयाँ चरण सुरु भएको थियो । डिजिटलमा आधारित भएको पुँजीवादलाई 'डिजिटल पुँजीवाद' भन्ने पनि गरिएको छ। विशेषगरी कोभिड १९ आसपासमा विश्वव्यापी पुँजीवादले परिभाषित डेटाको तीव्र बस्तुकरण, साइबर–भौतिक प्रभावहरूबाट निर्धारित प्रणालीहरूको प्रयोगले अर्थतन्त्रको प्लेटफर्म बनाएको देख्न सकिन्छ। यो क्रान्तिसँगै मानव समाज प्रविधिमा निर्भर हुन पुगेको थियो । जब कोभिड सङ्क्रमण देखापऱ्यो तब मानव समाजलाई प्राविधीकरण गरिदियो। यसको व्याख्या यहाँ सम्भव छैन। त्यो निकै लामो हुन्छ।

कोभिडको समयमा ब्ल्याकबोर्डको स्थान अनलाइन कक्षाले लियो, माइक्रोसफ्टलाई रिमोट बैङ्किङ, अमेजनलाई खाद्यान्न बेचबिखन, जुमलाई बैठक, सेमिनार, जमघट हुने माध्यम, गुगलआर्ट र संस्कृति, कलामा, त्यस्तै फेसबुक, इन्स्ट्राग्राम, युट्यबमा मानवसमाज आश्रित हुन पुग्यो । यस्ता च्यानल र प्रविधिहरू कोभिड १९ का लागि नयाँ होइनन्। तर सङ्क्रमणले यिनीहरूको प्रयोगको गतिलाई अझै तीव्र बनाइदियो जब कि यस्ता डिजिटल प्रविधिहरूलाई अर्थतन्त्रमा मात्र नभएर भौतिक, सामाजिक, सांस्कृतिक विश्वमा अल्ट्रा–पुँजीवादका रूपमा अघि नै एकीकृत गरिएको थियो।

डिजिटाइलेसनले विभिन्न प्रणालीहरू, भौतिक, जैविक र डिजिटलहरबीचको तीव्र जडान उपन्न गर्दछ जहाँ न्यूनतम् अवरोधका साथ सबैभन्दा 'कुशल' तरिकामा पुँजीवादी फर्महरूद्वारा डाटाको लगातार शोषण गरिरहेको थियो । यही सन्दर्भमा कोभिड १९ महामारीले पुँजीवादमा नयाँ प्राविधिक विकासको अनुकूलतालाई अझ बढाएको छ । सङ्क्रमण बढेपछि एउटा व्यापारिक कम्पनी म्याकी (Macy) ले १ लाख २५ हजार कामदारलाई पसलहरू बन्द भएकाले कामबाट हटाउनु परेको बताएको छ । अमेरिका र क्यानाडामा ओल्ड र बनाना रिपब्लिकको स्वामित्व रहेको ८० हजार पसलका कामदारहरूलाई अवकाश दिइयो।

(महेश्वरी र कोर्केरी २०२० : पारा)

महामारी–सम्बन्धित सङ्कटको प्रतिक्रियामा पुँजीवादी अर्थतन्त्रको डिजिटल पुनर्संरचनाको महत्वपूर्ण परिणम भनेको बिग टेक, अर्थात् डिजिटल एकाधिकारहरू भनेर चिनिने कुराको एकीकरण हो । बिग टेकले प्राविधिक पूर्वाधारको महत्वपूर्ण अंश मात्र प्रदान गर्दैन, बरु व्यक्तिगत डेटासहित डेटा सङ्कलन, स्वामित्व र व्यवस्थापन पनि गर्छ जसले यसलाई २१ औं शताब्दीको पुँजीवादको विश्वव्यापी आर्थिक र भूराजनीतिक एजेन्डालाई ठूलो प्रभाव पार्ने शक्ति दिन्छ। बिग टेकलाई विश्व व्यापार र लगानीमा प्रभुत्व जमाउने विशाल सम्पत्ति, प्रभाव र शक्तिको साथ टेक्नोलोजी कुलीन वर्गको रूपमा व्यवहार गर्न सकिन्छ । ठूलाठूला टेक कलाकारहरू, गुगल-अभिभावक वर्णमाला, एप्पल, अमेजन र माइक्रोसफ्ट प्रत्येक सबै १ ट्रलियन अमेरिकी डलरको मूल्यमा पुगेका छन्। यद्यपि एप्पल, अमेजन र मोक्रोसफ्ट ... २०२० को लगभग ९३० बिलियनमा फर्किएका छन् । फेसबुकलाई त्यो समूहमा थप्दा पाँचवटा सबैभन्दा मूल्यवान् अमेरिकी प्राविधिक कम्पनीहरू अहिले छ.२ ट्रिलियन अमेरिकी डलरको मूल्यवान् हुन पुगेको छ जुन पाँच वर्षअघिको ११% भन्दा बढी, मूल्यको लगभग दुई–तिहाइमा वृद्धि भई ३.५ अमेरिकी डलर ट्रिलियनमा विस्तार भएको छ (Levy २०२० प्यारा २–३)। त्यसैगरी, चिनियाँ प्राविधिक उद्योगमा अलिबाबा, बाइडु, हुवावे, डीजे डट कम र टेन्सेन्ट पनि धेरै मूल्य कमाउने कम्पनीहरू हुन् (वास्टन २०२०:४०) । बिग टेक बिजनेसलाई मोडेल मञ्चका रूपमा प्रयोग गरिएकोलाई डिजिटल पुँजीवादको प्रमुख गतिशीलताका रूपमा देख्न सकिन्छ जसले डिजिटल प्रविधि कम्पनीहरूको एकाधिकार प्रवृत्तिलाई मजबुत गरेको छ र डाटा निकासी र डाटाको वस्तुकरणलाई तीव्र बनाएको छ । निक स्र्निकेकको तर्कअनुसार पुराना व्यापार मोडेलहरू डेटाबाट निकालिएको नाफा बढाउनका लागि पूर्ण रूपमा उपयुक्त थिएनन्, त्यसैले नयाँ प्रकारको फर्मका लागि माग गऱ्यो। उनको पुस्तक, प्लेटफर्म पुँजीवादमा प्लेटफर्मलाई मौलिक रूपमा 'एकाधिकार, निकासी, विश्लेषण, र रेकर्ड भइरहेका डाटाको बढ्दो मात्रामा प्रयोग गर्ने आदर्श तरिकाका रूपमा वर्णन गर्दछ ।' प्लेटफर्मले 'डिजिटल पूर्वाधारहरू प्रदान गर्दछ जसले दुई वा बढी समूहहरूलाई अन्तरक्रिया गर्न सक्षम गर्दछ । त्यसैले विभिन्न प्रयोगकर्ताहरू : ग्राहकहरू, विज्ञापनदाताहरू, सेवा प्रदायकहरू, उत्पादकहरू, आपूर्तिकर्ताहरू र भौतिक वस्तुहरू पनि एकै ठाउँमा ल्याउने मध्यस्थकर्ताहरूका रूपमा आफूलाई स्थान बनाउँछ ।'( ३०)

**कोभिड १९ सङ्क्रमण र चिकित्सा साम्राज्य**

कोभिड १९ को महामारीका क्रममा चिकित्सा क्षेत्रमा विशेष चिन्ता बढेको छ । अर्थात् साम्राज्यवादी राज्यहरू, औषधिको एकाधिकार, परोपकारी फाउन्डेसनहरू, अन्तर्राष्ट्रिय संस्थाहरूजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको मध्यस्थताबाट चिकित्सा र स्वास्थ्य सेवाका क्षेत्रमा वित्तीय संस्थाहरू, अन्तर ाष्ट्रिय व्यापार सम्झौताहरू र अन्तर्राष्ट्रिय स्वास्थ्य सङ्गठनहरू साम्राज्यवादी स्वार्थहरूमा अगाडि बढिरहेका छन् । चिकित्सा साम्राज्यवादको महत्वपूर्ण पक्ष भनेको जोन्सन एन्ड जोन्सन, नोभार्टिस, रोचे, फाइजर, सनोफी, मर्क, जीएसके, एस्ट्रजेनेका, बायर, एब्बवी, लिली, ब्रिस्टो-मायर्स स्क्विबजस्ता शक्तिशाली औषधी कम्पनीहरूको प्रभाव हो (OÚRioardan २०१७) । कोभिड १९ को मामलामा औषधि कम्पनीहरूले विश्व-अर्थतन्त्रका सबैभन्दा लाभदायक उद्योगहरूमध्ये एकका रूपमा सरकारहरूद्वारा प्रदान गरिएको ठूलो आर्थिक सहयोगका लागि आफ्नो अनुसन्धान सञ्चालन गरेका छन् (Gaffney, Himmelstein,and Woodhandler २०२०)। उदाहरणका लागि अस्ट्राजेनिका खोप अनुसन्धानका लागि अक्सफोर्ट विश्वविद्यालय र सार्वजनिक कोषद्वारा ठूलो आर्थिक सहयोग गरिएको थियो। त्यस्तै बायोएनटेकका लागि पनि ठूलै सहयोग गरियो । यसले जर्मन सरकारको समर्थन पाएको छ (ािबउबखष्कतकबक २०२१) जसको मूल्य कम्तीमा अमेरिकी डलर ४४३ मिलियन छ (ब्ततबचम २०२०), त्यसैमा युरोपेली लगानी बैङ्कले प्रस्ताव गरेको ऋणमा अमेरिकी डलर ११८ बिलियन थप्यो। यसबाहेक ट्रम्प प्रशासनले कोभिड १९ खोप विकास गर्न निजी क्षेत्रको प्रयासहरूका लागि १० बिलियन कोष उपलब्ध गराउन अपरेसन वार्प स्पिड सुरु गऱ्यो । यसमध्येबाट मोडेर्नालाई मात्र २.५ बिलियन अमेरिकी डलर छुट्ट्याइएको थियो। त्यत्ति नै रकम बेलायतले ६ वटा औषधी कम्पनीहरूलाई दिएको थियो (ःगचउजथ २०२०) । बेलायत सरकारको कोष लगानीबाट मात्र अक्सफोर्ड/अस्ट्राजेनिकाले ८४ मिलियन पौन्ड लाभ गरेको थियो (ब्ततबचम २०२०)।

यही अवस्थाले चिकित्सा साम्राज्यवादको प्रेरक शक्तिका रूपमा 'चिकित्सा-औद्योगिक परिसर' मा केन्द्रित भएको कुरालाई झल्काउँछ। यहाँ चिकित्सा-औद्योगिक कम्प्लेक्सलाई निजी स्वास्थ्य क्षेत्रहरू जस्तै शक्तिशाली औषधी कम्पनीहरू, बिमा कम्पनीहरू, निजी अस्पतालहरू र शिक्षा र सरकारका बीचको अन्तरसम्बन्धका रूपमा बुझ्न सकिन्छ (द्यगचबिनभ बलम ब्लमभचकयल २०१८) । यो अन्तरसम्बन्धले, विशेषगरी दुवै विश्वविद्यालय र औषधी कम्पनीहरूको भागका रूपमा प्रबन्धक पदहरूमा सेवा गर्ने शिक्षाविद्हरू साथै सार्वजनिक कार्य बलहरू र नियामक निकायहरूमा औषधि सेवा गर्ने अधिकारीहरूसँग गम्भीर नैतिक मुद्दाहरू खडा गर्दछ (ाभहअजष्ल २०१८)। यसले औषधी निर्माता कम्पनीहरूलाई शिक्षाविद्हरू वा चिकित्सकहरूलाई ओपन लिडरहरूका रूपमा भर्ती गर्ने वा कम्पनीको स्वामित्वमा रहेको र हेरफेर गरिएको डाटामा आधारित लेखहरू प्रकाशित गर्नका लागि चिकित्सा अनुसन्धानकर्ताहरूलाई भुक्तानी गर्न थप सहयोग गरेको छ।

'बौद्धिक सम्पत्ति अधिकार' व्यवस्थाले साम्राज्यवादका लागि 'विपत्द्वारा सञ्चय' को मुख्य संयन्त्रका रूपमा जुन विश्व व्यापार सङ्गठनहरूद्वारा कार्यान्वयन हुने गरेको छ, जसले आफ्ना नियमहरू उल्लङ्घन गर्दा कडा व्यापार प्रतिबन्धहरू प्रदान गर्दछ । बिग फार्मा कृषि-खाद्य एकाधिकार बिग फुड र बिग टेकको साथमा साम्राज्यवादी बौद्धिक सम्पत्ति अधिकार शासनको मुख्य लाभार्थी स्रोत हुन् । यस शासनको एक भागका रूपमा साम्राज्यवादी केन्द्रहरूमा विकसित कोभिड १९ खोप र औषधी औषधी कम्पनीहरूको आम्दानी प्रमुख स्रोत बनेको छ (क्भर्गी २०२०)। यी कम्पनीहरूले खगोलीय मूल्य (अत्यधिक) हरूमा बेच्ने सार्वजनिक वस्तुहरू उत्पादन गर्ने र सार्वजनिक कोष कसरी प्रयोग गर्छन् भनेर हेर्ने धेरै कुरामा प्रशस्त

... बाँकी पृष्ठ ३ मा

# कुनै विदेशी सहायता लिन राष्ट्रको स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान र हितलाई बन्धकी बनाउन मिल्छ ?

## मातृभूमि नेपालको स्वतन्त्र व्यक्तित्वमा एमसीसीसँगको सम्झौताका राष्ट्रघाती प्रावधानहरूको धब्बा लाग्न नदिऔँ।

### प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, दलका नेता तथा सांसदहरूका नाममा खुला स्मृति–पत्र।



**भीम रावल**

मिति : २०७८।१०।१७

सम्माननीय प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष तथा माननीय दलका नेता एवम्

सांसदजीहरू !

सिंहदरबार, काठमाडौँ।

**विषय : स्मृति–पत्र।**

महोदय,

देशभक्त नेपालीहरूले स्वदेश र प्रवासमा अत्यधिक चासो राख्दै विरोध गरेको नेपाल सरकार र अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) का बीच भएको सम्झौता संसद्मा अनुमोदनका लागि प्रधानमन्त्रीलगायत केही नेताहरू लागिपरेको भन्ने कुराका सन्दर्भमा यो खुला स्मृति-पत्र लेखेको छु।

देश र जनताको आवाज उठाउने संसद् 'अवरुद्ध' गरिएको, प्रधानमन्त्री र पाँचदलीय गठबन्धनका नेताहरूले एमसीसीसँगको सम्झौताका सन्दर्भमा देशभक्त नेपालीहरूले राष्ट्रियताका पक्षमा देशव्यापी रूपमा घन्काइरहेको आवाजप्रति संवेदनशील भई कुनै छलफल नगरेको र प्रमुख विपक्षी दलका नेताले चलाखीपूर्ण किसिमले 'सत्ता पक्षको धारणा स्पष्ट नभई केही नबोल्ने' भन्ने अवसरवादी कुरा गरेको स्थितिमा उक्त सम्झौतालाई संसद्बाट अनुमोदन गर्ने खेल भइरहेको भन्ने बुझिएकाले खुला रूपमा स्मृति-पत्र लेख्न बाध्य भएको छु। यो मेरो मात्र नभई चीरकालसम्म नेपाल सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र, स्वाधीन, अखण्ड र स्वाभिमानी देशका रूपमा रहोस् भन्ने आकाङ्क्षा राख्ने सम्पूर्ण देशभक्त नेपालीहरूको आवाज हो। राजा पृथ्वीनारायण शाहले २५४ वर्षअघि एकीकरण गरेदेखि आजसम्म कहिल्यै कसैको अधीनमा नगएको स्वाधीन नेपालका स्वाभिमानी नेपालीहरूको शङ्खघोष हो। मातृभूमि नेपालको चित्कार हो। यसलाई मनन गर्दै निम्नलिखित तथ्यहरूप्रति गम्भीर भई राष्ट्रिय स्वाधीनता, हित र अस्मिताको दीर्घकालीन सुरक्षाका लागि सबैले पदीय जिम्मेवारी बहन गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु :

१. हामी सबैले नेपालको संविधान, मुलुक र जनताप्रति 'पूर्ण बफादार रही', 'मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी' पदको कामकाज 'इमानदारीका साथ' गर्ने देश र जनताका नाममा 'निष्ठापूर्वक प्रतिज्ञा' गरेका छौँ। यस शपथका साथै निर्वाचनका समयमा हामीले जनतासामु गरेका घोषणा र बाचाहरूको स्मरण गरौँ। हामी बढेहुर्केको माटोलाई सम्झौँ। पुर्खाहरूले यो देशको स्वतन्त्रता, स्वाधीनता, अखण्डता र स्वाभिमानका लागि बगाएको रगत र पसिना तथा उठाएको कष्टका गाथाहरू इतिहासका पाना पल्टाएर एकपटक फेरि पढौँ र सोचौँ। अरू देशका सरकार, संसद्, दल र नेताहरूले आफ्नो देशको स्वाधीनता र हितका लागि के-कसो गर्छन् र गरेका छन् भनेर वरपर र छरछिमेकमा हेरौँ। देशभित्रको त कुरै छोडौँ, आफ्नो हितका लागि भनेर समुद्र र देशका सिमाना मिच्दै कसरी शक्तिशाली देशहरू जोखिम उठाएर पाइला चाल्ने गर्छन्, ठण्डा दिमागले सोचौँ। विश्वकै शक्तिशाली देशका रूपमा उदाइरहेका निकट छिमेकीहरू, एसिया-प्रशान्त क्षेत्रमा शक्ति राष्ट्रहरूबीच भइरहेको तीव्र प्रतिस्पर्धा र सामरिक गठजोडका प्रभावहरू हाम्रोजस्तो भूपरिवेष्ठित, अनेक असमान सन्धि-सम्झौताको साबलोमा परेको, आर्थिक दृष्टिबाट दुर्बल र संवेदनशील भूराजनीतिक स्थिति भएको देशमा कस्ता हुनसक्छन् भन्ने विषयलाई दलीय र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर वस्तुगत किसिमले विश्लेषण गरौँ। आजको प्रतिस्पर्धी विश्वमा नेपालको स्वाधीनता, अखण्डता र स्वाभिमानलाई अक्षुण्ण राख्न राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक र सुरक्षाको दृष्टिबाट गर्नुपर्ने कामहरूका बारेमा गहिरिएर सोचौँ। यस्ता विषयमा अन्य स्वतन्त्र र सार्वभौम देशहरू के गरिरहेका छन्, विवेकको आँखा खोलेर हेरौँ।

२. नेपालको संविधान हामीले धेरै ठूलो मूल्य चुकाएर प्राप्त गरेका हौँ। संविधानको प्रस्तावनामा नै हामीले 'समाजवादप्रति प्रतिबद्ध' राष्ट्रको उद्घोष गर्दै 'नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्ने' राज्यको दायित्व भएको कुरा स्पष्ट गरेका छौँ। यस सन्दर्भमा हामीले धेरै लामो छलफलपश्चात् संविधानमा उल्लेख गरेको अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी यस नीतिलाई फेरि पढौँ र आत्मसात् गरौँ : '(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने, (२) विगतमा भएका सन्धिहरूको पुनरवलोकन गर्दै समानता र पारस्परिक हितका आधारमा सन्धिसम्झौताहरू गर्ने।'

संविधानको धारा २७९ मा सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्न शान्ति र मैत्री, सुरक्षा एवम् सामरिक सम्बन्ध, नेपाल राज्यको सिमाना र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँटका सम्बन्धमा दुईतिहाइ बहुमत आवश्यक हुने र अरूको हकमा सङ्घीय कानुनबमोजिम हुने कुरा उल्लेख छ। हालसम्म सङ्घीय कानुन नबुझेर नबनाएको हो वा बुझेरै अन्योल सिर्जना गर्न खोजिएको हो भन्ने प्रश्न उठ्दा पछिल्लो कारण नै प्रमुख भएको बुझ्न गाह्रो छैन। यस्तो किन गरिँदैछ ? एमसीसीसँगको सम्झौताका बारेमा निर्णय गर्नुपर्दा नेपालको संविधानमा स्पष्ट रूपमा उल्लिखित उक्त कुराहरूलाई ध्यानमा राख्नैपर्ने होइन र ?

३. एमसीसीसँगको संसद्मा वितरित सम्झौता, कार्यान्वयन सम्झौता र सम्बन्धित अन्य सम्झौताका कुन धारा, दफा र व्यवस्थाले उल्लिखित नेपालको संविधानका प्रावधानहरूको उल्लङ्घन हुन्छ, नेपालको स्वाधीनता, स्वतन्त्रता, हित र आत्मनिर्णयको अधिकार कुण्ठित हुन्छ भन्ने तथ्यहरू नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को नेतृत्वमा सरकार भएको समयमा सत्तासीन दलको केन्द्रीय कमिटीबाट गठित कार्यदलको प्रतिवेदनमा स्पष्ट उल्लेख गरिएका छन्। त्यसबाहेक मैले स्वयम् त्यस्ता धारा, दफा र प्रावधानहरू तथ्यगत किसिमले अनेक पटक लिखित र मौखिक रूपमा सार्वजनिक रूपमा प्रस्तुत गरिसकेको छु। म यहाँहरू सबैलाई उक्त सम्झौताहरू, कार्यदलको प्रतिवेदन तथा मलगायत अन्य कतिपय नेता र विज्ञहरूले एमसीसीसँगको सम्झौताका कतिपय प्रावधानहरूले नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वाभिमान र हितमा पार्नसक्ने आघातका बारेमा तथ्यगत रूपमा सार्वजनिक गरेका कुराहरूको मातृभूमिको स्वाधीन भविष्यका लागि फेरि गहिरोसँग अध्ययन गर्न आग्रह गर्दछु। एमसीसीको स्थापना तथा यसअन्तर्गत दिने भनिएको आर्थिक सहयोगको स्वरूप, यससम्बन्धी अमेरिकी कानुन र मान्यता तथा एमसीसी र अमेरिकी हिन्द-प्रशान्त रणनीतिको अङ्ग भएको स्वयम् अमेरिकी अधिकारीहरूको खुलासाप्रति पूर्वाग्रहरहित किसिमले बुद्धको जन्मभूमि सगरमाथा उभिएको देशको गरिमालाई ध्यानमा राखेर चिन्तन-मनन गरौँ।

४. एमसीसीसँगको सम्झौता यथास्थितिमा संसद्मा पेस र अनुमोदन गरिनु हुन्न भन्ने कुरा देशभक्त नेपालीले अमेरिका वा वैदेशिक सहयोगप्रति कुनै पूर्वाग्रह राखेर भनेका होइनन्। जसरी अमेरिकी सरकार र त्यहाँका नागरिकले आफ्नो स्वाधीनता र हितको पक्षपोषण गर्छन्, नेपालीले पनि आफ्नो स्वाधीनता र हितको पक्षपोषण गरेका हुन्। नेपालको संविधान, कानुन, हित तथा स्वाधीनता र स्वाभिमानमा आँच पुऱ्याउने एमसीसीसँगको सम्झौताका सबै प्रावधानहरू यस पत्रमा सविस्तार उल्लेख गर्न सम्भव छैन। साथै देशव्यापी रूपमा धेरै बहस र चर्चाका साथ सार्वजनिक भइसकेका सम्झौताका राष्ट्रहितविपरीतका प्रावधानहरूबारे यहाँहरूजस्ता जिम्मेवार व्यक्तिहरूले अवश्य नै अध्ययन गरिसक्नुभएकै होला। तथापि यो सम्झौता र यससँगै गाँसेर गरिएका अन्य सम्झौताहरू यथावत् लागू भएमा नेपाललाई पर्ने प्रतिकूल प्रभाव, देशमाथि हुने आघातसम्बन्धी निम्नलिखित मुख्य कुराहरू उल्लेख गर्दा बुझ्नेलाई पर्याप्त हुने ठान्दछु :

४.१ आजसम्म कुनै पनि देशसँग भएका अनुदान सम्झौता संसद्मा अनुमोदनका लागि पेस भएका वा पारित गरिएका छैनन्। एमसीसीसँगको सम्झौता मात्र त्यसो गर्नुपर्ने किन ? यो सम्झौता संविधानको धारा २७९ अन्तर्गत अनुमोदन गर्नुपर्ने हो भने दुईतिहाइ बहुमतको आवश्यकता हुन्छ।

नेपालले अन्य देशहरूसँग पनि पूर्वाधार विकासका लागि ठूलो रकम ऋण र अनुदान लिने गरेको छ। अरू देशले पनि अबउप्रान्त सम्झौता नेपालको संसद्बाट अनुमोदन हुनुपर्ने माग गरेमा के हुन्छ ? यसको उत्तर नेपाली जनतालाई दिनुपर्छ कि पर्दैन ?

४.२ यो सम्झौता हस्ताक्षरको चरणदेखि नै दुई स्वतन्त्र सार्वभौम देशहरूका बीचमा पारस्परिक समानता र हितमा आधारित नभई असमान छ। विगतका सम्झौताको पुनरावलोकन गरी समानता र पारस्परिक हितका आधारमा सम्झौता गर्ने संवैधानिक प्रतिबद्धताविपरीत अहिले आएर असमान सन्धि-सम्झौता गर्न अग्रसर हुनु राजनीतिक अनैतिकता ठहरिन्न र ?

४.३ यस सम्झौताअन्तर्गतका योजनाहरूको तयारी एमसीसीको सहभागिता र मार्गनिर्देशनमा नेपाल ग्रोथ डाइगनोस्टिक भन्ने प्रतिवेदन तयार भई त्यसकै आधारमा गरिएको हो। नेपालले नै छनोट गरेको भन्नु तथ्यसङ्गत छैन। नेपालले स्वतन्त्र रूपमा आयोजना छनोट गर्न पाउने भए एमसीसी सन्तुष्ट हुने गरी भारतको सहमति लिनुपर्ने भनी सम्झौतामा किन लेखियो त ? दुई स्वतन्त्र देशबीच भएको सम्झौताअन्तर्गत आयोजना छान्न भारतको सहमति लिनुपर्ने किन ? के नेपाललाई भारतको उपग्रह ठान्ने विचारलाई मान्न सकिन्छ ? नेपाल संविधान निर्माणको अत्यन्त तरल र संवेदनशील राजनीतिक स्थितिमा भएको बेला अर्थ मन्त्रालयबाट गुपचुप एमसीसीसँगको सम्झौताको काम अगाडि बढाइनु नै गैरजिम्मेवार कार्य थियो किन नभन्ने ?

४.४ यो सम्झौता कार्यान्वयनको सर्तमा नेपालले वर्तमान र भविष्यमा बन्ने अमेरिकी कानुन मान्नुपर्छ भन्ने उल्लेख छ। यसरी एउटा सार्वभौम र स्वतन्त्र देशले कुनै अर्को देशको वर्तमान र भविष्यको छ। कानुन मान्छु भन्ने सर्तसहितको सम्झौता अनुमोदन गर्नु भनेको आफ्नो स्वाधीनता समर्पित गर्छु भनेको ठहरिन्न र ? साथै अमेरिकी सुरक्षा नीति र स्वार्थको प्रतिकूल कुनै काम हुनु नहुने कुरा गरिएको छ। के नेपालले कुनै शक्ति राष्ट्रको सुरक्षा नीति मातहतमा जाने गरी यस्तो सर्तमा अरू देशसँग भीक्षा लिने कुरा उचित हुन्छ ? अनुदान सहायतामा थोपरिने यस्तो सर्तले नेपाललाई बाध्य भएर अन्ततः शक्तिराष्ट्रको सामरिक स्वार्थभित्र रहन बाध्य तुल्याउने तथ्यप्रति आँखा चिम्लिन मिल्छ र ?

४.५. आयोजना पाँच वर्षका लागि भएको भनी एउटा ठाउँमा भनिएको छ र त्यसकै आधारमा यो पाँच वर्षका लागि हो भन्ने भ्रम फैलाइएको छ तर अन्य प्रावधानहरूमा नेपालको विद्युत् प्रसारण लाइन र त्यसले चर्चेको जग्गामा एमसीसीको असीमित समयसम्म आधिपत्य रहने कुरा उल्लेख छ। विद्युत् प्रसारण लाइनमा कुनै मर्मत र सुधार गर्नुपर्ने भएमा समेत नेपाल सरकारले आफैँ गर्न नसक्ने र एमसीसीको अनुमति लिनुपर्ने कुरा गरिएको छ। अनुदान सम्झौता यस्तै हुन्छ र ? विकासका नाममा नेपालले आफ्नो भूमिमा विदेशीको आधिपत्य स्वीकार गर्न कसरी मिल्छ ?

४.६ नेपाल सरकारले गठन गर्ने भनेको विकास समिति र त्यसअन्तर्गत एमसीए, नेपाल र बोर्ड गठन गरी कार्य सम्पादन गर्ने कुरा गरिएको छ। तर एमसीए नेपाल र बोर्ड नेपाल सरकारप्रति उत्तरदायी नभई एमसीसीप्रति उत्तरदायी हुने र उसैको नियन्त्रण र नीति-निर्देशनमा चल्ने प्रावधानहरू छन्। नेपाल सरकारले पूरै अधिकार एमसीए नेपाललाई सुम्पिने कुरा गरिएको छ। नेपालको कानुनअनुसार नेपाल सरकारले निर्देशनसम्म दिननसक्ने गरी सम्पूर्ण अधिकार कुनै संस्थालाई समर्पण गर्न मिल्दैन। आयोजनामा नेपाल सरकारको कुनै निकायलाई संलग्न गराउनुपरे एमसीसीको स्वीकृति लिनुपर्ने प्रावधान राखिएको छ। आयोजनामा नागरिक समाज र गैरसरकारी संस्थाका प्रतिनिधिहरूको छनोटसमेत एमसीसीले तोकेको प्रक्रियाबाट गर्नुपर्ने र एमसीसीले लैङ्गिक एकीकरण र सामाजिक समावेशितासम्बन्धी योजना बनाई सामाजिक जीवनमा प्रवेश गर्ने उद्देश्य राखेको छ। समानान्तर सरकारको अर्थ लाग्ने यस्ता कुरा पढ्दा र सुन्दा यहाँहरूलाई अवश्य पनि चस्स घोच्ला नै।

४.७ आयोजना पूर्ण अनुदान हो भनी प्रधानमन्त्रीलगायत केही व्यक्तिहरूले भनिरहनुभएको छ। त्यसो हो भने एमसीसीलाई नेपालले १३ करोड डलर 'अनुदान' दिने भनी किन उल्लेख गरेको ? कदाचित आयोजना अगाडि बढ्न नसक्ने अवस्था आएमा नेपालले दिएको 'अनुदान' के हुन्छ भन्ने कुरामा किन मौन ? आयोजनाका नाममा बैङ्कमा रहने रकमबाट आउने ब्याजसमेत एमसीसीको हुने प्रावधान किन राखिएको त ? नेपालले १३ करोड 'अनुदान' दिनुपर्ने हुँदाहुँदै आयोजनामा सिर्जना हुने बौद्धिक सम्पत्तिमा एमसीसीको असीमित र एकलौटी अधिकार हुने प्रावधान किन राखेको ? आयोजना स्थलमा नेपाल सरकारको प्रतीक चिह्नसमेत राख्न नपाइने र एमसीसीको मात्र प्रतीक चिह्न रहने व्यवस्था किन गरेको ? के यस्ता कुराहरू एउटा सार्वभौम र स्वाधीन देशका लागि उपयुक्त छन् ?

४.८ एमसीसीबाट प्राप्त हुने ५० करोड र नेपालले हाल्नुपर्ने १३ करोड डलरमध्ये सडक र विद्युत् प्रसारण लाइनजस्ता भौतिक पूर्वाधारमा केवल ६१.५ प्रतिशत रकम मात्र खर्च हुने देखाइएको छ। बाँकी रकम केमा खर्च हुनेछ ? के कुनै विदेशी सहायता लिनका लागि राष्ट्रको स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान र हितलाई बन्धकी बनाउन मिल्छ र ? देशमा निष्क्रिय रहेको पुँजी, अनियमितता र भ्रष्टाचार रोकी पैसाको बचत गरी सडक र विद्युत् प्रसारण लाइन बनाउन सकिँदैन र ? यही वर्ष प्रकाशित महालेखा परीक्षकको प्रतिवेदनमा देशको कति ठूलो धनराशि अपव्यय भइरहेको छ तथा अनियमित र बेरुजू रकम कति छ, सबैका सामु स्पष्टै छ। त्यसप्रति ध्यान दिऔँ। देशको स्वतन्त्रता, स्वाधीनता र हितमा आघात पुग्ने गरी अमेरिकी एमसीसीसँग मात्र होइन, कुनै पनि देशसँग हात पसार्नु र सम्झौता गर्नु गलत हुन्छ। धन, पैसा, पद र प्रतिष्ठाका लागि कुनै पनि सपूतले जन्म दिने आमाको चिरहरण टुलुटुलु हेर्न सक्दैन, हेर्न मिल्दैन।

४.९ आयोजनाका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीको प्राप्ति तथा ठेक्कापट्टाका सबै कामहरू अमेरिकी कानुनबमोजिम हुने कुरा सम्झौतामा उल्लेख छ। निर्देशिका हेरफेर, आदेश, नियमावलीका बारेमा एमसीसीको पूर्वलिखित स्वीकृति हुनुपर्ने प्रावधान रहेका छन्। एमसीसीकै तजबिजमा साझेदार राख्ने कुरा गरिएको छ तर त्यस्तो साझेदार को हुने भन्ने खुलाइएको छैन। यस्तो व्यवस्था नेपालका लागि सञ्चालन हुने आयोजनाका लागि किन ? के यस्तो व्यवस्था कुनै स्वतन्त्र र स्वाधीन देशले मान्न सक्छ ? विद्युत् प्रसारण लाइन कसले, कसरी सञ्चालन गर्ने भन्ने स्पष्ट छैन। विद्युत् उत्पादन, वितरण र महसुल निर्धारण कुनै 'स्वतन्त्र निकाय र कम्पनी' को जिम्मा लगाउने सर्त अनुदानमा राख्नुको आशय के हो ? 'स्वतन्त्र निकाय र कम्पनी' स्वदेशी हो वा विदेशी ? त्यसको छनोट कसले गर्ने हो ? विद्युत् उत्पादन, वितरण र महसुल निर्धारणको काम पनि विदेशीहरूको नियन्त्रणमा पुऱ्याउने खेल त भइरहेको छैन ?

४.१० सम्झौता अनुमोदन भइसकेपछि त्यसको प्रावधानमा बोर्डले कुनै बैठक नै नगरी थपघट गर्नसक्ने र त्यसमा नेपाल सरकार वा संसद्को कुनै अनुमति वा अनुमोदन आवश्यक नपर्ने प्रावधान राखिएको छ।

एमसीसीले नेपाल सरकारलाई सुझाव दिनसक्ने र त्यस्तो सुझाव मान्नैपर्ने व्यवस्था गरिएको छ। यसरी सम्झौतामा नभएका विषय मनपरी थपघट गर्न पाइने हो भने अहिले संसद्बाट अनुमोदन गर्नुको औचित्य के हुन्छ र ? यस सन्दर्भमा अर्थमन्त्री युवराज खतिवडाले संसद्मा अनुमोदनका लागि विचाराधीन सम्झौताको एउटा प्रावधानमा ऊर्जा मन्त्रालयको नाम र अधिकार हटाउनका लागि एमसीसीसँग पत्राचारद्वारा सहमति गरी संशोधन गरेको स्वेच्छाचारी कार्य स्मरणीय छ। त्यस्तै सम्झौताको देशभक्त नेपालीले व्यापक विरोध गरिरहेको र संसद्बाट अनुमोदन नभएको अवस्थामा निज मन्त्रीले कार्यान्वयन सम्झौता गरी नुवाकोट क्षेत्रमा जग्गा अधिग्रहणको कार्य मनपरी किसिमले अगाडि बढाई संसद्को विशेषाधिकारको हनन गर्दा विधि र सुशासनको कुरा गर्ने जोकसैलाई पोल्नुपर्ने होइन र ? यस्तो गर्नुको उद्देश्य के स्वच्छ देखिन्छ ? यसबारेमा संसदीय समिति गठन गरी छानबिन गरौँ।

४.११ सन् २०१९ मा अमेरिकी उपसहायकमन्त्री डेभिड जे. रान्ज र सहायकमन्त्री एलिस वेल्सले एमसीसी अमेरिकी हिन्द प्रशान्त रणनीतिको अङ्ग हो भनी सार्वजनिक रूपमा स्पष्ट गरेको कुरा नेपालका प्रधानमन्त्री, मन्त्री, नेता वा कुनै कर्मचारीले होइन भन्न मिल्छ र ? त्यस्तै अमेरिकी राजदूतको एउटा नेपाली टेलिभिजनसँगको अन्तरवार्तामा एमसीसीअन्तर्गतको रकम नेपालमा 'लगानी' हो भन्ने भनाइ सार्वजनिक भएको छ। साथै हालै एमसीसीका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत महमुद बाहले कान्तिपुर दैनिकलाई दिएको अन्तरवार्तामा एमसीसीसँगको साझेदारी 'क्षेत्रीय सुरक्षालाई सघाउन' गरिएको भनी माथिका भनाइहरूको पुष्टि गरेका छन्। अमेरिकी रक्षा मन्त्रालयको पुनः संरचनासम्बन्धी ऐन, सन् २०१७ को राष्ट्रिय सुरक्षा रणनीति, २०१९ को प्रशान्त रणनीतिमा पनि एमसीसीलाई अमेरिकी सुरक्षा नीति तथा हिन्द प्रशान्त रणनीतिको अङ्ग भएको उल्लेख गरिएको छ। यी दस्तावेज एवम् अमेरिकी अधिकारीहरूले भनेका यस्ता कुराहरू नेपालका कुनै नागरिकले खण्डन गरेर खण्डित हुन्छन् र ? यसप्रकारको सामरिक सुरक्षा नीतिमा प्रवेश गर्न नेपालको संविधान र परराष्ट्र नीतिले नै बन्देज गर्छ। अझ यसअघिको सरकारले एमसीसी सम्झौता अनुमोदन गर्न प्रयास गर्दै अमेरिकासँग सामरिक चरित्रको साझेदारी सम्झौता ९एबचतलभचकजष्उ ब्नचभभझभलत० गरेको तथ्य अमेरिकाले नै सार्वजनिक गरेको थियो। त्यस सम्झौताको विस्तृत विवरण र कागजात, पूर्वप्रधानमन्त्री झलनाथ खनालको संयोजकत्वमा मसमेत संलग्न कार्यदलले माग गर्दा सरकारका सम्बन्धित मन्त्रीले उपलब्ध नगराएको कुरा स्मरण गराउन चाहन्छु। के सामरिक चरित्रको सम्झौता गोप्य रूपमा गर्ने अनुमति सरकारलाई नेपालको संविधान, राजनीतिक प्रणाली र नेपाली जनताले दिएका छन् र ? यसबारे प्रधानमन्त्रीजीले स्पष्ट गर्नुपर्छ कि पर्दैन ?

४.१२ आयोजनामा काम गर्न आउने विदेशीहरूको नागरिकतासमेत सरकारले हेर्न नपाउने, ती कर्मचारीहरूले सम्झौताअन्तर्गत गर्नुपर्ने काम नगरी कुनै क्षति भई आयोजनाले क्षतिपूर्ति दिनुपर्ने भएमा नेपाल सरकारले दिनुपर्ने कुरा एकातिर उल्लेख गरिएको छ भने अर्कोतिर नेपाल सरकारले कुनै अनुगमन गर्न र निर्देशन दिन नपाउने प्रावधान राखिएको छ। एमसीसीका बहालवाल र भूतपूर्व कर्मचारीहरूलाई सम्झौताअन्तर्गत गर्नुपर्ने तर निजहरूले नगरेका कार्यबाट हुनसक्ने क्षतिबाट पूर्ण उन्मुक्ति हुने किन ?

४.१३ दुईपक्षीय वा बहुपक्षीय सन्धि र सम्झौताहरू कुनै कम्पनीसँगको पत्राचार, कुनै राजदूत र कूटनीतिज्ञको स्पष्टीकरण तथा संसद्को सङ्कल्प प्रस्तावद्वारा संशोधन वा परिवर्तन हुँदैनन्। यसका लागि सम्बन्धित पक्षहरूका बीच औपचारिक बैठकबाट सहमति भई अभिलेखन भएपछि मात्र सम्झौतामा सोहीबमोजिम संशोधन वा परिवर्तन हुनसक्छ। यसबारे राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन, मान्यता र अभ्यास रहेको जान्दाजान्दै कहिले मन्त्रालय र एमसीसीका बीच प्रश्नोत्तर गरेर 'सबै प्रस्ट भयो' भनी हल्ला गर्नु र कहिले संसद्बाट 'सङ्कल्प प्रस्ताव' पारित गरेर सम्झौतालाई अनुमोदन गर्ने कुरा गर्नु देश र जनतालाई धोका दिनुबाहेक अरू केही हुनसक्छ र ? यस सन्दर्भमा प्रधानमन्त्री देउवाजी नै भएको बेला महाकाली सन्धि गर्दा संसद्बाट गरिएको 'सङ्कल्प प्रस्ताव' आज के भइरहेछ ? के त्यसले कुनै अर्थ राख्यो ?

माथि उठाइएका विषयहरूबारे कुनै कुरा नगरी अरूलाई 'नपढी बोलेको' भन्दै टकटकिन जिम्मेवार पदमा बसेकाहरूलाई सुहाउँछ र ? उक्त सत्य-तथ्य सहजै देख्नेलाई सरकार र राज्य सञ्चालनमा रहेका केहीले 'अन्धराष्ट्रवादी' देख्नु कस्तो विडम्बना हो ? मेरो विनम्र आग्रह छ, सच्चा देशभक्तिपूर्ण आँखाले हेर्ने कष्ट गरिएमा एमसीसीसँगको सम्झौताका राष्ट्रघाती प्रावधानहरू छर्लङ्ग भई नदेखेको जस्तो गर्नेहरू नै 'अन्धलम्पसारवादी' भएको स्पष्ट हुनेछ।

५. प्रधानमन्त्रीजी, तपाईले आफ्नै निवासमा केही महिनाअघि प्रतिनिधिसभाको विघटनपछि सरकारको जिम्मेवारी लिने

... बाँकी पृष्ठ ५ मा

# कम्युनिस्ट पार्टीबारे केही कुरा



अमर झाँक्री 'सञ्जीव'

कम्युनिस्ट पार्टी मजदुर–किसान तथा सर्वहारा–श्रमिक जनताको अग्रदस्ता सङ्गठन हो । यसले सर्वहारा–श्रमिक जनताले आफ्नो मुक्ति र स्वतन्त्रताका लागि सञ्चालन गर्ने हरेक सङ्घर्षहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्दछ । वर्गसङ्घर्ष, सर्वहारा अधिनायकत्व, सर्वहारा अन्तर र्ष्ट्रियतावाद तथा महान् सर्वहारा सांस्कृतिक क्रान्ति कम्युनिस्ट पार्टीका महान् दार्शनिक–राजनीतिक तथा विचारधारात्मक आदर्श र अन्तरवस्तुहरू हुन् । यिनै महान् आदर्श तथा अन्तरवस्तुको दिशानिर्देशनमा आज विश्वव्यापी रूपमा कम्युनिस्ट पार्टीको स्थापना, मुक्ति र परिवर्तनको सङ्घर्षसहित विस्तार भैरहेको छ। बाकुनिन, लासाल, प्रुँधोलगायत अराजकतावादी तथा सुधारवादीहरूविरुद्धको लामो राजनीतिक तथा विचारधारात्मक सङ्घर्षको बीचबाट महान् दार्शनिक कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा सन् १८४८ मा कम्युनिस्ट घोषणापत्रका रूपमा यसको प्रकाशन गरिएको थियो । यसको सारमा 'संसारभरका सर्वहारा श्रमिक वर्गले आफ्नो मुक्तिका लागि पुरानो राज्यसत्तालाई बलपूर्वक ध्वंस गरी आफ्नो वर्गको राज्यसत्ता स्थापना गर्नु पर्दछ' भन्ने थियो र रहेको छ। यसको पहिलो व्यावहारिक प्रयोग फ्रान्सका मजदुरहरूले गरे । तत्कालीन थियर शासक वर्गका विरुद्ध फ्रान्सका मजदुरहरूले सशस्त्र सङ्घर्षमार्फत पेरिस सहर कब्जा गरेर आफ्नो राज्यसत्ता स्थापना गरे तर मजदुरहरूको पहिलो राज्यसत्ता हुनुका कारण केही अनुभवजन्य सीमा तथा कमजोरीका कारण उक्त राज्यसत्ता जम्मा ९० दिन मात्र टिक्यो । मजदुरहरूले राज्यसत्ता कब्जा गरेसँगै देशबाट पलायन भएको तत्कालीन थियर शासक वर्गले जर्मनी सरकार र सेनाको सहयोगमा कम्युनार्डहरूमाथि घेराबन्दी र भीषण आक्रमण गर्न पुग्यो । कम्युनार्डहरूले त्यसको डटेर प्रतिरोध गरे तर उनीहरूसँग बलियो सेना र सङ्घर्षका लागि आवश्यक पर्ने साधन–स्रोतहरूको अभाव हुँदा महान् बलिदानसहित पराजित हुन पुगे। मार्क्स आफैँले यी घटनाक्रमहरूको नजिकबाट अवलोकन गरिरहेका थिए। त्यसपछि उनले संश्लेषण गरे- सर्वहारा वर्गले बलियो 'अधिनायकत्व' बिना आफ्नो राज्यसत्ताको रक्षा र विकास गर्न असम्भव छ। यसका साथै उनले भने, 'कम्युनहरूको यो अस्थायी पराजय मात्र हो । कम्युनार्डहरूको यो बलिदान गुगौंयुग अमर रहनेछ।'

कम्युनको पराजयको ४६ वर्षपछि रुसका मजदुरहरूले महान् नेता लेनिन र उनले नेतृत्व गरेको कम्युनिस्ट पार्टीको अगुवाइमा सन् १९१७ मा समाजवादी राज्यसत्ता स्थापना गरे। करिब ३६ वर्ष चलेको समाजवादी सत्ताले यस्तो चामत्कारिक काम गर्‍यो, पुँजीवादले दुई सय वर्षमा गरेका काम तीस वर्षको समयमा गर्न सफल भयो । विज्ञानप्रविधिका क्षेत्रमा गरिएका खोज, अध्ययन तथा अनुसन्धान होस् वा जनताको जीवनस्तरसँग प्रत्यक्ष जोडिएका विकास निर्माणको कार्य होस्, चाहे जनतन्त्रको सवाल होस् वा जनजीविकाको सवाल । सवै कुरामा समाजवाद पुँजीवादको तुलनामा कैयौँ गुणा अतुलनीय रहन पुग्यो तर दुःखद् कुरा के रहन गयो भने त्यहाँको कम्युनिस्ट पार्टीले आफूलाई कम्युनिस्ट बनाइराख्न सकेन । कम्युनिस्ट पार्टीमा पुँजीवादको जन्म र विकास तथा तत्कालीन सोभियत सामाजवादी सत्ता तथा कम्युनिस्ट पार्टीका महान् नेता जोसेफ स्टालिनका केही दार्शनिक कमजोरी तथा सीमाहरूका कारण उनको मृत्युसँगै समाजवाद प्रतिक्रान्तिमा बदलिन पुग्यो । महान् अक्टोबर क्रान्तिको ३२ वर्षपछि चीनमा कमरेड माओ त्सेतुङको अगुवाइमा दीर्घकालीन जनयुद्धको कार्यदिशासहित जनवादी क्रान्ति सम्पन्न गरियो जहाँ गाउँबाट सहर घेर्ने राजनीतिक तथा फौजी रणनीति तथा कार्यनीतिका आधारमा राष्ट्रिय तथा वर्गीय मुक्तियुद्धको संयोजन गरिएको थियो। चीनको कम्युनिस्ट पार्टीले जापानी साम्राज्यवाद तथा च्याङकाइसेकको घरेलु प्रतिक्रियावादका विरुद्ध राष्ट्रिय मुक्ति आन्दोलन तथा वर्गीय मुक्ति आन्दोलनको संयोजन गर्दै लामो सङ्घर्षको माध्यमबाट जनगणतन्त्र चीनको स्थापना गरे । दुर्भाग्य ! २७ वर्ष शासन गरेको चीकपामा पनि सोभियत सङ्घको कम्युनिस्ट पार्टीकै प्रवृत्ति हाबी हुन पुग्यो अर्थात् त्यहाँ पनि कम्युनिस्ट पार्टीले आफूलाई निरन्तर कम्युनिस्ट बनाइराख्न सकेन। कमरेड माओले कम्युनिस्ट पार्टीलाई निरन्तर कम्युनिस्ट बनाइराख्न तथा समाजवादी सत्ताको रक्षाका लागि महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सिद्धान्त विकास गर्नुभयो । सन् १९६६ देखि ७६ सम्म यसको प्रयोग पनि भयो तर १९७६ मा माओको निधनसँगै चिनियाँ कम्युनिस्ट पार्टीमा प्रतिक्रान्ति हाबी हुन पुग्यो । प्रतिक्रान्तियताका ४६ वर्षहरूमा विभिन्न मोडहरू पार गर्दै हाल चीकपाले आफ्नै विशेषताको समाजवादको अभ्यास गरिरहेको कुरा वताइरहेको छ । सोभियत सङ्घको विघटनदेखि माओको मृत्युसम्म पुग्दा पूर्वी युरोपमा स्थापना भएका समाजवादी सत्ताहरू पनि पुँजीवादमा पतन भैसकेका थिए। माओको निधनपछि ल्याटिन अमेरिकी मुलुक पेरूमा पेरू कम्युनिस्ट पार्टी साइनिङपाथका अध्यक्ष अभिमायल गुजमान रेनोसो कमरेड गोन्जालोको नेतृत्वमा चिनियाँ जनवादी क्रान्तिको अनुसरण गर्दै सन् १९८० मई १७ का दिनदेखि जनयुद्ध सञ्चालन गरियो । सन् १९८८ मा प्रथम महाधिवेशनबाट गोन्जालो विचारधाराको संश्लेषणसँगै रणनीतिक प्रत्याक्रमणको चरणमा पुगेको करिब १२ वर्षको जनयुद्ध कमरेड गोन्जालोलगायत मुख्य नेतृत्वहरूको गिरफ्तारीसँगै दुःखद् अन्त्य हुन पुग्यो । पेरिस कम्युनको प्रतिक्रान्तिदेखि पेरूको जनयुद्धले खाएको धक्काका घटनाक्रमसम्म पुग्दा पुँजीवादीहरूको एकै प्रकारको हल्ला चलिरह्यो । त्यो हो– समाजवाद अर्थात् कम्युनिस्टको पराजय र पुँजीवादको विजय। पेरूको जनयुद्धको दुःखद् अन्त्यपछि पनि कम्युनिस्ट पार्टीले आफ्नै पार्टीमा विकसित भइरहेका दक्षिणपन्थी आत्मसमर्पणवाद तथा विसर्जनवादका विरुद्ध विचारधारात्मक र राजनीतिक सङ्घर्षसहित टर्की, फिलिपिन्स, भारत, नेपाललगायत देशहरूमा जनयुद्ध वा क्रान्तिहरू चलिरहेका छन् ।

कम्युनिस्ट घोषणापत्रको प्रकाशनदेखि यताका १७४ वर्षमा भएका वर्गसङ्घर्षहरू, समाजवादी सत्ताहरूको स्थापना र प्रतिक्रान्तिहरू तथा विज्ञान प्रविधि तथा सूचना सञ्चारका कारण वदलिएको भूमण्डलीकृत विश्व परिस्थितीका कारण आजका क्रान्तिकारी कम्युनिस्ट पार्टीको अगाडि मालेमावादको रक्षा, विकास र प्रयोग अनिवार्य बनेको छ अन्यथा कम्युनिस्ट पार्टीको अगुवाइमा हुने क्रान्ति असम्भवप्रायः देखिन्छ। यो एउटा महत्वपूर्ण सैद्धान्तिक पक्ष र ऐतिहासिक तथ्यमा आधारित राजनीतिक मामिला हो । यो सानो आलेखमा भने कम्युनिस्ट मूल्य र आदर्शका बारेमा सङ्क्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ।

### कम्युनिस्ट एक महान् आदर्श

वास्तवमा कम्युनिस्ट विचार, सिद्धान्त र राजनीति एउटा महान् आदर्श हो। मानव जातिका लागि कम्युनिस्ट पार्टीको सदस्य बन्नु विगत र वर्तमानमा एउटा महान् गर्व र आदर्शको कुरा हो। यो कुन अर्थमा भने पुँजीवाद जो आज दुनियाँका अर्बौं मानवले भोगिरहेका छौँ। तमाम प्रकारको असमानता, थिचोमिचो, एकअर्काका बीचमा अमैत्रीपूर्ण सम्बन्ध तथा शोषण र लुटमा आधारित पुँजीवादी विश्व-व्यवस्थाका विरुद्ध न्याय र समानताको पर्याय हो– कम्युनिस्ट । मानव–मानवका बीचमा मानवीयता र भ्रातृत्व तथा सबैखाले अन्याय, अत्याचार तथा शोषण, दमन र उत्पीडनको अन्त्य हो–कम्युनिस्ट । सबै जाति, क्षेत्र, लिङ्ग, समुदाय र वर्गको अन्त्य हो– कम्युनिस्ट । उन्नत चेतना र वैज्ञानिक विश्व-व्यवस्थाको नेतृत्व हो–कम्युनिस्ट। कम्युनिस्ट विचार र सिद्धान्तले मात्र मानव जातिलाई वर्गविहीन, जातिविहीन, क्षेत्रविहीन वैज्ञानिक समाजवाद– साम्यवादमा पुऱ्याउने महान् ध्येय र उद्देश्यमा आफूलाई समर्पित गरेको हुन्छ । त्यसैले मुक्तिकामी श्रमिक मानव जातिका लागि विचार, दर्शन, राजनीति, सङ्गठन र संस्कृतिका दृष्टिले कम्युनिस्ट एउटा महान् आदर्श हो।

### स्वेच्छिक सहभागिता

कम्युनिस्ट पार्टीको सदस्य हुनु वा पार्टीमा सम्मिलित हुने कुरा कुनै जोरजबर्जस्ती वा कुनै पनि प्रकारको प्रलोभनका आधारमा हुने मामिला होइन, बरु हरेक क्षेत्रमा यसको सर्त सर्वहारा–श्रमिक वर्गको स्वेच्छिक सहभागिता, मुक्ति र समानताको सिद्धान्तमा आधारित रहेको हुन्छ । वास्तवमा कम्युनिस्ट पार्टीमा सहभागी हुनुको अर्थ सवै प्रकारको अन्याय र अत्याचारबाट मुक्त हुनु हो । यसका साथै एउटा असल मानव बन्न त्यसका लागि राजनीतिक, आर्थिक, साङ्गठनिक र सांस्कृतिक दृष्टिले समाजको सबैभन्दा उत्कृष्ट मानिस बन्नु र सिङ्गो समाजलाई त्यसै दिशामा डोऱ्याउनुलाई आफ्नो कर्तव्य ठन्नु एउटा कम्युनिस्ट सदस्यको कर्तव्य हो। कम्युनिस्ट बन्नुको मुख्य सर्त भनेको व्यक्तिगत स्वार्थभन्दा माथि उठ्दै सामूहिक स्वार्थमा रमाउनु हो। यो महान् तथा उच्च विचारले मानिसलाई साँच्चिकै नयाँ मानव बन्न प्रेरित गर्दछ । रुसी वर्गसङ्घर्ष अर्थात् गृहयुद्ध तथा बोल्सेबिक कम्युनिस्ट पार्टीको महानताको संश्लेषण गर्ने क्रममा महान् समाजवादी नेता कमरेड स्टालिनले भनेका थिए, 'कम्युनिस्टहरू विशेष धातुले बनेका हुन्छन् ।' कम्युनिस्ट दर्शन र विचारले मानव समाज बदल्नका लागि आवश्यक पर्ने सम्पूर्ण गुणहरूको विकास गराउँछ र त्यसको नेतृत्वदायी भूमिका निर्वाह गर्नलायक मानव बनाउँछ । रुसमा जारशाहीका विरुद्ध समाजवाद स्थापनाका लागि सञ्चालन गरिएको सङ्घर्ष होस् वा हिटलरको फासिवादका विरुद्धको वीरता र बलिदानीपूर्ण सङ्घर्षको विजय अभियान होस् वा सोभियत सङ्घको विकास र समृद्धिका दृष्टिले होस्, चाहे विज्ञानप्रविधिको खोज,अध्ययन–अनुसन्धान र विकास होस्, यी सबै क्षेत्रमा कम्युनिस्ट पार्टीको नेतृत्व र सफलताले गर्दा नै स्टालिनले कम्युनिस्ट पार्टीलाई विशेष धातुको संज्ञा दिएका हुन् । यसमा कुनै पनि प्रकारको निजी प्रलोभनले काम गर्दैन बरु त्याग र बलिदानसहितको मानव जातिको मुक्ति र विकासमा आधारित स्वेच्छिक सहभागिताको महानता नै केन्द्रीय भागमा रहेको हुन्छ।

### पार्टीका कामहरू

कम्युनिस्ट पार्टीले सत्ता प्राप्तिको सङ्घर्षका क्रममा राज्यसत्ताद्वारा लादिएका हरेक उत्पीडनका विरुद्ध सर्वहारा–श्रमिक जनतालाई जागृत गर्न मुख्यतः राजनीतिक तथा विचारधारात्मक काममा जोड दिएको हुन्छ र दिनु पर्दछ किनकि हरेक उत्पीडनबाट मुक्ति पाउनका लागि त्यसको केन्द्र भागमा राजनीतिक तथा विचारधारात्मक क्षेत्र निर्णायक रहेको हुन्छ । आजका कम्युनिस्टहरूले मालेमावादका राजनीतिक तथा विचारधारात्मक पक्षहरूलाई रक्षा र विकास गर्दै आम जनतासम्म पुऱ्याउने, त्यसको व्यापक प्रचार–प्रसार गर्ने र त्यसलाई धारिलो बनाउने कुरामा विशेष जोड लगाउनुपर्छ । त्यसको अभावमा शोषक वर्गको शोषण र उत्पीडनबाट आमसर्वहारा–श्रमिक जनताको मुक्ति असम्भव छ । त्यसप्रकारको विचार/राजनीतिलाई भौतिक शक्तिमा रूपान्तरण गर्न सङ्गठनको आवश्यकता पर्दछ। बलियो पार्टी, सेना र संयुक्त मोर्चाको सङ्गठन निर्माण गरेर मात्र सही विचार/राजनीतिलाई भौतिक शक्तिमा बदल्न सकिन्छ । भौतिक शक्तिको निर्माणद्वारा मानव समाजलाई रूपान्तरण गर्न र निरन्तर क्रान्तिको सिद्धान्तलाई व्यवहारतः साबित गर्न सकिन्छ । त्यसका साथै हरेक सङ्गठन तथा सिङ्गो समाजलाई अर्थतन्त्रमा आत्मनिर्भर बनाउनका लागि आर्थिक–उत्पादनको योजना र त्यसको प्रयोग, नयाँ तथा उन्नत कम्युनिस्ट संस्कृतिको स्थापना एवम् त्यसको निरन्तर विकास र प्रचार–प्रसारका साथै राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका सवालहरूमा विभिन्न जनआन्दोलन, जनसङ्घर्ष, वर्गसङ्घर्ष तथा प्रतिरोध सङ्घर्षहरूको योजना निर्माण र प्रयोग पार्टीका नियमित कामहरू हुन् । समाजवादी राज्यसत्ताको स्थापनापछि उल्लिखित कामहरूका अतिरिक्त देशको शान्ति,समृद्धिका लागि विभिन्न खोज, अध्ययन–अनुसन्धान र विकासका साथै अन्तर्राष्ट्रिय समाजवादी–साम्यवादी क्रान्तिका लागि गरिने कम्युनिस्ट योगदानलाई पनि अगाडि बढाउनु पर्दछ।

### पार्टी संरचना र कार्य सञ्चालन

पार्टीको संरचना कस्तो बनाउने भन्ने कुरा सम्बन्धित देशको भौगोलिक, आर्थिक र सामाजिक संरचनाको अवस्था र वर्गसङ्घर्षको आवश्यकताले निर्धारण गर्दछ । यसको कार्यसञ्चालन जनवादी केन्द्रीयता अर्थात् अनुशासन र स्वतन्त्रतामा आधारित रहेको हुन्छ। यसो भनौँ, उत्तरदायित्व र जबाफदेही कार्य सञ्चालनका अभिन्न अङ्गहरू हुन् । कम्युनिस्ट पार्टीका हरेक समिति र त्यसका नेतृत्वदायी अङ्गहरू सम्मेलन वा महाधिवेशनद्वारा चुन्ने र चुनिने प्रक्रियाबाट अगाडि बढिरहेका हुन्छन् तर कतिपय अवस्थामा भने उपल्लो समितिद्वारा पार्टी समितिको निर्माण र नेतृत्व छनोट गर्ने परिपाटी पनि रहेको हुन्छ । विचार, राजनीतिका अतिरिक्त भावनात्मक दृष्टिले हरेक पार्टी समितिका नेता तथा कार्यकर्ताहरूका बीचमा कमरेड्ली सम्बन्ध रहेको हुन्छ । नेताहरू आफ्ना कार्यकर्तालाई माया गर्छन् भने कार्यकर्ताहरू नेतालाई आदर र सम्मान गर्दछन्। गल्तीकमजोरीहरू भएको सन्दर्भमा सम्बन्धित समितिमा आलोचना र आत्मालोचनाको विधिद्वारा हल गरिन्छ । कारबाहीद्वारा हल गर्नुपर्ने प्रकृतिका सन्दर्भमा सम्बन्धित समितिको बहुमत सदस्यले त्यसको अनुमोदन गर्नुपर्दछ तर कारबाही गर्नुपूर्व आलोचना, चेतावनी, स्पष्टीकरणलगायत प्रक्रियाहरू भने पूरा गर्नु पर्दछ । कारबाही परेको पक्ष स्पष्ट नभएमा उपल्लो समितिमा पुनरावलोकन गर्ने अधिकार सुरक्षित रहेको हुन्छ । त्यसलाई हरेक तहका पार्टी समिति र नेतृत्वले सुनिश्चित गर्नु पर्दछ। आफ्नो समिति वा उपल्लो समितिद्वारा हुने फैसला वा निर्णय चितबुझ्दो नभएमा पार्टीको सर्वोच्च निकाय केन्द्रीय समिति र त्यसको नेतृत्व महासचिवसम्म अपिल गर्ने, त्यहाँ पनि स्पष्ट नभएमा राष्ट्रिय सम्मेलन वा महाधिवेशनमा प्रस्तावका रूपमा लैजाने र त्यसको फैसलालाई स्वीकार गरेर जानुपर्दछ तर कुनै पनि प्रकारको अराजकता मच्चाउने छूट भने कम्युनिस्ट पार्टीमा हुनु हुँदैन। हरेक पार्टी समितिहरू तथा तिनको सञ्चालक नेता तथा कार्यकर्ताहरूले एक-अर्काका विरुद्ध पार्टीको स्थापित विधि र प्रक्रिया मिचेर अनावश्यक आलोचना र कारबाहीको डन्डा चलाउनु हुँदैन । त्यसले केवल कम्युनिस्ट एकता भत्काउँछ र वर्गसङ्घर्षमा पराजयका साथै अन्ततः समाजवाद निर्माणको महान् अभियानलाई अवरुद्ध गर्न पुग्छ।

### कम्युनिस्ट कार्यशैली

कम्युनिस्ट पार्टीमा सहभागी नेता/कार्यकर्ताहरूको कार्यशैली गतिशील, अनुशासित, जनउतरदायी, पारदर्शी तथा सामूहिक हित र स्वार्थमा आधारित रहेको हुन्छ । यही कार्यशैलीका कारण उनीहरू पुँजीवादी पार्टीहरूका नेता तथा कार्यकर्ताहरूभन्दा अतुलनीय रूपले फरक हुन्छन् । यसप्रकारको कार्यशैली रातारात र आफसेआफ भने निर्माण हुन सक्दैन। त्यसका लागि वर्गसङ्घर्ष, उत्पादन सङ्घर्ष र वैज्ञानिक प्रयोगका लामा तथा कठिन शृङ्खलाहरू पार गर्नु पर्दछ । यसका साथै पार्टीको सचेतन प्रयत्नमा विभिन्न तहका पाठ्यक्रमहरूको निर्माण र पठनपाठनको व्यवस्थालाई योजनाबद्ध, सुदृढ र विस्तारित गरिनु पर्दछ । कम्युनिस्ट पार्टीका हरेक नेता/कार्यकर्ताहरूले यो कुरालाई गम्भीरतापुर्वक आत्मसात र बोध गर्नुपर्दछ- पार्टीको विचार/राजनीतिका आधारमा आफूलाई बदल्नैपर्छ जुन व्यवहारमा प्रदर्शित हुन सकोस् । आजको दुनियाँमा यसको महत्व अझ कैयौ गुणा बढेको छ। यो कुन अर्थमा भने आफूलाई कम्युनिस्ट बताउने समूहहरूले बग्रेल्ती रूपमा ट्रेडमार्कका रूपमा कम्युनिस्टको साइनबोर्ड झुन्ड्याएका छन् र जनतालाई भ्रम दिइरहेका छन् । यो अवस्थामा हाम्रो कार्यशैली नै त्यस्तो कसी हो जसले हामीलाई नक्कली कम्युनिस्टहरूका तुलनामा कम्युनिस्ट भएको कुरा सिङ्गो समाज र जनताले व्यवहारतः अनुभूत गर्न सकोस्।

माथि हामीले कम्युनिस्ट मूल्य र आदर्शका बारेमा सङ्क्षिप्त चर्चा गर्‍यौँ । यो एउटा विहङ्गम विषय भएकाले यसको चर्चा यो सानो आलेखमा सम्भव रहेन । निष्कर्षमा यति भन्न सकिन्छ- कम्युनिस्ट पार्टीले महान् कम्युनिस्ट आदर्श, मूल्य, कार्य सञ्चालन र कार्यशैलीका अतिरिक्त भौतिक सत्यलाई आत्मसात र बोध गरिरहेका हुन्छन् । यसर्थमा दुनियाँको गतिलाई बुझ्दै र सोहीअनुसार आफ्नो कार्यदिशा, कार्यक्रम र सङ्गठनलाई विकास गर्दै लगिरहेको हुन्छ। मालेमावाद त्यसैको प्रयोगका सन्दर्भमा विकास भएको वैज्ञानिक दर्शन र सिद्धान्त हो। आजको पुँजीवादी विश्वव्यवस्थामा एउटा सत्य के रहेको छ भने मानिसहरूको सिद्धान्त र व्यवहार अर्थात् भनाइ र गराइमा अन्तर रहनु। यसको सही समाधान कम्युनिस्ट भएर मात्र सम्भव छ जसले सिद्धान्त र व्यवहार अर्थात् भनाइ र गराइमा रहेको अन्तरलाई हल गर्न मात्र होइन, बरु मानव–मानवका बीचमा रहेका सबैखाले अन्यायपूर्ण विभेदको अन्त्य गर्दै वैज्ञानिक समाजवाद– साम्यवादको निर्माण गर्ने महान् तथा ऐतिहासिक र युगान्तकारी कार्यको नेतृत्व गर्न सकोस्।

सुख्खा याम बढेसँगै बन डढेलोको जोखिम बढ्ने भएकोले सबैजना सचेत रही बन डढेलो बाट बचाई जनधन एवं पर्यावरणको रक्षा गरौँ।

रतुवामाई वृक्षारोपन आयोजना
झापा

जनपक्षीय समाचार एवम् विचार प्रवाह गरिरहेको रातो खबर साप्ताहिकको निरन्तरताको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

६ नं. वडा कार्यालय
हेटौँडा उपमहानगरपालिका
मकवानपुर

## कुनै विदेशी सहायता ....

एवम् परिवर्तित परिस्थितिमा बाह्य शक्तिहरूको चलखेलका सन्दर्भमा मसँग कुराकानीमा भन्नुभएको थियो : 'यो उमेर (७५ वर्ष) मा मैले राष्ट्रिय हितमा असर पर्ने कुनै काम गर्ने कुरा हुँदैन । राष्ट्रियताका विषयमा कुनै पनि शक्तिका सामु झुक्दिनँ ।' तपाईंको यो भनाइबाट म उत्साही र आश्वस्त पनि भएको थिएँ किनकि विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो जीवनको उत्तरार्द्धमा बाह्य शक्ति (भारत) को हस्तक्षेपकारी भूमिकाप्रति विमति जनाएको, कृष्णप्रसाद भट्टराई र गणेशमान सिंहले बुढेसकालमा राष्ट्रियताका विषयमा गिरिजाप्रसाद कोइरालसँग भएको बिमतिका कारण दल नै परित्याग गरेको र गिरिजाप्रसाद कोइरालाले जीवनको अन्तिम चरणमा नेपालमा बाह्य शक्तिको चलखेलप्रति असन्तुष्टि जनाउन थालेको इतिहास मेरो सम्झनामा थियो । प्रधानमन्त्रीजी अहिले आएर एमसीसीका राष्ट्रघाती प्रावधान हटाउनुपर्ने सम्म नभनी राष्ट्रियताप्रतिको प्रतिबद्धताबाट पछि हट्न खोजिरहनुभएको त होइन ?

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा संविधानविपरीत दुई-दुईपटक प्रतिनिधिसभा विघटन र संवैधानिक परिषद्सम्बन्धी ऐन स्वेच्छाचारी किसिमले अध्यादेशबाट संशोधन गरी संविधान र लोकतन्त्रमाथि नै प्रहार भएकाले त्यसलाई रोकी संविधान र लोकतन्त्रको रक्षाका लागि वर्तमान सरकार गठन भएको हो । यस दायित्वलाई आत्मसात् गर्दै निर्वाचन गराउनु सरकारको जिम्मेवारी हो । यसबाहेक एमसीसीसँगको सम्झौता अनुमोदन गर्ने जनादेश र गठबन्धन सरकारको साझा सहमति सरकारलाई प्राप्त छैन । यसरी जनादेश र गठबन्धनको सहमतिको कार्यक्रमविपरीत एमसीसी सम्झौता अनुमोदन गर्ने अधिकार सरकारलाई छ र ? जबर्जस्ती गर्नु अनुचित र अनैतिक कार्य हुन्छ । तर प्रधानमन्त्रीजीले पाँचदलीय गठबन्धनको बैठकमा एमसीसीसँगको सम्झौता अनुमोदन गर्न बाह्य 'दबाब' भएकाले त्यसलाई अनुमोदन नगरेमा गठबन्धन सरकार नै 'भङ्ग हुनसक्ने' कुरा गर्नुभयो भन्ने सार्वजनिक भएको छ । यसो हो भने देशभक्त नेपालीले झनै गम्भीर भएर प्रधानमन्त्रीजीलाई प्रश्न सोध्नुपर्ने भयो- तपाईं विदेशी दबाबका सामु लत्रेर त्यही शक्तिको स्वार्थसाधना गर्न एमसीसीसँगको सम्झौता अनुमोदन गर्न तयार हुने तर देशव्यापी रूपमा नेपाली जनताले राष्ट्रिय स्वाधीनता र हितका पक्षमा उठाएको आवाज सुन्न तयार नहुने कुरा उचित हो र ? नेपाली जनताको मतबाट चुनिएर जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी (जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि ठूला हुन्) भन्ने निशान छाप अङ्कित शपथमा हस्ताक्षर गर्ने (शपथ खाने) अनि सत्ता हातमा भएको बेला राष्ट्रिय स्वाधीनतामा आँच आउने गरी विदेशीको स्वार्थसाधना गर्न सरकार नै भङ्ग गरिदिने धम्की दिने कुरा अनैतिक र देशघाती ठहरिँदैन र ? अझ यस्तो काम प्रमुख विपक्षीसँगको साँठगाँठबाट गरिन लागिएको भन्ने समाचार साँचो हो भने योभन्दा लज्जास्पद र गैरजिम्मेवार कार्य अरू के हुनसक्छ ?

६. अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरले सत्ता जोगिने आशामा नेपालको हितविपरीत भारतसँग १९५० को सन्धि गरेका थिए भने राजा महेन्द्रले निर्दलीय पञ्चायत व्यवस्थाप्रति समर्थन प्राप्त गर्ने आशामा सन् १९६५ मा उक्त सन्धिबारे भारतसँग पत्रको आदानप्रदान गरेका थिए । तर न राणा शासन र पञ्चायत अकण्टक भयो, न त ती व्यक्तिहरू नै यो संसारमा छन् । राणा शासन र राजतन्त्र दुवै समाप्त भए । कुनै बेलाका प्रधानमन्त्री र सत्ता गठबन्धनका नेता पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल, झलनाथ खनाल र बाबुराम भट्टराई अहिले सो पदमा नरहेको कुरा अवगतै छ । हामीहरू पनि आज जुन पदमा छौँ त्यसमा सदाका लागि नरहने शाश्वत् सत्य होइन र ? यसलाई नबुझेझैँ गरी राष्ट्रको दीर्घकालीन स्वतन्त्रता र हितमा आँच पुग्ने सम्झौतालाई तत्कालको सत्ता स्वार्थका लागि अनुमोदन गर्न तम्सिनु उचित हुन्छ र ? सन् १९५० मा राणा प्रधानमन्त्रीले निहित सत्तास्वार्थका लागि थोपरेको भारतसँगको सन्धि आज हाम्रा लागि गलपासोजस्तै भएको छ । महाकाली सन्धिले प्रधानमन्त्रीजी र सन्धि गराउन सुडिनीको भूमिका खेल्ने नेताहरूलाई आज गिज्याइरहेको छ । यस्तो तीतो यथार्थ जान्दाजान्दै एमसीसीसँगको सम्झौताका राष्ट्रघाती प्रावधानहरूप्रति आँखा चिम्लेर त्यसलाई अनुमोदन गर्नैपर्ने बाध्यता के आइलाग्यो ? शक्तिराष्ट्रको समर्थन नभई फेरि पदमा पुगिँदैन कि भन्ने लोभ वा बाह्य दबाबको त्रास हो भने यस्तो चिन्तन र व्यवहार भएका व्यक्तिले स्वतन्त्र र स्वाधीन देशको कुशल नेतृत्व गर्न सक्छु भन्न सुहाउँछ र ? हामी सबै राम्ररी स्मरण गरौँ, नेपाली जनताको मत र समर्थनमा आजको पदमा पुगेका हौँ । कुनै बाह्य शक्तिको आडमा होइन । देश र जनताको हित र प्रतिष्ठाका लागि दायित्व निर्वाह गर्नु हाम्रो पहिलो कर्तव्य हो । कसैले बाह्य शक्तिको आड र धन निर्वाचनमा उपयोग गरेको भए त्यो देशविरुद्धको अपराध र कुकर्म हो । यस्तो अपराध र कुकर्म कुनै नेपालीले गर्न सक्छ भन्ने कुरा सोच्नसम्म सकिँदैन ।

७. प्रधानमन्त्री पद प्राप्तिका लागि सङ्घर्ष गर्ने, अरूभन्दा आफूलाई अब्बल देखाउन बल गर्ने तर राष्ट्रिय हित र स्वाधीनतामा आँच पुऱ्याउने एमसीसीसँगको सम्झौता अनुमोदनका बारेमा प्रधानमन्त्री र प्रमुख विपक्षी दलका नेताबीच चोचोमोचो मिलेको भन्ने समाचार आइरहँदा कुनै पनि इमानदार राजनीतिकर्मीलाई उदेक लाग्नु स्वाभाविक होइन र ? यस्तो कुरामा चोचोमोचो नगरी अरू राजनीतिक मतभेद भए पनि देशको स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान र हितका पक्षमा सत्ता पक्ष र प्रमुख विपक्षीका बीचमा साझा धारणा हुनुपर्ने होइन र ? तर उक्त प्रकारको उल्टो बाटोमा अग्रसर हुने बाध्यता कसले, कुन अभीष्टका लागि खडा गरिरहेको छ ? एकातर्फ सरकारहरू अस्थिर हुने, न्यायपालिका अन्योलग्रस्त

बन्ने, व्यवस्थापिका चल्नै नसकी कुनै निकास दिन नसक्ने, राजनीति, अर्थतन्त्र र राष्ट्रिय सुरक्षा कमजोर हुने र अर्कोतर्फ यही बेला राष्ट्रघाती प्रावधान भएको एमसीसीसँगको सम्झौता अनुमोदन गर्न सरकार तथा कतिपय नेताहरू अग्रसर हुने स्थिति कतै नेपाललाई असफल राष्ट्रको गर्तमा धकेल्ने दुष्चक्रको परिणाम त होइन भन्ने आशङ्का उत्पन्न हुँदैन र ? जनताको व्यापक सरोकार भएको संवेदनशील र संसद्मा विचाराधीन विषयमा प्रधानमन्त्री देउवा र पुष्पकमल दाहाल 'प्रचण्ड' ले एमसीसीलाई के पत्र पठाउनुभयो ? यस्तो संसद्मा विचाराधीन विषयमा प्रधानमन्त्री वा कुनै नेताले व्यक्तिगत राय दिएर विदेशीलाई पत्र लेख्न मिल्छ ? यो पत्र अविलम्ब सार्वजनिक गरियोस् ।

महोदयहरू !

नेपाली जनताले स्वतन्त्रता र अधिकारका लागि धेरै रगत र पसिना बगाएका छन् । तपाईंहामीले पनि धेरै दुःख र कष्ट भोगेका छौँ । यस्तो भोगाइपूर्ण राजनीति हामी सबैले सार्वभौमसत्ता, स्वतन्त्रता र स्वाधीनता सुदृढ भएको स्वाभिमानी र समृद्ध नेपालका अधिकारसम्पन्न नागरिक भएर रहन तथा भावी पुस्ताका लागि सोहीअनुसारको स्थिति निर्माण गर्न अनुसरण गरेका हौँ । हामीले देशमा लोकतन्त्र ल्याउन सफलता हासिल त गऱ्यौँ तर यसको सुदृढीकरण, स्थायित्वपूर्ण अभ्यास र समृद्धिका लागि निर्धक्क आफ्नो देशका बारेमा आफैँ निर्णय गर्दै राज्यलाई सबल तुल्याउन सकेका छैनौँ । समयमै स्थानीय तह, प्रदेश र सङ्घीय संसद्का निर्वाचन गरी देशलाई सहज राजनीतिक मार्गमा डोऱ्याउनु पर्नेछ । त्यस्तै जनशक्ति र प्राकृतिक स्रोतहरूलाई राष्ट्रिय हितमा पूर्ण सदुपयोग गर्न, देशलाई असमान सन्धि-सम्झौताका घेराबाट बाहिर ल्याउन र अतिक्रमणमा परेका भूभागमा हकभोग कायम गर्न तथा सबै सीमा सुरक्षित गर्ने महत्वपूर्ण काम गर्न बाँकी छन् । नेपाल-भारतसँग प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन बेवारिसे भई सन् १९५० को सन्धिसम्बन्धी छलफल ठप्प भएको छ । चीनसँगको सीमा व्यापार सुचारु र सहज रूपमा सञ्चालन नभएर नेपालले ठूलो आर्थिक नोक्सानी बेहोर्नुपर्ने स्थिति उत्पन्न भएको छ । अर्काको सुरक्षाका लागि नेपालीले सिपाहीं भएर समर्पित हुनुपर्ने स्थिति कायमै छ । अर्काको देशमा नेपाली महिलाहरूको अस्मिता धरापमा परिरहेकै छ । सरकारी तथ्याङ्कअनुसार पनि २१ लाख नेपाली भारतबाहेकका देशमा पसिना बगाइरहेका छन् । भारतमा श्रम बेच्नेहरूको सङ्ख्या पनि धेरै छ । यस्तो स्थितिमा परिवर्तन गर्दै नेपालको संविधानले उद्घोष गरेको समाजवाद उन्मुख समाज स्थापनाका लागि सिङ्गो राष्ट्रलाई एकताबद्ध तुल्याई दत्तचित्त भई लाग्नुपर्ने समयमा बाह्य शक्तिको दबाब र प्रलोभनमा राष्ट्रकै स्वतन्त्रता, स्वाधीनता, हित र स्वाभिमानमा आँच पुऱ्याउने एमसीसीसँगको सम्झौता यथावत् अनुमोदन गर्ने कार्यमा संलग्न हुनु अत्यन्त दुःखद् कुरा हो । यसो गर्नु राष्ट्रघातको कलङ्क लगाउनु ठहर्नेछ । यस्तो कुकर्म कसैले नगरौँ । देशभक्त नेपालीहरूले फेरि स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानका लागि सङ्घर्षमा समय खर्चिनुपर्ने स्थिति उत्पन्न भई राष्ट्र निर्माणको काम

पछि पर्नसक्ने छ । यस्तो स्थिति आउन नदिन देश र जनताप्रतिको दायित्व इमानदारीका साथ बहन गर्दै मातृभूमि नेपालको स्वतन्त्र व्यक्तित्वमा एमसीसीसँगको सम्झौताका राष्ट्रघाती प्रावधानहरूको धब्बा लाग्न नदिऔँ । सबै एक भएर मित्र राष्ट्र अमेरिकालाई भनौँ : हाम्रो संविधान, राष्ट्रिय स्वाधीनता र हितसँग बाझिने सम्झौताका प्रावधानहरू औपचारिक र विधिसम्मत किसिमले संशोधन र परिवर्तन हुनुपर्छ । त्यसो गर्न सकिन्न र मिल्दैन भने यो सम्झौता अनुमोदन हुन सक्दैन र रद्द हुनुपर्छ । हामी अमेरिकालगायत सबै मित्रराष्ट्रहरूसँग नेपालको संविधान र स्वतन्त्र परराष्ट्र नीतिअनुरूप सम्बन्ध कायम गर्न र सहयोग आदानप्रदान गर्न चाहन्छौँ । सार्वभौमिक समानताका आधारमा अन्तर ाष्ट्रिय सम्बन्ध र सहयोग कायम गर्न चाहन्छौँ ।

जय मातृभूमि नेपाल !

भवदीय,

भीम रावल

सदस्य, प्रतिनिधि सभा

अछाम, निर्वाचन क्षेत्र नं. १

पूर्वउपप्रधानमन्त्री, रक्षा र गृहमन्त्री

## कोभिड–१९ ले ....

समस्या रहेको छ । अनुमानहरूबाट बुझ्न सकिन्छ, स्वास्थ्य अनुसन्धानमा खर्चको दुई तिहाइ सार्वजनिक कोषमा निर्भर रहेको छ र 'संयुक्त राज्य अमेरिकामा अनुमोदित हरेक नयाँ औषधीहरू (२०१० र २०१६ को बीचमा) कम्पनीहरूले पेटेन्ट गर्नुअघि राज्यबाट (कुल अमेरिकी डलर १०० बिलियन सार्वजनिक पैसा) लगानी हुन्थ्यो (Murphy २०२०) । यो तथ्यबाट उत्पादनहरूमा व्यावसायिक आधारमा पहुँच किन छ र किन औषधिको नाफालाई अर्थपूर्ण मात्रामा सार्वजनिक अनुसन्धानमा फिर्ता पठाइँदैन भन्ने प्रश्नहरू खडा गर्छ । औषधी कम्पनीहरूले चिकित्सा उत्पादन र सेवाहरूको मात्राबाट खगोलीय राजस्व उत्पन्न गर्छन् भन्ने कुरा गहिरो गरी बुझ्न जरुरी छ । उदाहरणका लागि, कोभिड १९ को उपचारमा प्रयोग हुने रेन्डेसिभिरको उत्पादन लागत १० अमेरिकी डलर अनुमान गरिए पनि ३०० अमेरिकी डलरमा बिक्री गरिएको छ (गिउपष्ल २०२०) । यही लागतको ३० गुना बढी नाफा लिनुलाई नै खगोलीय मूल्य भनिन्छ ।

चिकित्सा साम्राज्यवादको अर्को महत्वपूर्ण पक्ष कर्पोरेट सैन्यवाद र राज्यहरूसँग सम्बन्धित हो । कर्पोरेट सैन्यवादका सन्दर्भमा, मेडिकल-औद्योगिक परिसरले सैन्य-औद्योगिक परिसरसँग सैन्य साम्राज्यवादको प्रेरक शक्तिका रूपमा अन्तरसम्बन्ध विकास गरेको छ । यसको एउटा बलियो प्रमाण भनेको जोन्सन एन्ड जोन्सन हो जसको बोर्डमा ल्याकहिड मार्टिनका सीईओ, रोल्स-रोयलका अध्यक्ष, बोइङका बोर्ड सदस्य र हनीवेलका बोर्ड सदस्य समावेश छन् (द्यबचपभच २०२०) । कर्पोरेट सैन्यवादको छेउमा, साम्राज्यवादी प्रणालीमा अग्रणी राज्यहरू विशेषगरी कोभिड युगमा एकअर्कासँग कडा प्रतिस्पर्धामा संलग्न छन् । यो प्रतिस्पर्धात्मक मनोवृत्तिले विश्वव्यापी स्तरमा बलियो समन्वय संयन्त्र स्थापना गर्ने कुनै पनि प्रयासलाई बाधा पुऱ्याएको छ (बिउबखष्कतकबक २०२१) । यसबीचमा के अनुमान गरिएको छ भने धनी राज्यहरूले ठूलो सङ्ख्यामा कोभिड १९ खोप भण्डारण गरेको छ जब कि कम आय भएका ७० देशहरू मध्य अवधिमा अत्यधिक रूपमा १० जनामा एकजनालाई मात्र खोप लगाउन सक्षम भएका थिए' (ब्ततबचम २०२०)।

कोभिड १९ महामारीले साम्राज्यवादी परोपकारको चिन्ता पनि ल्याएको छ । बिल र मेलिन्डा गेट्स फाउन्डेसन ृद्यःँ ले २०१४ देखिऱ्च्ल्ब टेक्नोलोजीमा अनुसन्धानलाई आर्थिक सहयोग गरिरहेको धेरै सहजै बाहिर निस्किएको छ जुन :यमभचलबरएाशभच-द्यष्यल्त्भअज भ्याक्सिनहरू पछाडिको मुख्य प्रविधि हो (पीगनभच २०२०) । कोभिड १९ महामारीको सुरुआतसँगै, द्यःँ ले विश्वव्यापी स्वास्थ्य एजेन्डालाई पुनर्निर्माण गर्ने नेतृत्व गऱ्यो र कोभिड १९ परीक्षणमा निजी व्यापार प्रयासहरूलाई सहजीकरण गर्न विश्वव्यापी सहयोग पहल, कोभिड १९ उपकरण एसिलरेटरमा, राष्ट्रिय सरकारहरू र आधिपत्यिक अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्यमा उपचार र खोपमा पहुँचको सबैभन्दा ठूलो योगदानकर्ता बन्यो (बिउबखष्कतकबक २०२१) । 'सार्वजनिक स्वास्थ्यमा केन्द्रित विश्वभरको सबैभन्दा ठूलो परोपकारी संस्था' का रूपमा द्यःँ को 'परोपकारी दृष्टिकोण' र राज्यको समर्थनलाई परिचालन गरेर कर्पोरेट अभिनेताहरूको भूमिकालाई प्राथमिकता दिने दिशामा तयार गरिएको छ । यहाँ ध्यान दिन लायकको कुरा के छ भने द्यःँ सँग 'हरित पुँजीवाद' को विश्वव्यापीकरण गर्ने एजेन्डा पनि छ जसले कोभिड १९ को अवधिमा सान्दर्भिकता प्राप्त गरेको छ । २००६ मा द्यःँ अफ्रिकामा हरित क्रान्तिका लागि गठबन्धन ृब्न्व्ः स्थापना गरियो । ब्न्व्ः ले अफ्रिकी खाद्य सुरक्षा सुनिश्चित गर्नुको सट्टा ट्रान्सजेनिक कृषि र अफ्रिकी कृषिलाई विश्वव्यापी मूल्य शृ‌ङ्खलाहरूमा एकीकरण गर्न प्रवर्द्धन गर्न खोज्यो । यसले अफ्रिकी सरकारहरूसँग मिलेर अफ्रिकी साना किसानहरूलाई कृषि रसायन कम्पनीहरूमार्फत यस्तो हाइब्रिड बिउ र सिन्थेटिक मलहरू महँगो मूल्यमा खरिद गर्न प्रोत्साहित गऱ्यो (ग्चजबजल २०२०) । सट्टामा, एग्रोकेमिकल कम्पनीहरूले अफ्रिकी साना किसानहरूलाई उनीहरूको खाद्य सार्वभौमसत्ताको खर्चमा मकै र सोयाजस्ता निर्यात-उन्मुख मोनोकल्चरल बालीहरू उत्पादन गर्न बाध्य पारेका थिए (त्जफउकयल २०१२; ग्चजबजल २०२०) । वास्तवमा यी प्रयासहरूले चिकित्सा साम्राज्यवादको मात्र नभई कोभिड अवधिमा आफूलाई लागू गर्ने एउटा महत्वपूर्ण एजेन्डाका रूपमा पनि हरित पुँजीवादको सम्भावनामा गम्भीर शङ्का उत्पन्न गरेको छ ।

**कोभिड १९ महामारी कालमा भूराजनीतिक द्वन्द्वको तीव्रता**

साम्राज्यवादको डिजिटल, इकोलोजिकल र मेडिकल डाइनामिक्स सबै पोस्ट-कोभिड पुँजीवादको साझा बनाउनका लागि महत्वपूर्ण छन् । यद्यपि भूराजनीतिक गतिशीलताको उचित विचारबिना साम्राज्यवादी व्यवस्थामा हालैका पुनर्संरचनाहरूबारे हाम्रो बुझाइ अपूर्ण रहनेछ । यस सन्दर्भमा कसैले मद्दत गर्न सक्दैन तर साम्राज्यवादी प्रणालीले टेक्टोनिक परिवर्तनको अनुभव गरिरहेको छ । यसले २००० को सुरुआतदेखि नै ठूलो आर्थिक र राजनीतिक अस्थिरता निम्त्याएको छ । निःसन्देह, सबैभन्दा महत्वपूर्ण परिवर्तनहरूमध्ये आधिपत्तिक शासनको सङ्कट र द्रुत रूपमा बढ्दो प्रक्रिया हो । २००८ मा अमेरिकी सब-प्राइम बबलको विस्फोटले विश्वव्यापी आर्थिक सङ्कटलाई निशाना बनायो । यसले अमेरिकी विश्वलाई यसको जगमा नै स्तब्ध बनायो । यस सङ्कटका छालहरू युरोपमा तीव्र रूपमा महसुस गरिएको थियो । आर्थिक वृद्धि अचानक गायब भएको र बढ्दो बेरोजगारीले लपेट्यो । यो लामो सामाजिक-आर्थिक सङ्कटले अर्को सङ्कटको जन्म दियो, यद्यपि राजनीतिक प्रकृतिका रूपमा २०१६ मा ब्रेक्सिट जनमतसङ्ग्रहको परिणाममा युरोपेली एकीकरण प्रक्रियालाई पक्षाघात गर्न मद्दत गऱ्यो । नतिजाका रूपमा ईयूले विश्वव्यापी शासनका लागि अनुकरणीय नमुनाका रूपमा आफ्नो आकर्षण गुमाउन पुग्यो । यसले संस्थागत नियमनको सिद्धान्तको मूल्यमा पश्चिमी केन्द्रित विश्व व्यवस्थालाई कमजोर बनाएको छ (Gurcan २०१९बः २०१९द) ।

२०१७–२०१८ नाटा विवादमा विश्वव्यापी आर्थिक सुशासनको सङ्कट विशेषगरी उल्लेखनीय थियो जसको समयमा संयुक्त राज्यले नाटालाई पुनः वार्ता गर्न जोड दियो र सम्झौताबाट बाहिरिने धम्की दियो (Gurcan २०१९द । त्यसैगरी एसिया-प्यासिफिक क्षेत्रमा चीनको बढ्दो प्रभावका विरुद्ध अमेरिकी नेतृत्वको प्रतिकारी उपायका रूपमा विश्वको सबैभन्दा ठूलो व्यापार बन्ने उद्देश्यले ट्रान्स-प्यासिफिक पार्टनरसिप सिर्जना गर्ने संयुक्त राज्य अमेरिकाले प्रस्ताव गरेको थियो (Pham २०१७) । यद्यपि २०१७ मा ट्रम्प प्रशासनले सम्झौताबाट पछि हट्ने निर्णय गऱ्या, जसले धेरै देशहरूलाई अमेरिकी विश्वव्यापी नेतृत्वमाथि थप प्रश्न उठायो । १९४९ मा गठन भएको उत्तर एट्लान्टिक सन्धि सङ्गठन [NATO] हाल विशेष गरी NATO बजेट र टर्कीको गठबन्धनबाट अलगावमा तीव्र अमेरिकी-जर्मन बहसको साथ सबैभन्दा गहिरो सङ्कटबाट गुज्रिरहेको छ । NATO सङ्कटको गम्भीरतालाई फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रोनले स्पष्ट रूपमा 'हामीले हाल NATO को ड्रेन डेथको अनुभव गरिरहेका छौँ' (Guardian २०१९ः Par २) स्वीकार गरेका थिए । अहिले युरोप पूरै अशान्त बन्न पुगेको छ युक्रेनको विषयलाई लिएर । पहिलोपटक लगभग दुई ध्रुवमा विभाजित सैन्यशक्ति आमनेसामने भएका छन् ।

अन्ततः सहयोगको लगभग सबै प्रमुख क्षेत्रमा आधिपत्यवादी शासनको प्रत्यारोपणले दक्षिण विश्वका देशहरूलाई अमेरिकी नेतृत्वको विश्व व्यवस्थाको वैधतामाथि प्रश्न खडा गरेको छ (Gurcan २०१९द । २००८ को सङ्कटपछि, BRICS गठबन्धन दक्षिण विश्वका देशहरूको बढ्दो चिन्ता र विश्वव्यापी शासनमा सक्रिय भाग लिनका लागि चासोको आवाज उठाउने प्लेटफर्मका रूपमा देखापऱ्यो । विशेषगरी चीन र रुस भूराजनीतिक बहु-ध्रुवीकरणमा विश्वव्यापी शासनका लागि वैकल्पिक संस्थाहरू निर्माण गरेर प्रमुख र उदाउँदो शक्ति बनेका छन् । सबैभन्दा महत्वपूर्ण संस्थाहरूमध्ये सामूहिक सुरक्षा सन्धि सङ्गठन [CSTO], साङ्घाई सहयोग सङ्गठन [SCO], Eurasian Economic Union [EAFU], र Asian Infrastructure Investment Bank [AIIB] छन् । यस सन्दर्भमा अर्को महत्त्वपूर्ण विकास भनेको 2013 मा बेल्ट एन्ड रोड इनिसिएटिभ [BRI] को सिर्जना हो जुन पूर्वाधार, स्रोत र लगानी विकास सञ्जालहरू समावेश गरी एसिया, युरोपका १५२ भन्दा बढी देशहरूमा सक्रिय हुने उद्देश्यले चीनको नेतृत्वमा गरिएको पहल हो ।

सन् २०२० का घटनाक्रम र घटनाक्रमले कोभिड १९ को महामारीले बढेको बहु-ध्रुवताका पक्षमा भूराजनीतिक द्वन्द्वलाई तीव्र पार्दै साम्राज्यवादी व्यवस्थाको अस्थिरतालाई तीव्रता दिएको सङ्केत गर्छ । एउटा कुरा, डोनाल्ड ट्रम्पले ' दशकहरूमा कुनै नयाँ युद्ध सुरु नगर्ने पहिलो राष्ट्रपति' भएको दाबी गरे पनि अमेरिकी साम्राज्यवादले आफ्नो आक्रामक चरित्र गुमाएको छैन (France २४ २०२१) । बरु, ट्रम्पको विदेश नीतिले साम्राज्यवादका अन्तरविरोधलाई झनै पर्दाफास गरेको छ । राजनीतिक विश्लेषक बिल स्नाइडरका अनुसार ट्रम्प 'ह्यारी ट्रुम्यानलाई मान्यता दिएयता सबैभन्दा इजरायल समर्थक राष्ट्रपति हुन सक्छन्' (Hjelmgaard २०१९) । अब्राहम सम्झौता प्रक्रिया-जसले १९९४ पछि अरब देशहरू र इजरायलबीचको सम्बन्धको पहिलो आधिकारिक सामान्यीकरणलाई इङ्गित गर्दै- 'ट्रम्पको हस्ताक्षर विदेश नीति उपलब्धि' मानिन्छ (व्यपभक २०२० । ट्रम्पले जेरुसेलमलाई इजरायलको राजधानी र गोलान हाइट्सलाई इजरायलको सार्वभौमसत्ताका रूपमा मान्यता दिँदै पश्चिम किनारमा इजरायलको बसोबास गतिविधिलाई समर्थन गरे । संयुक्त बृहत् कार्ययोजना, इरानले विशेष रूपमा शान्तिपूर्ण आणविक ऊर्जा कार्यक्रम अपनाउने सुनिश्चित गर्ने सम्झौताबाट पछि हटेपछि, ट्रम्प प्रशासनले इरानविरुद्धको आर्थिक प्रतिबन्धहरू विस्तार गऱ्यो जसले २०२० को महामारीको अवस्थामा इरानको अर्थतन्त्रमा अप्ठ्यारो प्रभाव पारेको छ (बिशबचयाा २०२१) । महामारीको समयमा, ट्रम्पले क्युबा, भेनेजुएला र निकारागुआविरुद्ध अमेरिकी आर्थिक प्रतिबन्धहरू पनि तीव्र पारेका थिए । महामारीले अमेरिका-चीन व्यापार युद्धको थप वृद्धिलाई रोक्न सकेन । यसको विपरीत क्रसबोर्डर क्यापिटलका सीईओ माइकल हाउवेलले दाबी गरेझैँ यी द्वन्द्वहरू महामारीको समयमा 'पुँजी, व्यापार र प्रविधि युद्ध' त्बथयिच २०२० समावेश गर्ने ठूलो मात्रामा द्वन्द्वमा परिणत हुने सम्भावना छ । यहाँ ध्यान दिन लायक के छ भने 'ट्रम्पका सैन्य नीतिहरू उनका पूर्ववर्तीहरूबाट मौलिक रूपमा भिन्न भएनन् । उदाहरणका लागि अमेरिकी सेनाको सङ्ख्या लगभग उस्तै स्तरमा राखिएको छ जुन ओबामाको कार्यालयमा अन्तिम कार्यकालको अन्त्यमा थियो (द्यभलवकष्ल बलम म्बखष्भक २०२० । यसले यो तथ्यलाई थप्छ, 'राष्ट्रपति ओबामाको कार्यकालमा सेनाको सङ्ख्या धेरै बढेको थियो किनभने इराक र अफगानिस्तानमा ठूलो मात्रामा तैनाथी गरिएको थियो । तर युद्ध समाप्त भयो' । समग्रमा ट्रम्प प्रशासनअन्तर्गत २०१६-१९ को अवधिमा अमेरिकी सैन्य खर्च १४ प्रतिशतले बढेर करिब ६४० अर्ब अमेरिकी डलरबाट ७३१ अर्ब अमेरिकी डलर पुगेको छ (क्ष्उचष लाम।) । ट्रम्पका नीतिहरूलाई जोइ बाइडेनले जस्ताको त्यस्तै लागू गरिरहेका छन् । त्यसको सबैभन्दा राम्रो उदाहरण चीनमा भएको शीतकालीन ओलम्पिक र अमेरिकी खेमामा रहेका भनिएका देशहरूले प्रशासनिक रूपमा बहिष्कार गर्नु जब कि अमेरिकाको टाउकोमाथि क्यानाडाको ओटावामा भ्याक्सिनको कार्ड देखाउनुपर्ने नियमका विरुद्ध ट्रक डाइभरहरूले यस्तो आन्दोलन गरिरराखेका छन्, त्यहाँ सङ्कटकाल नै घोषणा गर्नु परेको छ ।

साम्राज्यवादीहरूले निकाल्न खोजेको समाधान

कोभिड १९ ले अहिलेको नवउदारवादी पुँजीवादमाथि उत्तेजनात्मक प्रश्न उठाइदिएको छ । घागडान भनिएका पुँजीवादी अर्थशास्त्रीहरू, घरानियाँ व्यापारीहरूले नवउदारवादी प्रतिमानलाई हटाएर मौलिक विश्वपुँजीवादमा पुनर्संरचना गर्नुपर्ने बताएका छन् । यसलाई विश्व पुँजीवादी आधिपत्यको आधार विश्व आर्थिक फोरम (ध्भ्ँ) ले पनि प्रतीकात्मक रूपमा बल गरेको छ । उसले 'डावोस संभ्रान्त' हरूको मिटिङ बोलायो । यति मात्र नभएर चीन, भारत, अफ्रिकाजस्ता दक्षिण विश्वका देशहरूको पनि बैठक बोलायो । ती बैठकहरूमा उसले वर्तमान विश्वको आर्थिक सङ्कटको समाधान खोज्नका लागि भनेर 'ग्रेट रिसेट अफ क्यापिटालिज्म' को प्रस्ताव राखेको थियो । यसै विषयलाई लिएर २०२० मा क्लाउज स्क्वाबले कोभिड १९, द ग्रेट रिसेट भन्ने किताव नै लेखेका थिए । उक्त किताबमाथि प्रिन्स चार्ल्स, विश्वका नेताहरू जोई बाइडेन, जस्टिन टुडेन, बोरिक जोन्सनले पनि भाग लिएका थिए (क्ष्बल २०२०) । ग्रेट रिसेटले 'विश्वका दोष रेखाहरू, विशेष गरी सामाजिक विभाजन, निष्पक्षताको अभाव, सहयोगको अभाव, विश्वव्यापी शासन र नेतृत्वको असफलता' लाई औँल्याएको छ (क्जधबद बलम :बर्भिचभत २०२० । यस किताबमा 'इकोनोमिक रिसेट', 'टाइरानी अफ जीडीपी' मा अर्थशास्त्रको मापनका लागि नयाँ कम्पासको आवश्यकता पर्छ भनेको छ । त्यसैगरी कोभिडले उत्पन्न गरेको आर्थिक सङ्कट टार्न पुँजीवादीहरूले ' ग्रिन न्यु डिल' को अवधारणा पनि ल्याएका थिए । अमेरिकाबाट १९२९ देखि सुरु भएर १९३० देखा परेको तत्कालीन पुँजीवादी देशहरूमा देखापरेको आर्थिक सङ्कटसँग २००८ को आर्थिक मन्दीलाई दाँजिएको थियो । केनेसियन अर्थशास्त्र अर्थतन्त्रमा कुल खर्च र उत्पादन, रोजगारी र मुद्रास्फीतिमा यसको प्रभावको बृहत् आर्थिक सिद्धान्त हो । केनेसियन अर्थशास्त्रलाई 'माग-पक्ष' सिद्धान्त मानिन्छ जुन छोटो अवधिमा अर्थतन्त्रमा हुने परिवर्तनहरूमा केन्द्रित हुन्छ । १९३० को दशकको आर्थिक महामन्दीको समाधान कियन्स सिद्धान्तले गऱ्यो भन्ने बुझेर उनीहरू २००८ को आर्थिक सङ्कटलाई पनि त्यही रूपमा समाधान गर्न सकिन्छ भनी ९ बुँदे सार्वजनिक गरेका थिए । कम कार्बन ऊर्जा प्रणाली अपनाउने, अर्थतन्त्रको फोकस वित्तीय क्षेत्र र उपभोक्तावादबाट हटाएर 'ग्रिन-कलर रोजगारी' सिर्जना गर्दै अधिक यथार्थपरक जीवाश्म इन्धन मूल्यहरू सुनिश्चित गर्दै, ऊर्जा कुशल नवाचार र पूर्वाधारको विकासका लागि स्मार्ट लगानी बढाउँदै, घरेलु वित्तीय क्षेत्र, ठूला बैङ्किङ र वित्तीय समूहहरूलाई मर्ज गर्न बाध्य पार्ने, अन्तर्राष्ट्रिय वित्तीय क्षेत्रहरूलाई प्रतिबन्ध लगाउने, व्युत्पन्न उत्पादनहरू र अन्य विदेशी उपकरणहरूलाई नियमन गर्ने र कर्पोरेट र कल छलीविरुद्ध लड्ने नीति बनाएका थिए ।

साम्राज्यवादीहरूले जति बुँदा ल्याए पनि वा जोन म्यानर्ड कियन्सले पुँजीवादमा आइपरेका सङ्कट टार्न ल्याएका सिद्धान्त जसले गर्दा दोस्रो विश्वयुद्धपछिका कुनै पनि आर्थिक सङ्कटबाट बचाउन उनीहरू सफल भएनन् । त्यसैको पछिल्लो उदाहरण हो २००८ को आर्थिक सङ्कट र कोभिड १९ पछिको विश्व पुँजीवादमा आएको सङ्कट । यसको समाधानका लागि भने ल्याइएका ग्रेट रिसेट हुन् या ग्रिन न्यु डिल यी दुबै असफल हुने कुरामा पेटिफोरले 'यी बुँदाहरू लागू गर्नका लागि आन्तरिक सरकारलाई आर्थिक र वातावरणीय रूपमा पूर्ण रूपले बदल्नु पर्दछ ।' भनेर असम्भव देखाइदिएकी छिन् ।

**निष्कर्ष**

यो लेखमा धेरै तथ्याङ्कहरू चहेर पनि राख्न सकिएको छैन । मूल रूपमा चौथो, तेस्रोबाट चौथो औद्योगिक क्रान्तिसम्म पुग्दा बौद्धिक श्रमिकहरूलाई प्रविधिका माध्यमबाट झनै शोषण गरिएको छ । अमेरिकामा कार्यालयमा काम गर्ने प्रत्येकलाई प्रत्येक दिन बिनामूल्य ४८ मिनेट अतिरिक्त श्रममा लगाइएको छ । अनलाइन काम गर्नेहरूका लागि त्यो समयको कुनै सिमाना छैन । डिजिटलका माध्यमबाट श्रमलाई सस्तो बनाइएको छ । कोभिडका कारण ठूलो सङ्ख्यामा बेरोजगारी बढेको छ । तर सामाजिक सञ्जाल र डिजिटल माध्यममा भर पर्नेहरूले अकुत सम्पत्ति कमाएका छन् । धनी र गरिब राष्ट्र, समूह-समूह, व्यक्तिगत संस्थाहरूमा अपूरणीय खाडल तयार भएको छ । यसै समयमा धनी राष्ट्रहरूका बीचमा तीव्र ध्रुवीकरण भएको छ । यसले कुनै पनि बेला विस्फोटक रूप लिन सक्दछ । पुँजीवादमा आएका सङ्कट टार्न जन्मिएका थोमस पिकेटी, स्वाब, म्यालेरेटहरूका सिद्धान्त छोटै समयमा असफल सिद्ध भैसकेका छन् । यहाँ विचारणीय कुरा के हो भने, यस्तो अवस्थामा पनि साम्यवादी आन्दोलन अगाडि बढ्न सकेको छैन । मैदान पूरापूर खाली छ । कोभिड १९ पुँजीवादमा चरम सङ्कट ल्याइदिएको छ । सङ्कट श्रम गर्नेहरूलाई पनि छ तर यो सङ्कटबाट पार पाउन सकिन्छ ।

नोट : लेख लामो भएकाले सन्दर्भ सामग्री राख्न सकिएको छैन ।

नियात्रा

## पाल्पा–तानसेन–प्रतापपुर यात्रा

# जीवनमा फेरि किशोर वय फर्किएको अनुभूति



अशोक सुवेदी

तानसेनको टाकुरो श्रीनगरको डाँडामा पुगेर भ्यु टावर चढिसकेपछि प्रशिक्षार्थी पत्रकार बहिनीहरू पूजा विक, अस्मिता लम्साल, पुष्पा गैरे, दीक्षा पाठक, कल्पना न्यौपाने, भाइ सौरभ रेग्मीलगायत युवा साथीहरूले पत्रकारिता तालिमको सार खिप्दै सामूहिक भाव दिने शैलीमा भनेका थिए- छोटो समयमा जीवनमा ठूलो शिक्षा लियो । यसलाई जीवनमा प्रयोग गर्ने हो । तालिम छुटाएको भए ठूलो कुरा गुम्ने रहेछ...।

हामीले ३१ जना भाइबहिनीलाई तीन दिनसम्म पत्रकारिता मात्र सिकाएका थिएनौँ, जीवन, जीवनसङ्घर्ष, वर्ग, वर्गसङ्घर्ष, पत्रकारिता र जनपत्रकारिता पनि सिकाएका थियौँ । चार दिनअघि भेट्दा यो चन्चले उमेरका, युवा वयमा उक्लिँदै गरेका किशोरकिशोरीहरू पत्रकारिताजस्तो संवेदनशील र जिम्मेवार क्षेत्रमा कसरी अडिएलान् र! भन्ने परेको थियो तर अन्तिम दिनसम्म आउँदा उनीहरूका आनीबानी र अभिव्यक्तिहरू बदलिएका थिए । बदलिएको परिस्थितिले ती सबै भ्रमहरू समाप्त पारिदिएको थियो । किशोरावस्थाबाट युवातर्फ लम्किँदै गरेको यही उत्सुक, लडाकु, जिज्ञासु उमेरलाई लक्षित गर्दै महान् माओले भन्नुभएको थियो- युवाहरू हो, वास्तवमा यो संसार तिमीहरूको हो । हो, नयाँ संसारको, नयाँ जीवनको ढोका खोल्दै गरेका युवाहरूका बीचको चार दिनसम्मको सहकार्यले आफैँलाई फेरि एकपटक युवा वयमै फर्किएको अनुभूति गराइदिएको थियो । जीवनको आधा उमेर काटिसक्दा पनि यो अनुभूतिको अवसर जुटाइदिने नेकपा पाल्पा र जनपत्रकार सङ्गठन पाल्पा धन्यवादका पात्र छन् ।

पाल्पामा यसरी रातदिन कटाएर बसेको वा बस्ने अवसर पाएको थिइनँ यसअघि तर तानसेनको बाटो हुँदै भने हिँडेको थिएँ पहिले, धेरै नै पहिले । पाल्पा सम्भिँदा धेरै कुरा त होइन, कमलराज रेग्मी, पाल्पा दरबार, रानीमल, रामपुर, ढाका र करुवा अनि रक्तिमकी कलाकार कमरेड जुना परियारसँग रात्रीबसमा सिट नपाउँदा गाडीको भुइँमै बसेर तानसेन हुँदै बुटवलसम्म यात्रा गरेको स्मरण भने बारम्बार भइरहन्छ । यसपटक संयोग नै कस्तो पऱ्यो भने समय पनि एकैचोटि लगातार पाँच दिनसम्म बास बस्ने र अझ पत्रकारिताको प्रमुख प्रशिक्षक बन्ने अवसरसहित लिएर आयो । यसका लागि नेकपा केन्द्रीय प्रकाशन विभाग, रातो खबर प्रकाशन गृह, गृहका निर्देशक कमरेड प्रज्वलन त धन्यवादका पात्र हुँदै हुनुहुन्छ, नेकपा पाल्पा र विशेषगरी कमरेड भृकुटी र मुक्ति गैरे धन्यवादका पात्र हुनुहुन्छ । निरन्तर, तीन दिनसम्म धैर्यपूर्वक, कुनै पनि भिँभो नमानी, अझ उत्साही बनेर पत्रकारिता, जनपत्रकारिता, राजनीति र पत्रकारिताको तालिम लिने र कार्यशालाजस्तै समाचार र विचारसमेत प्रस्तुत गर्ने ३० भन्दा बढी पाल्पाली किशोरकिशोरी साथीहरूप्रति म आभारी छु । साँच्चै त्यो उर्वर शक्ति सञ्चारजस्तो महत्वपूर्ण क्षेत्र र क्रान्तिका विभिन्न मोर्चामा भोकिँदा पाल्पा मात्र होइन, देशमै एउटा तरङ्ग आउने देख्छु म । समीक्षा बैठकमा पार्टी इन्चार्ज कमरेड भृकुटी र जनपत्रकार सङ्गठनका इन्चार्ज कमरेड मुक्तिलाई भन्नै पनि- यो रहरलाग्दो, उत्साही र जिज्ञासु शक्तिलाई जोगाएर राख्नुहोला र क्रान्तिका हरेक मोर्चा रोजाएर हिँड्नुहोला । ठूलो उपलब्धि भएको छ । मजतिकै आशावादी प्रशिक्षक कमरेड आलोक लिम्बू र अनिल नेपालीलाई पनि देखेको थिएँ । आयोजकहरूमा त तालिम र सम्मेलन सफलताले खुसीको सीमा नै थिएन ।

प्रशिक्षार्थीहरू भाइबहिनीहरू पत्रकार हुँदै बिस्तारै कमरेड भएका थिए । ती कलिला हातहरू जोसैजोसमा लालसलाम गर्न तयार भएका थिए । कसैले पनि कुनै विलम्ब नगरी लालसलाम गरेको र एकापसमा कमरेड भनेर सम्बोधन गरेको देख्दा मेरो मनले भनिरह्यो- क्रान्तिका लागि मलिलो माटो तयार छ । कार्यदिशाको बिउ पनि तयार पारेर रोपिएको छ । क्रान्तिको बाली छिट्टै फसलमा बदलिन्छ र वैज्ञानिक समाजवाद स्थापना हुन्छ ।

तालिम लिएर जनपत्रकारिता गर्न तयार भएकाहरूमा मोहन निवाड, तुलसा भाट, लक्ष्मी पाण्डे, सरला पछाई, पुष्पा रास्कोटी, रम्बा राना, मनीषा आले, विजय सारु, रोशनी राना, सृष्टि थापा, महेश काम्मु, सविता गहतराज, सुनिता सारु, सन्तोष सिँजाली, निर्मला बस्नेत क्षेत्री, दीक्षा गौतम, गोगनसिंह टमटा, प्रतीक्षा बस्याल, पूरा राना, सुमित्रा विक, कमला ओहेंगा, सुस्मिता हेमचुली, कल्पना न्यौपाने, रोशनी विकलगायत ३१ जना नै गद्‌गद देखिन्थे ।

अझ जनपत्रकार सङ्गठन पाल्पाको सम्मेलनबाट निर्वाचित अध्यक्ष मोहन निवाड, उपाध्यक्ष मनीषा आले, सचिव सौरभ रेग्मी, सहसचिव गोमनसंह टमटा, कोषाध्यक्ष अस्मिता लम्साल, र सदस्यहरूमा निर्वाचित कल्पना न्यौपाने, महेश काम्मु, निर्मला बस्नेत, पुष्पा गैरे, पूजा विक, रम्बा राना, पुष्पा रास्कोटी, विजय सारु, रोशनी राना, लक्ष्मी पाण्डे, सविता गहतराजलगायत भाइबहिनीहरूसँगै जनपत्रकार सङ्गठन पाल्पाले तालिम र सम्मेलनका लागि तयार पारेको पहिलो पोसाकमा पङ्क्तिबद्ध भएर तस्बिर खिचाउँदा किशोरावस्थाको पुनरावृत्ति भएको अनुभूति भइरहेको थियो । मैले आफूले निरंकुश पञ्चायती व्यवस्था, जनयुद्धकालीन भूमिगत अवस्था र एकीकृत जनक्रान्तिको समयमा २ वर्षे प्रतिबन्धकालको पत्रकारितालाई पनि समीक्षा गरेँ । तानसेनको बसाइका क्रममा पाल्पा दरबार, इन्द्रेणी होटलको खाना र भाइबहिनीसँग साँभसाँभ टहलिन निस्किँदा सडकछेउको भैयाको पानीपुरी, चाट र कफीको स्वादले पाल्पाको यात्रालाई असाध्यै स्मरणीय बनाइरहेका थिए । भर्खर विद्यालय सकेर कलेज भर्ना भएका किशोरी, युवती र युवकहरूको पत्रकारिता, सिर्जना र राजनीतिक आन्दोलनप्रतिको यो उत्सुकता, तत्परता, जुझारुपन र मायालु स्वभाव नजिकैबाट नियाल्दा मलाई क्रान्तिका लागि गाउँहरू तत्पर छन् भन्ने गहिरोसँग अनुभूति भयो किनभने पत्रकारिताको आधारभूत तालिम लिन आएका सबै भाइबहिनी चारै दिनमा आफूहरू पार्टीको जुनसुकै जिम्मा लिएर काम गर्न तयार रहेको बताइरहेका थिए ।

पुस ३० गते अपराह्न पाल्पा टेकेको थिएँ । तीन गते तालिम र सम्मेलन सकियो । मायाको चिनो दिएर जनपत्रकार सङ्गठन पालपाले हार्दिक अभिनन्दन पनि गऱ्यो । तालिम लिएका ३१ जना प्रशिक्षार्थी भाइबहिनीलाई आधारभूत पत्रकारिता तालिम लिएको प्रमाणपत्र प्रदान गरेर सामूहिक तस्बिर पनि खिचाइयो । चार दिनसम्मको सहयात्रा र अन्तरघुलनले आफू पनि त्यही उमेरसमूहको भएको भ्रम भइरह्यो तर त्यो केवल भ्रम थियो । म मात्र होइन, कमरेड मुक्ति, आलोक, अनिल र कमरेड भृकुटीसम्म पनि युवाजोस र जाँगर देखाइरहनुभएको थियो । समूहमै सबैभन्दा पाको उमेरको भएकाले आफू सबैको अभिभावक हुँ भन्ने छाप पनि परिरहँदो रहेछ । पाल्पाको वातावरण नै यस्तो हो कि क्या हो भनेर रमाइलो पनि गऱ्यौँ ।

चार गते कमरेड मुक्तिकै पहलमा नेपाल पत्रकार महासङ्घ पाल्पाको इन्टरनेट, कार्यालय र कम्प्युटर प्रयोग गरेर रातो खबरको काम गरियो र पत्रकार महासङ्घलाई धन्यवाद प्रदान गर्दै धेरै पुरानो शैलीको बुइँगलवाला होटेल सृष्टिमा गएर बास बसियो । मौसमी प्रतिकूलताले स्वास्थ्यलाई हुनौती दिइरहेको थियो । पाँच गते बिहानै औषधी पसलमा गएर साइनेक्सको सहारा लिइयो ।

अघिल्लो महिना करेड पुर्णबहादुर सिंहको निमन्त्रणामा जाजरकोट जानुभन्दा र त्यसभन्दा पनि पहिलेदेखि नै पार्टी केन्द्रीय सदस्य कमरेड सञ्जीवसँग प्रतापपुर यात्रा गर्ने र निर्माणाधीन जनसङ्ग्रहालय, पार्टी कार्यालय, महासचिवको निवासलगायत स्थानको अवलोकन गर्ने विषयमा कुरा भइरहेको थियो । जाजरकोट- टालेगाउँ यात्राको समय अलि लम्बिएकाले समयको चापका कारण कपिलवस्तु प्रतापपुर भ्रमण सम्भव भएन । यसपटकको यात्रालाई कपिलवस्तु, प्रतापपुरसम्म पुगेर नियात्रा बनाउने सल्लाह भएको थियो कमरेड सञ्जीवसँग । आलोकजी अघिल्लो दिन नै जहाजमार्फत काठमाडौँ पुगिसकेको खबर पाइरहेको थिएँ । जनपत्रकार सङ्गठन लुम्बिनीका प्रदेश अध्यक्ष दीपेश बिष्ट र सचिव अनिल नेपाली नेपाल पत्रकार महासङ्घ लुम्बिनी प्रदेशमा ज्ञापनपत्र बुझाउन हिजै बुटवल झरिसक्नुभएको थियो । मुक्ति गैरे, मोहन निवाडलगायत कमरेडहरू नेपाल पत्रकार महासङ्घ पाल्पामा ज्ञापनपत्र बुझाउन निस्किसक्नुभएको थियो । म भने सृष्टि होटेलको बुइँगलमा पाल्पा यात्राका उपलब्धि गमेर बसिरहेँ ।

अपराह्न मुक्तिजी र म सँगसँगै बुटवल झऱ्यौँ । दीपेशजी र अनिलजी हामीलाई नै कुरेर बसिरहनुभएको थियो । अनिलजी कामविशेषले बुटवलमै बस्नुभयो । हामी तीन भाइ साँभ परेपछि पश्चिमतिरको यात्रामा सोभियौँ । ९ बजे चन्द्रौटा पुगेर अटो रिजर्भ गरी प्रतापपुर पुग्दा बाटो अलमलियो । सञ्जीवको निर्देशन पछ्याउँदै एकजना कमरेडको सहारामा प्रतापपुर पुगेर विश्राम गरियो । प्रतापपुरमा कमरेड सञ्जीव र मुक्ति (सङ्घर्ष) का पाहुना भएर केहीबेर आगो ताप्दै छलफल गरियो ।

जाजरकोट यात्रादेखि नै छाडेको छैन यो आगोले । हामी पुग्दा काँडारहित माछाको सुप र खाना तयार भइसकेको थियो । एकैछिन आगो तापेर हामी तीनैजनाले माछाको तात्तातो सुपसँग खाना खायौँ । सञ्जीव र सङ्घर्षले हामीलाई तृप्त पारेपछि खाना खानुभयो । निर्माणाधीन जनसङ्ग्रहालयको आवासका रूपमा साढे नौ लाख रुपैयाँमा तयार भएको चारकोठे भवनमा स्लिपिड ब्यागमा आफूहरूलाई पोको पारन्जेल कमरेड सञ्जीवले प्राकृतिक चिकित्सा, आयुर्वेद र योगले आफू क्रमशः निरोगी बन्दै गएको सुनाउनुभयो । बिहान उठेर हुस्सुभित्रैबाट हामीले निर्माणस्थल अवलोकन गर्ने सल्लाह मिलायौँ । हाम्रा लागि पार्टी एचक्यूमा खाना बन्दैछ भनेर सञ्जीवले सुनाउनुभयो ।

वरिपरि वन छ । एकातिर अजम्मरी सामुदायिक बन र अर्कातिर अर्को सामुदायिक बन । बीचमा ठूलो चौर छ । कुनै समय यहाँ खेती र बस्ती थियो भन्ने बुझ्न कुनै कठिनाइ छैन तर अहिले यो ठाउँ खाली छ । खाली अर्थात् सुन्दर भविष्य बोकेको विकास निर्माणका लागि खाली छ र यही ठाउँमा बन्दैछ एसियाकै नमुना जनसङ्ग्रहालय ।

पाठकवृन्द, के तपाईंहरूले प्रतापपुरको नाउँ सुन्नुभएको छ ? पहिलाको शिवगढी र हालको शिवराज नगरपालिकामा पर्छ यो ठाउँ । वरिपरि विभिन्न सामुदायिक बनले घेरिएको यो निर्जन स्थलमा अब केही वर्षमै एसियाकै भव्य जनसङ्ग्रहालय निर्माण हुँदैछ र यो यस क्षेत्रकै महत्वपूर्ण पर्यटकीय स्थल पनि बन्दैछ ।

नेपाल कम्युनिस्ट पार्टीले आरम्भ गरेको नमुना निर्माण कार्यअन्तर्गत कपिलवस्तुको प्रतापपुरमा एक सय पचास बिघाभन्दा बढी क्षेत्रफलमा एसियाकै नमुना र भव्य जनसङ्ग्रहालय बन्दैछ भन्ने विषय धेरैलाई थाहा नहुन सक्छ तर यो सत्य हो । नेकपाले एकीकृत जनक्रान्तिकै क्रममा जनसङ्ग्रहालयसहितका दीर्घकालीन महत्वका संरचना निर्माण गर्न लागेको हो । अर्बौं रुपैयाँ लगानी हुने यस सङ्ग्रहालय क्षेत्रमा एउटा भव्य दुईतले भवन बन्नेछ र त्यसमा नेपालका १२३ जातजातिका संस्कृति झल्किने पोसाक र झाँकीहरू रहनेछन् । त्यस्तै निरङ्कुश राणाशासन, पञ्चायती शासनविरोधी आन्दोलनका सहिददेखि जनयुद्ध हुँदै एकीकृत जनक्रान्तिसम्मका करिब ११ हजार सहिदका स्मारकसहितको सहिद पार्क निर्माण हुनेछ । नेपालमा हुने सम्पूर्ण अन्नबाली, फलफूल र फूलहरूको उत्पादन गरिने भने वैज्ञानिक अध्ययन, अनुसन्धान तथा उत्पादन, माटो परीक्षण प्रयोगशाला, फन पार्क, फोहोरोसहितको माछापोखरी, कम्तीमा एक हजारजना अटाउने कभर्ड हल पनि निर्माण गर्ने महत्वाकाङ्क्षी योजना अघि सारिएको छ । नेकपाको नेतृत्वमा हुने यो योजना महत्वाकाङ्क्षी बन्नु स्वाभाविक पनि छ किनकि माओपछि कार्यदिशा विकास हुन नसकेर कम्युनिस्ट आन्दोलन मुर्भाइरहेको समयमा एकीकृत जनक्रान्तिको कार्यदिशा निर्माण गरेर क्रान्ति सञ्चालन गरिरहेको पार्टीको नेतृत्वमा निर्माण हुने सङ्ग्रहालय हो यो । क्रान्तिसँगै नमुना निर्माण अघि बढ्ने पार्टीको कार्यक्रम नै छ ।

भट्ट सुन्दा अपत्यारिलोजस्तो लाग्ने यी सम्पूर्ण संरचनाका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माणको चरणमा रहेको छ । नेकपा महासचिव विप्लवको सीधा नेतृत्व र निर्देशन रहने यी संरचना निर्माण र व्यवस्थापनका लागि चारकोठे आवाससमेत तयार भइसकेको छ जुन घरमा हामीले आजको रात बिताइसकेका छौँ । यो आवास ९ लाख रुपैयाँमा तयार भएको हो । ९ सदस्यीय व्यवस्थापन समितिका अध्यक्ष रहेका नेकपाका केन्द्रीय सदस्य अमर भाँक्री 'सञ्जीव' का अर्थात् आफ्नै पार्टीका पाहुना भएर प्रतापपुर पुगेका छौँ हामी । सञ्जीव भन्नुहुन्छ, 'नमुना निर्माणकार्यले सर्वहारा तथा श्रमिक जनतालाई स्वाधीनता र समृद्धिको वैचारिक र आर्थिक आधार तयार गर्नेछ । यसलाई सिङ्गो देशको विकासको खाका कोर्दै हाम्रो पार्टीले राष्ट्र र जनताको पूर्ण मुक्तिपछि सञ्चालन हुने वैज्ञानिक समाजवादी राज्यसत्ताको पूर्वाभ्यासका रूपमा बुझ्नु उपयुक्त हुनेछ ।'

विशाल चौरको चारैतिर घुमीघुमी निकट भविष्यमै निर्माण सुरु हुने जनसङ्ग्रहालयको खाका कोरिरहेका छौँ हामी पाँच भाइ । सञ्जीव भन्नुहुन्छ, 'यीः यतातिर राणा शासनविरुद्ध विद्रोह गर्दा बलिदान गर्ने लखन थापा, कृष्णलाल अधिकारी, गङ्गालाल, दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्रीदेखि निरङ्कुश पञ्चायती काल, जनयुद्धकाल, फासिवादी संसदीय व्यवस्था विरुद्ध एकीकृत जनक्रान्तिमा जनताका तर्फबाट बलिदान गर्ने ११ हजार सहिदका स्मारक बन्नेछन् । यतातिर सहिद उद्यानसहित देशमा रहेका १२३ जनजातिको संस्कृति झल्किने सम्पदाहरूसहित समेट्ने भवन बन्नेछ र यतातिर पानीको फोहोरासहितको माछापोखरी । यतातिर कृषि उत्पादन, देशभरको हरेक मौसममा हुने बर्खे र हिउँदे बालीनाली, यता अध्ययन-अनुसन्धानस्थल र यता कभर्डहल ।' सञ्जीव पूरै चौर घुमीघुमीकन कुन ठाउँमा के बन्छ भन्ने औँल्याइरहनुभएको छ । उहाँका कुरा सुन्दा लाग्छ, उहाँको मनभित्रचाहिँ जनसङ्ग्रहालयको पूरा खाका तयार भइसकेको छ । डीपीआर र नक्सा तयार भएपछि उहाँको मनभित्रको चित्र प्रस्ट आउनेछ । रुस, चीन, जनगणतन्त्र कोरिया, दुबईलगायत देश र स्थानमा घुम्दा मैले देखेका सङ्ग्रहालयका अनुभवहरू जनसङ्ग्रहालय निर्माणमा काम लाग्ने कमरेड सञ्जीवको बुझाइ रहेको पाएको छु ।

बृहत् जनसङ्ग्रहालयको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार हुँदै गरेको र एक सय पचास बिघाजति क्षेत्रफलमा एसियाकै नमुना र भव्य जनसङ्ग्रहालय निर्माण हुने सञ्जीवको भनाइ छ । सङ्ग्रहालय मात्र होइन, समग्र नमुना निर्माणकार्य पार्टी महासचिव विप्लवको निर्देशनमा सञ्चालन भइरहेका छन् । यतिबेला नेकपाले देशभर नमुना निर्माणकार्य र आत्मनिर्भरताका लागि उत्पादनकार्य अघि बढाएको छ । यी संरचना नेकपा महासचिव विप्लवको सीधा नेतृत्व र निर्देशनमा निर्माण हुने सञ्जीव बताउनुहुन्छ ।

जनसङ्ग्रहालय निर्माणस्थलबाट अब हामी पार्टीको केन्द्रीय सम्पर्क कार्यालय निर्माण हुँदै गरेको स्थानमा पुगेका छौँ । हामीलाई सञ्जीवले नै नेतृत्व दिइरहनुभएको छ । एक करोड १२ लाख रुपैयाँका दरले दुई करोड चौबीस लाख रुपैयाँको लागतमा दुईवटा भव्य भवन निर्माण भइरहेका छन् । झट्ट हेर्दा यी भवनको निर्माण दस करोडभन्दा कम रकममा सम्पन्न हुन सक्तैनजस्तो लाग्छ । तर पार्टीकै पहलमा बन्ने भएकाले रकम र श्रम अन्यत्रभन्दा कम लाग्ने विश्वास पार्टीको छ । यी दुई भवनमध्ये एउटा नेकपाको केन्द्रीय सम्पर्क कार्यालय हो भने अर्को नेकपाका नेताहरूका लागि आवास हो । केन्द्रीय सम्पर्क कार्यालयको शिलान्यास २०७७ साल वैशाख १ गते पार्टी महासचिव विप्लवले गर्नुभएको थियो । आधुनिक प्रविधिसहित निर्माण सम्पन्न हुने पाँचतले कार्यालय भवनमा लिफ्टको पनि व्यवस्था गरिएको छ । योसँगै ४५० जना मानिस अटाउने क्षमताको जनसभा हल पनि सँगसँगै निर्माण भइरहेको छ । 'दुवै भवनको एक-एक तलाका लागि एक करोड बाह्र लाखको लागत र १८ महिनामा तयार हुने इन्जिनियरिङ गरिएको उक्त दुवै भवन नौ महिनामा पूरा गर्ने लक्ष्य राखेका थियौँ । उक्त अवधि र लागतमा निर्धारितभन्दा बढी काम हुने देखिएको छ', जानकारी दिँदै सञ्जीव भन्नुहुन्छ ।

पार्टी केन्द्रीय सम्पर्क कार्यालयको निकटमै देखिन्छ तालजस्तो एउटा लामो संरचना । जनगणतन्त्र कोरियाको नक्साजस्तो

... बाँकी पृष्ठ ७ मा





गीत

## प्रकृति सुन्दर सिर्जनानगर माया भन् गाढा भो



– ढुण्डीराज अधिकारी

दालिङ्गे शिरमा षोडषी हिँड्छन् जनताका गीत गाउँदै
ढ्वाङछाँगा छेउमा चरीले गाउँछे पिरती लगाउँदै
घाँसदाउरा गर्छन्, डोकामा भर्छन् ग्रामीण दम्पती
गाईं र भैँसी, बोका र बाखा ठूलो छ सम्पत्ति ।

अर्थुङ्गे घारी, घाँसैको भारी बनमारा फुलेको
मभुवा बन मुजुरको नाचले मन त्यसै भुलेको
देवीथान बनमा सतीबेर घारी हरियो धँगेरो
सल्ट्यारको चौर, मिर्गको दौड रमायो मन मेरो ।


साथमा छन् हरि, स्याउलाको भारी सानुले कसेको
जङ्गली बाटो, चिप्लो छ माटो मन उतै बसेको
ढाँडचौरको मकै लैजान बेसी डोकामा ठोसेको
ज्यान फर्के पनि मन भने मेरो 'थाले' ले खोसेको ।

ती कान्छा दाजु, ढाँडचौरको घर चैतेको पँधेरो
खोरभरि बाखा, गाईभैँसी गोठमा चोरी भो मन मेरो
भुटेका मकै सिलबरे थालमा भट्मास मिसाको
पेटभरि खाइयो, छेउकुना लाइयो दोहोलो चिसाको ।

उपल्टारपारि उकालो बाटो त्यो मैनडाँडाको
प्रकृति सुन्दर सिर्जनानगर माया भन् गाढा भो
गाँडापानी र दालिङ्गे खोला कालापानी बनपाखा
तिमीलाई हेर्न, अङ्कमाल गर्न लालायित छन् आँखा ।

कविता

## खै त अधिकार ?



अनिता गजमेर
उदयपुर

साथी तिमी र ममा हेर त के फरक छ !?
आखिर हामी उस्ताउस्तै छौँ त
मेरो घरमा भोज हुँदा
तिमीलाई मेरो घरको दलान सारा तिम्रो हुने
तिम्रो घरमा भोज हुँदा
आज मेरो एउटा भौतिक शरीर तिम्रो दलानमा नअट्ने
आखिर मान्छे-मान्छेमा कति दिन गर्छौ यस्तो अपराध ?
तिम्रो शुभकार्यमा
त्यही एउटा श्रमिक दाइले बनाएको घण्ट र दियो चल्छ
दौरासुरुवाल, फरिया र चोली चल्छ
तर आज मेरो भौतिक शरीर तिम्रो दलानमा नअट्ने
चुनाव आउँदा त्यही श्रमिकहरुको आँठाछाप चल्छ
तिम्रो घरमा भोज हुँदा
तिनै श्रमिकहरु अछुत हुन्छन्
जहाँ तिम्रो सम्मान हुँदैन तिमी नजाऊ त्यहाँ
अरूले बोलेको भरमा ताली पिट्ने हैन
आफैँ बोल्ने कोसिस गर ।
सामाजिक संस्कारलाई तोड्नु छ भने
तिमीले खुट्टा कमाउने हैन
साहस र आँट गरेर
समाज रूपान्तरणमा अघि बढ्नुपर्छ ।
भोट माग्न आउँदा प्रश्न गर-
समाज रूपान्तरणका नाममा
कयौँपटक जित्यौ मेरै हातले
तिमीले भुपडी त्यागेर महल बनायौ
खै त हाम्रो यहाँ
मान्छे भएर मान्छेसरह बाँच्ने अधिकार ?

## एमसीसी र ....

जुनकुनै कारणले होस्, देशको नेतृत्व गर्न पुग्ने र पाउने राजनीतिक पार्टी र नेतृत्वको दायित्व भनेको सम्भव भएसम्म देश र जनताको हितको संरक्षण र उन्नति गर्नु हो । धेरै गर्न नसके पनि जनता र राष्ट्रप्रति घात नगर्नु हो । जुन देशहरूले उल्लेख्य मात्रामा उन्नति गरेका छन् तिनको सम्बन्ध पार्टी र नेतृत्वको देशभक्ति एवम् जनपक्षीय प्रवृत्तिसँग जोडिएको छ । तर नेपालमा विडम्बना भन्नुपर्छ, जनताले जुनसुकै कारणले होस्, जसलाई राज्यको नेतृत्व दिने गरेका छन् तिनै संसद्वादी पार्टी र नेताहरूबाट भयानक राष्ट्रघात र जनघात बेहोर्नुपरेको छ । संसद्वादीहरूभित्रबाट कैयौँ यस्ता खलनायकहरूको जन्म भएको छ जसले विदेशी मालिकको मन खुसी पार्न, स्वार्थ पूरा गर्न र आफ्नो खल्ती भर्नका लागि देशभक्तहरूकै नरसंहार गर्न, देशलाई घात गर्न तयार हुने गरेका छन् ।

संसद् भनेको निर्विकल्प र अनन्त पद एवम् थलो होइन । देशको आवश्यकता र क्रान्तिको प्रक्रियाले फेरबदल गरिरहने र भइरहने संस्था हो । अपसोच ! पाँच वर्षका लागि चुनिएको संसद्ले मनगढन्ते लहड, तुच्छ स्वार्थ, विदेशी लाभ र दबाबका कारण देशका विरुद्ध कानुन पास गरिदियो भने आउँदो पुस्ताले समेत लडेर फालिनसक्ने बोझ बोक्नुपर्ने स्थिति बन्दै आएको छ । जस्तै कोसी सम्झौता एउटा काङ्ग्रेसीको स्वार्थले भयो तर देशले लडेर पनि सजिलै फुत्किन पाएको छैन । गण्डकी र महाकाली पनि त्यस्तै भएको छ । माथिल्लो कर्णाली र अरुण तीनको अवस्था पनि त्यस्तै भइरहेको छ । एमसीसी लादियो भने त्योभन्दा पनि जब्बर हुनेमा कुनै शङ्का नगरे हुन्छ ।

यो निश्चित हो, साँगुरो पछौटेपनभन्दा भूमण्डलीकृत विश्व नै अग्रगामी र प्रगतिशील हो । विश्वमा मानव जातिले आर्जन गरेका ज्ञान, सीप र उन्नतिसँग एकाकार भएर नै सबैको विकास पनि तीव्र बन्ने हो, बनाउनुपर्छ । हामीले पनि त्यसलाई इन्कार गर्नु हुँदैन । शेरबहादुर, बाबुराम भट्टराईलगायतले यसको खुब वकालत पनि गरेका छन् तर यसो भनेर खुद्राको लोभमा गाँठ नै गुमाउने मूर्खता कहिल्यै गर्नु हुँदैन । अर्थात् एउटा बाटो र बिजुलीका लागि देशलाई नै पराईको बन्धनमा पुग्न दिने भूल गर्नु हुँदैन । अझ आजको भूमण्डलीकृत विश्व मुख्यतः पुँजीवादी भूमण्डलीकरण नै हो । यसमा पनि अमेरिकी नेतृत्वको भूमण्डलीकृत पुँजीवाद भनेको औंलो समातेर हत्केलो निल्ने प्रवृत्ति हो । उदारीकरणको हावा खडा गर्नुको उद्देश्य पनि भूमण्डलीकृत पुँजीवादलाई वैधानिकता दिने चाल नै हो । यस्तो अवस्थामा साम्राज्यवादी शक्तिकेन्द्रबाट शुद्ध सहयोग र उन्नतिको ठूलो आशा राख्नु भनेको अजिङ्गरको आहारा बन्न पुग्नु मात्र हो ।

अमेरिकाले सहयोग नै गर्ने हो भने किन यति धेरै सर्त, दबाब र स्वार्थ राखिराखेको छ ? सहयोग नै हो भने नेपाललाई सहज हस्तान्तरण किन गर्न तयार नभएको हो ! नेपाल सरकारले भ्रष्टाचार गरेर खाइदिन्छ, सदुपयोग गर्न सक्दैन भन्ने हो भने पनि एउटा अस्थायी खालको अनुगमन र नियमन गर्ने निकाय खडा गरेर गर्न सकिन्थ्यो तर कानुन नै बनाएर त्यो पनि नेपालको संविधानभन्दा पनि बलियो बनाएर पस्न खोज्नु भनेको केवल सहयोग किमार्थ होइन । यो नेपाललाई सहयोगको बहानामा आफ्नो मुठी र नियन्त्रणभित्र पार्ने हस्तक्षेप नै हो । यति तथ्य प्रस्ट हुँदाहुँदै एमसीसी र अमेरिकाका पक्षमा वकालत गर्दै हिँड्नु भनेको पैसाको लोभमा अङ्ग्रेजलाई व्यापार गर्न दिने भारतीय नबाबहरूको मूर्खताभन्दा घटिया घात हुन्छ ।

विगतदेखि जुन राजनीतिक पार्टी र नेतृत्वले देशको नेतृत्वमा पुगेर जनतालाई घात गर्ने गरेका छन् तिनले उचित समयमा जनताबाट कठोर सजाय पाउँदै आएका छन् । कैयौंको अस्तित्व नै समाप्त हुने गरेको छ । जस्तो कि चीनमा कोमिन्ताङ पार्टीले जनताको नेतृत्व लिन नसक्दा वा जनताप्रति गद्दारी गर्दा उसले अस्तित्व नै गुमाउनुपऱ्यो । भारतमा पुराना भनिने काङ्ग्रेस आई, भाकपा मार्क्सवादीले ठूलठूला सङ्कटहरू भोग्नुपरेको छ । नेपालमै पनि २०१५ सालको चुनावमा दोस्रो हैसियत बनाउन सफल प्रजापरिषद्को आज नामोनिसान छैन । २०४६ सालपछि तराईमा चर्चा कमाएको सद्भावना पार्टी आज छैन । नेपाली काङ्ग्रेसले जति गल्ती गर्ने गरेको छ सोहीअनुसार जनताबाट सजाय पनि पाउँदै आएको छ । वास्तवमा नेपाली काङ्ग्रेसले पछिल्लोपटक पाएको जनमत पनि उसले गरेका विगतका कमजोरी हेरेर नै दिएका हुन् । जनताले काङ्ग्रेसलाई तेस्रो स्थानमा पुऱ्याउनु भनेको उसलाई देशको नेतृत्व गर्ने जिम्मा दिएका छैनन् । जनमतअनुसार काङ्ग्रेसको अहिलेको हैसियत देशको नेतृत्व गर्ने हुँदै होइन तर एमाले र माकेहरूको विपरीत बुद्धिले गर्दा हैसियतबिनाको जिम्मा पाएको छ । काङ्ग्रेसको यो जिम्मा रामचन्द्र पौडेलकै भाषामा पनि तालुमा आलु फलेको मात्र हो । यसको निर्णय स्तर भनेको १ वर्ष छ महिनाको सरकार चलाउने हो । देशकै भविष्यलाई दीर्घकालसम्म प्रभाव पार्ने निर्णय लिने अधिकार छैन । यस्तो स्थितिमा एमसीसीजस्तो राष्ट्रघाती सम्झौता बलजफ्ती पास गर्न खोज्नु काङ्ग्रेसको हैसियत र अधिकार दुवै छैन । देशघाती दुष्कर्म काङ्ग्रेसले गऱ्यो भने थप कलङ्कित त हुने नै छ, नेपाली जनताबाट अकल्पनीय एवम् निर्मम सजाय पाउनेछ ।

एमसीसी लादिने सवालसँग जोडिएको अर्को पक्ष पनि त्यतिकै ध्यान दिन लायक छ- यो काङ्ग्रेसले चाहेर मात्र पास हुने अवस्थामा छैन । काङ्ग्रेसले नेतृत्व प्रदान गर्ने मात्र हो । पास हुनका लागि काङ्ग्रेसभन्दा लगभग डबल स्थान भएको एमाले वा पाँचदलीय गठबन्धनको समर्थन अनिवार्य छ । विगतमा जति पनि घातक सम्झौता भएका छन् ती अन्य राजनीतिक पार्टीहरूको साथ-सहयोगले पास हुने गरेका छन् । जस्तो कि महाकाली सन्धि पास गर्दा एमालेले साथ नदिएको भए त्यो घातक सन्धि पारित हुने थिएन । त्यसैगरी माथिल्लो कर्णाली, अरुण तीनहरू माओवादी केन्द्रको सहयोग नपाएको भए पास हुने थिएनन् । अहिले त्यही स्थानमा आश्चर्यपूर्ण रूपले कुनै बेलाका उग्रराष्ट्रवादी नेता बाबुराम भट्टराई उभिएका छन् । उनी नेपालको विकासका लागि एमसीसी ल्याउनैपर्ने बेतुकको तर्क गरिरहेका छन् । त्यसैगरी केही विज्ञ, बुद्धिजीवी भनिनेहरू पनि टुप्पी कसेर लागेका छन् । एमालेले सभामुखलाई हटाउनेसँग एमसीसीको अनुमोदन जोड्न खोजेको छ, गलत छ । काङ्ग्रेसको पछि लागेर बाबुराम-एमालेले एमसीसी पास गरेमा देशघातीको कालो टीका यिनीहरूको निधारमा नमेटिने गरी लाग्न पुग्नेछ । त्यसको दण्ड काङ्ग्रेसले जति पाउनेछ, त्यत्तिकै यसमा सहभागी हुने दल र नेताले पनि पाउनेछन् ।

एमसीसी समर्थनका पछिल्ला तर्क र पाटाहरूलाई सुन्दा यसलाई राष्ट्रको हित-अहितबाट बाहिर तान्न र प्रभावित पार्न खोजिँदैछ । गएको वर्षसम्म एमसीसीको बहस राष्ट्रिय स्वाधीनता र विदेशी हस्तक्षेपसँग जोडिएको थियो तर अहिले विश्व-भूराजनीतिको प्रभाव र राजनीतिक विचारधाराद्वारा प्रभावित पार्दै लगिएको छ । जबर्जस्ती चीन र अमेरिकासँग जोडिँदैछ जसको उद्देश्य नेपालको स्वविवेक र स्वदेशीय मुद्दालाई विस्थापित गरेर जबर्जस्ती शक्तिकेन्द्रसँग जोडेर पक्ष-विपक्षमा धकेल्ने रहेको छ । यसो भयो भने देशको साझा विषयसमेत ध्वस्त हुनेछ । हाम्रो स्वाधीनता र स्वतन्त्रता नचाहँदानचाहँदै पनि नराम्रोसँग बाँधिन पुग्नेछ ।

अनेकौं चुनौती र समस्या देखिए पनि एमसीसीविरोधी शक्ति र सङ्घर्ष निकै शक्तिशाली रहेको छ । यसका विरुद्ध राजनीतिक पार्टीहरू मात्र होइन, देशका सचेत नागरिक, बुद्धिजीवी, लेखक, साहित्यकार, कलाकार, पत्रकार, उद्योगी-व्यवसायी, कर्मचारी, सेना-प्रहरीका अधिकृत र जवान सारा रहेका छन् । यसमा थोरै भए पनि सकारात्मक पक्ष भनेको माओवादी केन्द्र, एकीकृत समाजवादी, राप्रपाहरू एमसीसी पास गर्न तयार भएका छैनन् । यी सारा शक्ति एकत्रित र केन्द्रित भएर उत्रिएमा एमसीसी पास हुनसक्ने छैन । कदाचित पास गर्ने मूर्खता देखाए भने एमसीसीका कारणले पैदा हुने विशाल ध्रुवीकरण एवम् स्वाधीनताको आँधीबेहरीले राष्ट्रघाती तत्वहरूको जरोमूलोसमेत उखेलेर मिल्काइदिनेछ ।

२० माघ, २०७८

## महासचिव विप्लवद्वारा ....

नगरपालिका वडा नं ९ मा भएको निधनले हामीलाई दुःखी बनाएको छ । मृतक नन्दी बास्तोलाप्रति हाम्रो पार्टी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।'

## जीवनमा फेरि ....

आकारमा समुद्रजस्तो रङमा देखिएको उक्त संरचना प्राकृतिक माछापोखरी हो । मैले पटकपटक कोरियको यात्रा गरेर केही लेखेकाले मलाई कोरियाको पुनस्मरण गराइदिन कमरेड सञ्जीव भन्नुहुन्छ, 'जनगणतन्त्र कोरियाको नक्साजस्तै आकारमा रहेको यो प्राकृतिक माछापोखरी नौ महिनासम्म सञ्चालनमा आउँछ ।'

दीपेशजी, मुक्तिजी, सञ्जीवजी र म पालैपालो तस्बिर खिचाउँदै धमाधम निर्माण भइरहेको पार्टी केन्द्रीय सम्पर्क कार्यालयको छतसम्म पुग्छौं र क्षितिजलाई नियाल्छौं । यो संरचनाको अवलोकन गरिसकेपछि पार्टी महासचिव कमरेड विप्लवलगायत केन्द्रीय कार्यालय (एचक्यू) का कमरेडहरूसँग भेटघाट गर्ने कार्यक्रम तय भएको छ हाम्रो । 'तपाईं पत्रकारहरूलाई आज बिहान महासचिव कमरेडसँगै खाना ख्वाउने तय भएको छ है', हाम्रो भावनाको कदर गर्दै सञ्जीव सुनाउनुहुन्छ । बन्दै गरेको पार्टीको भव्य संरचनाको अवलोकनपछि मन प्रफुल्ल बनाउँदै हामी अघि बढ्ने तयारीमा लाग्छौं । कमरेड सञ्जीवले हाम्रा लागि अटोरिक्सा मगाइदिनुभएको छ । हामी हिँड्दाहिँड्दै मेरो जिज्ञासा शान्त पार्दै कमरेड सञ्जीव भन्नुहुन्छ, 'जनताको सहभागितामा निर्मित यी संरचनाको संरक्षण जनताले गर्नेछन् ।'

## राष्ट्रघाती एमसीसी ....

गरी एमसीको विरोध गरेका छन् भने नेकपाका विभिन्न जवसले संयुक्त रूपमै प्रचण्ड र देउवाका पुतला जलाएका छन् ।

आन्दोलनरत ६ दल र दुई मोर्चाले माघ २६ गते संसद् भवन घेराउ गर्ने निर्णय गरेका छन् । आइतबार काठमाडौँमा बसेको बैठकपछि संयुक्त वक्तव्य जारी गर्दै ६ दल र दुई मोर्चाले २५ गते देशभर संयुक्त कोणसभा गर्ने, २६ गते काठमाडौँमा संसद् भवन घेराउ गर्ने र सोही दिन देशैभर जिल्ला सदरमुकामहरूमा प्रदर्शन गर्ने निर्णय गरेका थिए ।

संयुक्त वक्तव्य जारी गर्नेहरूमा नेकपाका महासचिव विप्लव, नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह, नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक आहुती, नेकपा माओवादी केन्द्र समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेल र राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष चित्रबहादुर केसी छन् ।

संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रघाती एमसीसी सम्झौताका विरुद्ध आन्दोलनरत ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको बैठक आज २०७८ माघ २३ गते नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालय बुद्धनगर काठमाडौँमा बस्यो । शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट अनुमोदन गर्न गरेको प्रयत्न नेपालको राष्ट्रिय स्वाधीनतामाथिको निर्मम प्रहार र दुस्साहस भएको ठहर गर्दै यसका विरुद्ध सशक्त आन्दोलन सृष्टि गर्न आम देशभक्त जनसमुदायहरूसँग हामी गम्भीर अपिल गर्दछौँ ।'

## महासचिवद्वारा ....

बुबा मोतीलाल घर्तीको यही माघ २१ गते बेलुका निवासमै भएको निधनले हाम्रो पार्टीलाई मर्माहत बनाएको छ । हाम्रो पार्टी मोतीलाल घर्तीप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछ र क. विषम, क. हरिकलालगायत शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।'

१९८६ साल साउनमा रुकुमको मुसीकोट नपा वडा नं ९, हिलमा जन्मिएका मोतीलाल घर्तीका चार छोरी छन् । नेकपा नेता विषमकी जीवनसँगिनी हरिकला मोतीलालकी साइँली छोरी हुन् । मौसमी भाइरल ज्वरोका कारण मोतीलालको घरमै निधन भएको हो ।

## पार्टी हितविपरित ....

बारेमा सार्वजनिक गरिएको सामग्री नक्कली भएको र अबआइन्दा यसप्रकारका भ्रामक र पार्टी हितविपरीत हर्कत नगर्न चेतावनी दिइएको छ । विज्ञप्तिमा गलत नियत र उद्देश्यले गरिएको भ्रामक र प्रायोजित सामग्रीका कारण भ्रममा नपर्न विदेशमा रहेका सम्पूर्ण नेपालीलाई आग्रह पनि गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'विदेशमा सक्रिय पार्टी समर्थक मोर्चाहरूले मानव तस्करहरूबाट ठगिएका नेपालीहरूलाई गरेको उद्धार र जनपक्षीय कार्यबाट अत्तालिएका पार्टी नीतिविरोधी तत्वले यस्तो हर्कत गरेको नेपाल कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभाग ठहर गर्दछ । गलत तथा खराब प्रवृत्तिका विरुद्धमा मोर्चाको लोकप्रियताबाट अत्तालिएका र विचलित भएका व्यक्तिहरूको गलत हर्कतबारे पार्टीले छिट्टै छानबिन गरी सत्यतथ्य बाहिर ल्याउने नै छ । विदेशमा रहेका सबै मोर्चाहरूलाई दृढतापूर्वक क्रियाशील हुन र मानवतस्करको भण्डाफोर गर्दै अलपत्र परेका नेपालीहरूलाई उद्धार र राहतमा जोडिन अपिल गर्दछौँ ।'

## राष्ट्रघाती एमसीसी ....

मिलाउन समयको माग गर्नु लज्जास्पद कुरा हो । यसप्रकारका हर्कतहरूले उनीहरूको नेतृत्वमा राष्ट्रको भविष्य अनिश्चित र अन्धकारको बाटोमा हिँडिरहेको छ भन्ने तथ्य पुनर्पुष्टि भएको छ ।'

नेता कञ्चनले वक्तव्यमा भनेका छन्, 'अहिले पनि सरकारमा भएका पार्टीहरूले कथित कूटनीतिका नाममा स्पष्ट दृष्टिकोण पेस गर्न सकेका छैनन् । एमसीसी सम्झौतामा सुधार गरिएमा लागू गर्ने प्रतिबद्धता जाहेर गरिरहेका छन् जब कि नेपालसँग गरिएको सम्झौतामा केही बुँदामा तलमाथि गरिए पनि आईपीएस संलग्नता कुनै पनि हालतमा परिवर्तन हुनेछैन जुन कुरा नेपालको अहिलेसम्मको परराष्ट्र नीतिका विरुद्ध खडा हुन्छ । त्यसमाथि अमेरिकी अधिकारीहरूले बारम्बार उक्त सम्झौतामा कुनै फेरबदल हुन नसक्ने बताइरहेको अवस्थामा वक्तव्यबाजी गर्दै फेरबदलका लागि एमसीसीले प्रतिबद्धता जनाएको भन्ने अभिव्यक्ति दिनु नेपाली जनतालाई गुमराह गर्नु र कुनै पनि बेला जनताको आँखा छलेर संसद्बाट पास गराउने षड्यन्त्र हुन सक्छ ।'

वक्तव्यमा नेकपा सचिवालय सदस्य कञ्चनले भनेका छन्, 'यसप्रकारको जनविरोधी, राष्ट्रका विरुद्ध ढाँटछल गर्ने र आत्मसमर्पणवादी प्रवृत्तिको हाम्रो पार्टी तीव्र विरोध गर्दछ । उक्त राष्ट्रघाती सम्झौताका विरुद्ध देशका राजनीतिक पार्टीहरू, राजनीतिक व्यक्तित्वहरू, जनवादी शक्तिहरू, बुद्धिजीवी, किसान, मजदुर, विद्यार्थीलगायत विभिन्न समुदायबाट भएको सङ्घर्षप्रति पूर्ण ऐक्यबद्धता जाहेर गर्दै यसको पूर्ण खारेजीसम्म आन्दोलन विकास गर्न हार्दिक अपिल गर्दछ ।'

## पेट्रोलियम पदार्थको ....

जनाएका छन् ।

यसअघि नेकपा निकट जवस/मोर्चाले दाङलगायत देशव्यापी कोणसभा, नेपाल आयल निगमका कार्यालय र डिपोहरू घेराउ गर्नुका साथै देशव्यापी प्रचारप्रसार कार्यक्रम सम्पन्न गरिसकेका छन् ।

मूल्यवृद्धिविरुद्ध नेकपा निकटका संयुक्त जवस/मोर्चाले देशव्यापी अन्तरक्रिया कार्यक्रम आयोजना गरेका छन् भने माघ २६ गते देशव्यापी जनप्रदर्शन गर्ने जनाएका छन् ।

यस्तै नेपाल कम्युनिस्ट पार्टी कञ्चनपुरका संयुक्त जनवर्गीय सङ्गठनहरूले सरकारले गरेको अनुचित मूल्यवृद्धि खारेजीको माग राख्दै जिल्लाको मुख्य बजार क्षेत्र महेन्द्रनगर पूर्व-पश्चिम राजमार्गमा एक घन्टा चक्काजाम गरेको छ । नेपाल सरकारले महिनैपिच्छे र हरेक साता जनजीविका प्रभावित हुने गरी गरिएको मूल्यवृद्धि फिर्ता लिन आग्रह गर्दै साङ्केतिक विरोध प्रदर्शन गरेको नेकपाले जनाएको छ ।

उक्त विरोध प्रदर्शन कार्यक्रम समापनका क्रममा कोणसभालाई सम्वोधन गर्दै नेकपा भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी) सुदूरपश्चिम प्रदेश समिति इन्चार्ज प्रकाश जप्रेलले अनुत्तरदायी ढङ्गले जनताका जनजीवन, भावना र आकाङ्क्षालाई कुठाराघात हुने बदनियतपूर्ण तरिकाले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि तत्काल खारेज गरिनुपर्ने बताए । मूल्यवृद्धि गर्ने निर्णय तत्काल खारेज नगरे नेकपा कडा सङ्घर्षमा उत्रने उनले बताए ।

नेकपा निकट जवस/मोर्चाले हेटौँडामा पनि चक्काजाम गरेको छ । सरकारले जनताको मागविपरीत पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिविरुद्ध आइतबार जनवर्गीय सङ्गठनले संयुक्त रूपमा चक्काजाम गरेका हुन् । हेटौँडास्थित पूर्वपश्चिम राजमार्गको सडकखण्डमा चक्काजाम गरिएको हो । चक्काजामको समयमा विभिन्न सवारी साधनमा यात्रा गरिरहेका सम्पूर्ण यात्रुले समर्थन जनाएका थिए । कार्यक्रममा अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा मकवानपुरका जिल्ला इन्चार्ज विवेक घलानले जनताको स्तरबाट पटकपटक खबरदारीसहित मूल्यवृद्धि खारेजीको माग गर्दा पनि सरकारले टेरपुच्छर नलगाएको भन्दै आक्रोश व्यक्त गरे । पेट्रोलियम पदार्थमा पटकपटक गरिएको मूल्य वृद्धिविरुद्ध विरोध प्रदर्शन तथा चक्काजाम कार्यक्रम एउटा साङ्केतिक कार्यक्रम मात्रै भएको बताउँदै उनले तत्काल जनताको मागअनुसार मूल्यवृद्धि खारेज नगरे कडा सङ्घर्षमा उत्रने चेतावनीसमेत दिए । चक्काजाम कार्यक्रमको सञ्चालन युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा मकवानपुरका जिल्ला अध्यक्ष किरण अर्यालले गरेका थिए ।

नेपाल कम्युनिस्ट पार्टी जिल्ला उदयपुरको संयुक्त जनवर्गीय सङ्गठनहरूले सरकारले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि खारेजीको माग राख्दै जिल्लाको पूर्वपश्चिम मदन भण्डारी राजमार्गअन्तर्गत त्रियुगा नगरपालिका, कटारी नगरपालिका, बेलाका नगरपालिकाको मुख्य बजार क्षेत्रमा एक घन्टा चक्काजाम गरे छ । सरकारले जनताको दैनिक जीवनमा प्रभावित हुने गरी पटकपटक गरेको मूल्यवृद्धि फिर्ता लिन आग्रह गर्दै साङ्केतिक विरोध प्रदर्शन गरिएको हो । उक्त विरोध प्रदर्शनमा नेकपाका जवस मोर्चाका नेता-कार्यकर्ताहरूलाई प्रहरी प्रशासनले रोक्न खोजे पनि त्यसलाई प्रतिकार गर्दै मूल्यवृद्धिविरुद्ध नाराबाजी गर्दै एक घन्टा सबै सवारीसाधन रोकेर ठप्प पारिएको थियो ।

त्यस्तै नेपाल कम्युनिस्ट पार्टी निकट जवस/मोर्चाहरूले रुकुम पश्चिममा पनि १ घन्टा चक्काजाम गरेका छन् । जिल्ला सदरमुकाम खलङ्गामा आइतबार बिहान १० बजेदेखि ११ बजेसम्म उक्त कार्यक्रम गरिएको हो । पेट्रोलियम पदार्थको मूल्यवृद्धि र महँगीविरुद्ध केन्द्रीय कार्यक्रमअनुसार रुकुम पश्चिममा पनि उक्त कार्यक्रम गरिएको हो ।

यस्तै नेपाल कम्युनिस्ट पार्टी सल्यानले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि विरुद्ध एक घन्टा चक्काजाम गरेको छ । जनताका आधारभूत विषयहरूमा जिम्मेवार बन्नुको सट्टा सरकारले जनताको ढाड सेक्ने गरी साबिकको बिक्रीमूल्यमा पेट्रोल र डिजल प्रतिलिटर रु ३ बढाएर अब पेट्रोलको प्रतिलिटर रु १४२ र मट्टीतेलको प्रतिलिटर रु १२५ कायम गरेको छ भने आन्तरिक हवाई इन्धनमा प्रतिलिटर रु १० बढाएको छ । त्यसकै विरोधमा नेकपाले देशव्यापी आन्दोलन गर्दै आएको छ ।

यसै क्रममा मधेस प्रदेशको जनकपुरमा पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धिविरुद्ध नेकपाको जवसले एक घन्टा चक्काजाम गरेका छन् ।

मधेस प्रदेशको राजधानी जनकपुरको पिडारीचोकमा नेपाल कम्युनिस्ट पार्टीका भ्रातृ सङ्गठन जवस/मोर्चाले संयुक्त केन्द्रीय कार्यक्रमअनुसार पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोध गर्दै चक्काजाम गर्दा स्थानीय बासिन्दाको पनि उल्लेखनीय सहभागिता र समर्थन रहेको थियो ।

यसैगरी नेकपाका जवस/मोर्चाले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिविरुद्ध रूपन्देहीको सैनामैना, रामापुर कलोनीचोकमा एक घन्टा चक्काजाम गरेका छन् । पूर्वपश्चिम राजमार्गअन्तर्गत कलोनी बजारमा गरेको चक्काजामका क्रममा यातायातका सम्पूर्ण साधन बन्द भएका थिए ।

जिल्ला सेक्रेटरी विश्वासलगायत जवस/मोर्चाका नेता-कार्यकर्ताहरूको उपस्थिति रहेको चक्काजाममा इन्धनमा गरिएको मूल्यवृद्धिविरुद्ध नाराबाजी गर्दै मूल्यवृद्धि तत्काल फिर्ता गर्नुपर्ने माग गरेका थिए । चक्काजामपछि कोणसभालाई सम्बोधन गर्दै राष्ट्रिय थारू मुक्ति मोर्चा नेपालका महासचिव नवीन थारूले राज्यले जनताको ढाड सेक्ने गरी इन्धनमा मूल्यवृद्धि गरेको भन्दै त्यो तत्काल फिर्ता गर्नुपर्ने बताए । मूल्यवृद्धिले जनताको जीवनमा नकरात्मक प्रभाव पारेको भन्दै थारूले मूल्यवृद्धिले चौतर्फी असर पारेको बताए । उनले देश तस्करी, माफिया र भ्रष्टाचारीहरूको हातमा भएको भन्दै यसका विरुद्ध सङ्घर्षको विकल्प नभएको पन बताए ।

देशभर आयोजित चक्काजाम कार्यक्रममा जवस मोर्चाहरू युवा सङ्गठन नेपाल, अखिल (क्रान्तिकारी), अनेमसङ्घ क्रान्तिकारी, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ, राष्ट्रिय थारू मुक्ति मोर्चा नेपाल, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारी, श्रमिक समुदाय मोर्चा नेपाल, मगर मुक्ति मोर्चा नेपाललगायत सङ्गठनको सहभागिता रहेको जनाइएको छ ।

## साम्राज्यवादी तथा ....

नेपाली जनतामा लोकप्रिय हुँदै गएको छ । यो लोकप्रियताले आत्तिएका, डराएका, साम्राज्यवादी र दलाल पुँजीवादी तत्वका एजेन्टहरूको कुप्रचार मात्र हो । यसमा भ्रमित नहुन म सबैलाई आग्रह गर्दछु ।'

केही अनलाइनहरूले 'प्रकाण्ड एमाले प्रवेश गर्दै' भन्ने भ्रमपूर्ण समाचार प्रकाशित गरेका थिए । उनले भ्रमपूर्ण समाचार प्रकाशित गर्ने मिडिया र पत्रकारलाई यस्तोखालको पत्रकारिता नगर्न चेतवानी दिँदै सचेत गराउँदागराउँदै पनि नसुध्रिएमा जनताले कारबाही गर्ने चेतावनी पनि दिए ।


**कोभिड–१९ (कोरोना भाइरस) संक्रमणको अवस्था पछिल्लो समय बढ्दै गइरहेको कारण विभिन्न पर्व तथा भेला समारोह नगरी स्वास्थ्य सावधानीका साथ मनाउनुहुन अनुरोध गर्दछौँ । साथै यदि कसैलाई ज्वरो आउने, रुघाखोकी लाग्ने, जिउ गल्ने, श्वास फेर्न गाह्रो हुने, पखाला लाग्ने, स्वाद तथा गन्ध हराउने जस्ता लक्षण चिन्हहरु देखा परेमा तुरुन्तै चिकित्सक वा नजिकैको स्वास्थ्य संस्थामा परामर्श लिन अनुरोध गर्दछौँ । कोभिड–१९ विरुद्ध खोप लगाईसकेका व्यक्तिहरुलाई गम्भीर बिरामी हुने जोखिम कम भए पनि संक्रमण हुने जोखिम रहिरहन्छ ।**

- **कोभिड–१९ विरुद्ध पूर्ण खोप लगाऔँ आफू र आफ्नो परिवारलाई कोभिड–१९ रोग लाग्नबाट बचाऔँ ।**
- **जनस्वास्थ्यको मापदण्डको कडा रुपमा पालना गरौँ, गराऔँ र कोभिडको संक्रमणबाट बचौँ र बचाऔँ ।**
- **कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौँ ।**

**२ नं. वडा कार्यालय**
**हेटौँडा उपमहानगरपालिका, मकवानपुर**

# क्रान्तिकारी यातायात मजदुर सङ्घ गठन

**चितवन ।**

नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घ रत्ननगर नगरपालिका १४ नं. वडामा अवस्थित पवन ढुवानीमा कार्यरत यातयात मजदुरको भेलाले अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घ पवन ढुवानी एकाइ समिति गठन गरेको छ । हीरा विकको अध्यक्षतामा गठित समिति १५ सदस्यीय रहेको बताइएको छ ।



उक्त भेलाका प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका विशेष समिति सदस्य तथा मजदुर प्रयाक्सन इन्चार्ज ध्रुवले वर्तमान अवस्थामा राज्यले यातायात मजदुरहरूमाथि नागरिकको जस्तो व्यवहार नगरेको र सेवासुविधाबाट वञ्चित गरेकाले मजदुरहरू सङ्गठति हुँदै आफ्नो अधिकारका लागि वर्गीय मुक्तियुद्ध लड्नुपर्ने बताए ।

कार्यक्रमको अध्यक्षता एकाइ अध्यक्ष हीरा विकले र सञ्चालन महासङ्घका जिल्ला संयोजक ओम लामिछानेले गरेका थिए । भेलामा चितवन मजदुरका जिल्ला इन्चार्ज हुकुम खड्कालगायत बोलेका थिए ।


## काठमाडौं महानगरपालिकाको अनुरोध

- घरबाट निस्केको फोहोरलाई घरमै तह लगाऔं ।
- घरबाट निस्कने जैविक फोहोरबाट घरमा नै मल बनाऔं ।
- अजैविक फोहोरमैलालाई पुनः प्रयोग गरी आय आर्जन गरौं ।

साथै काठमाडौं महानगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधाप्रति कुनै गुनासो भएमा सम्पर्क नं. ४२२७२४० मा सम्पर्क गरौं ।

"कर तिरौं महानगरको सेवामा चासो राखौं" "सांस्कृतिक शहर काठमाडौं महानगर"

**काठमाडौं महानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय, हरिभवन
सुन्धारा, बागमती प्रदेश, काठमाडौं

नेपाल सरकार
भौतिक पूर्वाधार तजा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
**पुल योजना मध्य क्षेत्र सेक्टर नं. २**
चाकुपाट, ललितपुर

**राजमार्गमा अवस्थित/निर्माणाधीन पुलहरु उपभोग गर्ने सम्बन्धी सार्वजनिक अनुरोध**

- पुल न्यूनतम १ (एक) किलोमिटरको दूरी तल/माथिबाट ढुंगा, गिट्टी, बालुवा, माटो आदि कुनैपनि किसिमको निर्माण सामग्री उत्खनन् गर्ने कार्य नगरौं ।
- तोकिएको भारवहन क्षमताभन्दा बढीका मालवाहक सवारी साधनहरु पुलमाथिबाट नगुडाऔं ।
- पुलमाथि (Deck Slab मा) मालवाहक क/सवारी साधन पार्किङ गर्ने तथा धुने/पखाल्ने आदि कार्य नगरौं ।
- पुलमाथि (Deck Slab मा) वा त्यस वरिपरी कुनैपनि सामग्री नराखौं/नथुपारौं ।
- पुलको बार (Railing) मा क्षति पुग्ने कुनैपनि कार्य नगरौं ।
- पुल तथा नदिको वरिपरी फोहोमैला गर्ने कार्य नगरौं ।
- पुलमा क्षति पुग्नेगरी कसैले कुनै कार्य गरेको जानकारी भएमा तुरुन्त सम्बन्धित निकाय वा नजिकैको सुरक्षा निकायमा खबर गरौं ।
- राजमार्ग तथा तिनमा अवस्थित पुलहरु हामी सबैको साझा सम्पत्ति हो, यसको संरक्षण गरौं ।

**योजना प्रमुख**






## उदयपुरगढी गाउँपालिकाको कार्यालयद्वारा गाउँपालिकाबासी जनसमुदायहरुलाई अनुरोध

१. गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा, मालपोत दस्तुर व्यवसायकर आदि समयमै बुझाउँ ।
२. घटना घटेको ३५ दिन भित्रका व्यक्तिगत घटना दर्ता गरौं ।
३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग पुऱ्याउन ।
४. आफ्नो घर आँगनबाट उत्पादन भएको फोहरहरुलाई व्यवस्थापन गरौं ।
५. इजाजतपत्र लिएर मात्र व्यापार व्यवसाय गरौं । उपभोक्तालाई आचारसंहिता पालना गराऔं ।
६. बालबालिकालाई काममा होइन विद्यालय पठाउँ ।
७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाउँ ।
८. कृषिको व्यवसायीकरण गरौं । खाद्य सम्प्रभुता र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं ।
९. किसानलाई सम्मान गरौं जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

**उदयपुरगढी गाउँपालिकाको कार्यालय**
उदयपुरगढी, उदयपुर
अध्यक्ष मान ब. केछामी मगर
कार्यकारी अ. माधव सुवेदी मो.नं. ९८५२८३५२७८

## कोरोना भाइरसबाट बच्ने उपायहरु






**रास्कोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय**
आर.सी.पी. ५, कालीकोट, कर्णाली प्रदेश, नेपाल
"कृषि, पर्यटन, सहरीकरण र बिधुतको पूर्वाधार–सुन्दर, सम्बृद्ध र उज्यालो रास्कोटको आधार"


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं